निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/- Pages-8

वर्ष २०: अङ्क: २७६, वि.सं. २०८३, असोज २५ गते, आइतवार, ११ अक्टोबर, २०२६ | POSTAL REGD NO. WB/SKM/119/2024-2026 | RNI NO.SIKNEP/2007/21386 | 11 OCTOBER, 2026, SUNDAY, GANGTOK

रम्फूमा दुईदिने सदभावना सम्मेलन आरम्भ

भौतिक ज्ञान र आध्यात्मिक ज्ञानको समन्वयबाट मात्र मानव समाजको विकास सम्भव छः सतपालजी महाराज

परम शान्ति केवल अध्यात्मद्वारा सम्भव छः मुख्यमन्त्री

रम्फू, १० अक्टोबरः रम्फूस्थित खेल मैदानमा मानव उत्थान सेवा समिति उत्तर पूर्वाञ्चल क्षेत्र एवं समितिको सिक्किम राज्य समितिद्वारा आयोजित दुईदिने सद्भावना सम्मेलनमा परम पूज्य सद्गुरुदेव श्री सतपालजी महाराज, विभुजी महाराज तथा मुख्यमन्त्री पीएस गोलेले अध्यात्म, मानवता, राष्ट्रिय एकता, सद्भावना र विश्वशान्तिको महत्त्वमाथि प्रकाश पारे। मानव उत्थान सेवा समितिको आयोजनामा सम्पन्न उक्त सम्मेलनले आध्यात्मिक चेतनाको जागरणसँगै समाजमा प्रेम, भाइचारा, सहिष्णुता र पारस्परिक सद्भाव अभिवृद्धि गर्ने सन्देश प्रवाह गरेको छ।

आध्यात्मिक जागरणमार्फत राष्ट्र निर्माणमा युवाहरूको भूमिका सम्बन्धमा सम्मेलनलाई सम्बोधन गर्दै परम पूज्य विभुजी महाराजले युवाहरूलाई आध्यात्मिक क्रान्तिमा सहभागी भएर राष्ट्रिय एकता, सद्भावना र मानव कल्याणको भावनासहित राष्ट्र निर्माणमा योगदान पुऱ्याउन आह्वान गरे। उनले युवाशक्ति राष्ट्रको अमूल्य सम्पत्ति भएको उल्लेख गर्दै युवाहरूमा सकारात्मक सोच, नैतिक मूल्य, अनुशासन, सेवा भावना र आध्यात्मिक चेतनाको विकास हुन आवश्यक रहेको कुरो बताए।

श्री बिभूजी महाराजका अनुसार राष्ट्रको समृद्धि भौतिक विकास र आर्थिक उन्नतिमा मात्र सीमित नभएर त्यसका लागि नागरिकको चरित्र निर्माण, मानवीय संवेदना, आपसी विश्वास र सामाजिक उत्तरदायित्व पनि उत्तिकै महत्त्वपूर्ण हुन्छन्। ''आध्यात्मिक ज्ञानले मानिसलाई आफ्नो वास्तविक स्वरूप बुझ्न, अरूको सम्मान गर्न र समाजप्रति जिम्मेवार बन्न प्रेरित गर्दछ। यसैले युवाहरूले आपसी मतभेद र विभाजनभन्दा माथि उठेर एकता, सद्भाव र मानवताको मार्ग अवलम्बन गर्नुपर्छ।''

श्री विभुजी महाराजले युवाहरूमा आध्यात्मिक चेतना जागृत भएमा उनीहरू व्यक्तिगत जीवनमा अनुशासित बन्नुका साथै समाजमा सकारात्मक परिवर्तनका संवाहकसमेत बन्न सक्ने धारणा व्यक्त गरे। मानव सेवाको भावनालाई आत्मसात् गर्दै राष्ट्रको सामाजिक तथा सांस्कृतिक एकता सुदृढ़ बनाउन युवाहरू अग्रसर हुनुपर्ने उनले बताए।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री एवं सम्मेलनका मुख्य अतिथि पीएस गोलेले परम पूज्य सद्गुरुदेव श्री सतपालजी महाराजले अध्यात्मको माध्यमबाट सिक्किमका जनतामाझ पुऱ्याउँदै आएको असीम कृपा, आशीर्वाद र आध्यात्मिक सन्देशप्रति हार्दिक आभार व्यक्त गरे।

उनले सद्गुरुदेव महाराजजीको उपस्थितिले मानिसहरूमा आध्यात्मिक चेतना, नैतिक मूल्य र मानव सेवाप्रतिको भावना अभिवृद्धि गर्न महत्त्वपूर्ण प्रेरणा मिलेको बताए। समाजमा शान्ति, प्रेम र सद्भाव कायम राख्न आध्यात्मिक शिक्षाको भूमिका उल्लेखनीय रहने बताउँदै यस्ता सम्मेलनले विभिन्न समुदायबीच आपसी समझदारी, एकता र भाइचाराको भावना बलियो बनाउन सहयोग पुऱ्याउने धारणा राखे। मुख्य अतिथिले भौतिक समृद्धिले स्थायी परम शान्ति र आनन्द प्राप्त हुन नसक्ने परम शान्ति केवल अध्यात्मद्वारा सम्भव हुने कुरो जनाउनुभयो। उनले श्री महाराजजी जस्ता आध्यात्मिक महान् पुरुष जस्ता व्यक्तित्वले राजनीतिमा संलग्न भएर जन सेवाको कार्य गरिरहेकोमा खुशी व्यक्त गर्दै महाराजजीजस्ता महा मानवहरूले राजनीतिमा नेतृत्व दिए देश समृद्ध बन्ने बताए।

मुख्यमन्त्रीले आध्यात्मिक मूल्य र मानवीय संवेदनालाई जीवनमा आत्मसात् गर्दै समाजको समग्र विकासमा अघि बढ्नुपर्ने सन्देश दिए। भौतिक विकाससँगै नैतिकता, अनुशासन, सामाजिक उत्तरदायित्व र मानवीय सद्भावलाई पनि महत्त्व दिन सके मात्र समृद्ध तथा शान्त समाज निर्माण गर्न सकिने भाव उनको सम्बोधनमा अभिव्यक्त भएको थियो साथै सद्गुरुदेव श्री सतपालजी महाराजले सिक्किमको जनसमुदायमा पुऱ्याउँदै आएको आध्यात्मिक मार्गदर्शनप्रति उनले पुनः कृतज्ञता प्रकट गरे।

सम्मेलनको प्रमुख आकर्षणका

➡रहल पृष्ठ ७ मा

सीजेपीको प्रदर्शनमा ३५०० भन्दा बढ़ी हिरासतमा

भारत अघोषित 'इमरजेन्सी' को स्थितिमा छः सोनाम वाङ्चुक

नयाँ दिल्ली, १० अक्टोबरः दिल्ली पुलिसको कठोर पहलकमदीका कारण ककरोच जनता पार्टी (सीजेपी)–का प्रदर्शनकारी साँझ ५:०० बजीससम्म जन्तर–मन्तरसम्म पुग्न सकेनन्। पुलिसले सीजेपीका नेतृत्वगण अभिजीत दीपके, सौरव दास र आशुतोष राङ्कालाई बिहान नै हवाईअड्डाबाट हिरासतमा लियो।

पार्टीले बिहान १०:०० बजी जन्तर–मन्तरमा प्रदर्शन डाकेको थियो। समर्थकले भने, ''यहाँ पुग्ने प्रयास पनि गऱ्यौँ, तर कैयौँ ठाउँमा तीनदेखि पाँच तहको ब्यारिकेडिङको कारण अघि बढ्न दिइएन।'' अहिलेसम्म ३५०० मानिसलाई हिरासतमा लिएको छ। यसअवधि ममता ब्यानर्जी, अरविंद केजरीवाललाई पनि हिरासतमा लिइएको छ।

पुलिससँग झड़पका एक–दुईवटा मामिला प्रकाशमा आएका छन्। प्रदर्शनकारीले ब्यारिकेडिङ पनि तोड़े। आकाशवाणी भवन नजिक ढुङ्गा प्रहार गरियो, जसले गर्दा दुईजना पुलिसकर्मी घाइते भए।

सीजेपीले मतदाता सूचीमा गड़बड़ी र एसआईआरको विरोधमा मुख्य चुनाउ आयुक्त ज्ञानेश कुमारको राजीनामाको मागलाई लिएर जन्तर–मन्तरमा प्रदर्शनको आह्वान गरेको थियो।

सोनाम वाङ्चुकले दिल्लीमा शनिवार सीजेपी प्रदर्शनअवधि ठूलो सङ्ख्यामा मानिसहरूलाई पक्राउ गरिएको विषयलाई गलत बताउँदै यसलाई 'इमरजेन्सी' जस्तै अवस्था बताए। उनले भने, ''भारत अघोषित इमरजेन्सीको स्थितिमा छ। मैले हिजो आजको विरोध प्रदर्शनमा एकता र शान्तिको निम्ति अपील गर्दै एउटा सन्देश पोस्ट गर्दा मैले विश्वको सबैभन्दा ठूलो लोकतन्त्र एक अघोषित आपातकालको चरणबाट गुज्रिन्छ भनेर सोचेको थिइनँ। यो आन्दोलनको नेतृत्व गर्न यति धेरै नेता उपस्थित छन् भनेर मलाई खुशी छ, तर उनीहरू सबैलाई पक्राउ गरेको सुन्दा दुःख लागेको छ। मलाई आशा छ, पक्रा परेका मानिसहरूलाई शीघ्रै छोड़िनेछ। यदि उनीहरूलाई भोलिसम्म रिहा गरिएन भने म अनशन वा पदयात्रा गर्न विवेश हुनेछु।''

जन्तर-मन्तरमा विरोध प्रदर्शनमा सहभागी एसडीएफका युवा नेताहरू पक्राउ

गान्तोक, १० अक्टोबर (हिस)ः राजधानी नयाँ दिल्लीको जन्तर–मन्तरमा आयोजित विरोध प्रदर्शनमा सहभागी हुन पुगेका सिक्किम प्रजातान्त्रिक मोर्चा (एसडीएफ)–का युवा नेताहरूलाई शनिवार प्रशासनले पक्राउ गरेको छ। एसडीएफ पार्टीले १० अक्टोबरमा जारी गरेको प्रेस विज्ञप्तिमार्फत यस घटनाबारे जानकारी दिएको हो।

विज्ञप्तिमा सरकार तथा व्यवस्थाप्रति असहमति, असन्तुष्टि र विरोध व्यक्त गर्न नागरिकहरूका लागि निर्धारित जन्तर–मन्तरमा पार्टीले पनि शान्तिपूर्ण रूपमा सहभागी हुने निर्णय गरेको उल्लेख गरिएको छ। पार्टीले विरोध प्रदर्शनमा सहभागी हुन पुगेका आफ्ना युवा नेताहरूलाई प्रशासनले प्रदर्शनस्थलबाटै पक्राउ गरेको जनाएको छ।

एसडीएफले भनेको छ, ''लोकतन्त्रमा जनताले व्यवस्थालसई आफ्ना सुझाउ, असन्तुष्टि, विमति र विरोध जनाउन पाउनुपर्छ। सिक्किमेली मतदाताहरू चुनिएका प्रतिनिधिप्रति सन्तुष्ट छैनन्। उनीहरू चुनाउ प्रक्रियामा संलग्न व्यक्ति, व्यवस्था तथा प्रयुक्त यन्त्र आदिमा विश्वस्त छैनन्। आफ्ना मत विपरीत चुनावी परिणामले सिक्किमेली जनता चकित छन्। यसै मुद्दालाई उठाएर राजधानी दिल्लीमा डाकिएको महाविरोध प्रदर्शनमा जनमत र जनतन्त्रको पक्षधरहरू भेलिनु नियमित स्वभाविकता हो।'' एसडीएफले भनेको छ, ''दिल्लीका प्रशासनले यसरी आफना नितान्त प्रजातान्त्रिक विरोध प्रदर्शनमा रहेका प्रदर्शनकारीलाई पक्राउ गर्नु देशको राजधानीमा सत्तावाद हाबी हुनु हो। सत्तावादले लोकतान्त्रलाई अस्वीकार गर्छ। एसडीएफ सो पक्राउ कार्यको घोर भत्सर्ना जनाउँदछ।''

एसडीएफले पार्टीको वरिष्ठ उपाध्यक्ष, युवा प्रभारी तथा उत्तर सिक्किमका सङ्गठन प्रभारी कर्मा टाशी भोटिया, नाम्ची जिल्लाका महासचिव तथा युवा प्रभारी रिवाज लिम्बू र सोरेङ जिल्ला समितिका युवा प्रभारी इजाक लिम्बूलाई दिल्ली प्रशासनले पक्राउ गरेको बताएको छ।

प्रजातान्त्रिक असङ्गठित श्रमिक सङ्गठनको पञ्जीकरण

खरसाङ, १० अक्टोबर (हिस)ः खरसाङमा प्रजातान्त्रिक असङ्गठित श्रमिक सङ्गठनको पञ्जीकरण गरिएको छ। खरसाङ तथा वरिपरिका क्षेत्रमा दैनिक श्रम गरेर जीविकोपार्जन गर्ने श्रमिकहरूले कार्यक्षेत्रमा भोग्नुपरिरहेका विभिन्न समस्याको समाधान गर्ने उद्देश्यले सङ्गठनको पञ्जीकरण गरिएको बताइएको छ।

भागोप्रमो टाउन कमिटीका अध्यक्ष वीरबल पाख्रीनको अगुवाइमा केन्द्रिय अध्यक्ष अनित थापासँग भेटघाट गरी श्रमिकहरूका समस्याबारे जानकारी गराइएको थियो। सो क्रममा अनित थापाले आवश्यक सहयोग गर्दै सङ्गठनको पञ्जीकरण गरिदिने आश्वासन दिएका थिए। सोही आश्वासनअनुरूप पहल गर्दै पञ्जीकरण प्रक्रिया पूरा गरिएको हो।

खरसाङस्थित भागोप्रमो महकुमा कार्यालयमा आयोजित कार्यक्रममा महकुमा समितिका अध्यक्ष प्रणाम रसाइली, टाउन कमिटीका उपाध्यक्ष सन्तोष परियार तथा सचिव राजु सेवाको विशेष उपस्थिति रहेको थियो।

कार्यक्रममा टाउन कमिटीका अध्यक्ष वीरबल पाख्रीनले सञ्चालन गर्दै पञ्जीकृत संस्थाको महत्त्व तथा संस्थाका लागि आवश्यक सामग्रीबारे जानकारी गराए। त्यसपछि महकुमा समितिका अध्यक्ष प्रणाम रसाइलीका बाहुलीबाट प्रजातान्त्रिक असङ्गठित श्रमिक सङ्गठनका अध्यक्ष सरण विश्वकर्मा तथा सचिवलाई पञ्जीकरण प्रमाण–पत्र हस्तान्तरण गरियो।

सङ्गठनको पञ्जीकरणसँगै खरसाङ तथा वरिपरिका क्षेत्रमा कार्यरत असङ्गठित श्रमिकहरूका समस्या समाधान गर्न थप पहल हुने अपेक्षा गरिएको छ।

सिक्किमे जनताले भाजपाका वाचाहरूको आलोचनात्मक रूपमा समीक्षा गर्नुपर्छः एसपीसीसी

● इजाबेला गुरुङ

पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै एसपीसीसी अध्यक्ष गोपाल छेत्री।

गान्तोक, १० अक्टोबरः सिक्किम प्रदेश कङ्ग्रेस कमिटी (एसपीसीसी)–ले भाजपाका सिक्किम प्रभारी तथा दार्जीलिङका लोकसभा सांसद राजु विष्टको राजनीतिक पृष्ठभूमिमाथि प्रश्न उठायो भने भाजपाले यस क्षेत्रका जनतासँग घरीघरी वाचा गरे तापनि ती पूरा नगरेको आरोप लगायो।

पार्टीले सिक्किमको क्षेत्रीय पहिचान र विशेष संवैधानिक हैसियतको मुद्दामा पनि चिन्ता व्यक्त गऱ्यो। यस क्रममा उनीहरूले छिमेकी राज्यहरूको सिमानासम्बन्धी एउटा प्रस्तावको उल्लेख गरे, जुन सिक्किम सरकारका मुख्य आर्थिक सल्लाहकार तथा सिक्किम मामिलाका विज्ञ प्रो. महेन्द्र पी लामाले तयार पारेको बताइन्छ।

लामाले छिमेकी राज्यहरूको सिमानासम्बन्धी एउटा प्रस्ताव तयार पारेका थिए, जसले सिक्किममा ठूलो विरोध निम्त्यायो। ''उनी आफ्नो भनाइबाट पछि हटे तापनि राजु विष्टले सिक्किम र दार्जीलिङबीच कुनै विलयको प्रस्ताव नरहेको दाबी गरेका छन्; तर जनतामाझ पारदर्शिता कायम गर्न केन्द्र सरकारले श्वेत पत्र र आधिकारिक सूचना जारी गर्नुपर्छ''–पार्टीले भन्यो।

सिक्किमको संवैधानिक सुरक्षाको महत्त्वमा जोड़ दिँदै एसपीसीसीले भन्यो, ''धारा ३७१एफ राज्यको पहिचान र विशिष्ट संवैधानिक स्थितिको रक्षाका लागि आधारभूत महत्त्वको विषय हो। धारा ३७१एफ अन्तर्गत सिक्किमले विशेष दर्जा प्राप्त गरेको छ, जुन भारतीय संविधानभित्रैको एउटा 'लघु–संविधान' जस्तै हो; यसलाई कमजोर पार्ने कुनै पनि प्रयासको

➡रहल पृष्ठ ७ मा

दोस्रो राज्यस्तरीय विद्यार्थी विधानसभा सत्रमा छनोट विद्यार्थीहरूलाई जनाइयो स्वागत

गान्तोक, १० अक्टोबरः सिक्किम सरकारको विद्यार्थी कल्याण बोर्ड (एसडब्ल्यूबी)–ले दोस्रो राज्यस्तरीय विद्यार्थी विधानसभा सत्रमा भाग लिन शनिवार गान्तोक आइपुगेका सिक्किमभरिका विभिन्न कलेजबाट छनोट भएका विद्यार्थी प्रतिनिधिहरूलाई स्वागत जनाएको छ।

विद्यार्थी कल्याण बोर्डका अध्यक्ष तथा सदस्य, आईटीएस सदस्य डा. नीरज अधिकारी, मुख्यमन्त्रीका विशेष कर्तव्य अधिकारी रिवाज छेत्री, संस्कृति विभागकी अध्यक्ष भीमकुमारी शर्मा तथा एसकेएम विद्यार्थी शाखाका कार्यकारी सदस्यहरूको उपस्थितिमा एक अन्तरक्रियात्मक स्वागत कार्यक्रम आयोजना गरियो। यस कार्यक्रमले सहभागी विद्यार्थीहरूलाई विशिष्ट व्यक्तिहरूसँग अन्तरक्रिया ➡रहल पृष्ठ ७ मा

इक्फाई विश्वविद्यालयको १९औँ दीक्षान्त समारोह सम्पन्न

युवाहरूले विवेकपूर्ण ढङ्गमा तक्निकको उपयोग गरेर देशलाई नयाँ उँचाइमा लैजानुपर्छः राज्यपाल

गान्तोक, १० अक्टोबरः चिन्तन भवनमा शनिवार आयोजित इक्फाई विश्वविद्यालयको १९औँ दीक्षान्त समारोहमा राज्यपाल ओम प्रकाश माथुर कुलाध्यक्ष (भिजिटर)–को रूपमा सामेल भएका छन्।

दीक्षान्त समारोहमा विशिष्ट अतिथिका रूपमा देशका सुप्रसिद्ध चिकित्सा विशेषज्ञ, एआईजी हस्पिटल्सका संस्थापक तथा अध्यक्ष र पद्म विभूषण, पद्म भूषण तथा पद्मश्रीले सम्मानित डा. दुव्वुर नागेश्वर रेड्डीसहित विश्वविद्यालयका कुलाधिपति डा. ओआरएस राव र उपकुलपति डा. जगन्नाथ पटनायक पनि उपस्थित रहेका थिए।

समारोहको शुरुआत एक अकादमिक शोभा यात्राका साथ भयो, त्यसपछि राज्यपालले विधिवत रूपमा दीक्षान्त समारोहको शुभारम्भको घोषणा गरे। यसअवधि विश्वविद्यालयका मेधावी विद्यार्थीहरूलाई राज्यपालद्वारा स्वर्ण पदक तथा डिग्री प्रदान गरेर सम्मानित गरे र उनीहरूको उज्ज्वल भविष्यको कामना गरे।

यस अवसरमा समाजका विभिन्न क्षेत्रमा उत्कृष्ट योगदान दिने विशिष्ट मानिसहरूलाई मानद उपाधि तथा अन्य सम्मानले पनि सम्मानित गरियो।

राज्यपालले विश्वविद्यालयको दीक्षान्त समारोहको अवसरमा युवाहरूलाई सम्बोधित गर्दै भने, ''शिक्षाको असली उद्देश्य डिग्री हासिल गर्नु मात्रै होइन, चरित्र निर्माण, बुद्धिको विकास र सामाजिक एवं

➡रहल पृष्ठ ७ मा

प्रधानमन्त्री मोदीले आज चेन्नईमा विकासी/ परियोजनाको उद्घाटन र शिलान्यास गर्ने

नयाँ दिल्ली, १० अक्टोबर (हिस)ः प्रधानमन्त्री नरेन्द्र मोदीले आइतवार तमिलनाडुको राजधानी चेन्नईको भ्रमण गर्ने क्रममा १३ हजार करोड़ रुपियाँभन्दा बढ़ीका विभिन्न विकास परियोजनाको उद्घाटन तथा शिलान्यास गर्नेछन्। यी परियोजनामा मेट्रो रेल, राष्ट्रिय राजमार्ग, रेलवे, बन्दरगाह, पेट्रोलियम र शिक्षा क्षेत्रका योजनाहरू समावेश छन्।

प्रधानमन्त्री कार्यालय अनुसार, मोदीले चेन्नई मेट्रो रेलको दोस्रो चरण अन्तर्गत पुनमल्लीह्वडापलानी खण्डको उद्घाटन गर्नेछन्। लगभग ४,९०० करोड़ रुपियाँको लागतमा निर्माण गरिएको यस खण्डमा ३.७ किलोमिटर लामो दोहोरो तले संरचना पनि छ। चालकविहीन सञ्चालनका लागि उपयुक्त आधुनिक सङ्केत प्रणाली जड़ान गरिएको यस खण्ड सञ्चालनमा आएपछि पश्चिमी उपनगर र चेन्नईको मध्य भागबीचको सम्पर्क सुधारिने तथा यात्राको समय घट्ने अपेक्षा गरिएको छ।

प्रधानमन्त्रीले तमिलनाडुमा लगभग ३,७०० करोड़ रुपियाँका राष्ट्रिय राजमार्ग परियोजनाको शिलान्यास तथा केही परियोजनाको उद्घाटन गर्नेछन्। यसमा राष्ट्रिय राजमार्गह्व७४४ को वडुगपट्टीह्वथेरकुवेङ्गनल्लुर खण्डको ३६ किलोमिटर लामो चार लेन सड़क र मदुरै रिङ रोडको ३० किलोमिटर लामो चार लेन सड़क समावेश छन्। उनले राष्ट्रिय राजमार्गह्व८३ को नागपट्टिनमह्वतञ्जावुर खण्डमा तिरुवारुर बाइपासको पनि शिलान्यास गर्नेछन्। यी परियोजनाले यातायात सहज बनाउनुका साथै जाम घटाउन र क्षेत्रीय सम्पर्क सुदृढ़ गर्न मद्दत गर्ने अपेक्षा छ।

मोदीले ७५० करोड़ रुपियाँभन्दा बढ़ीका रेलवे पूर्वाधार परियोजना राष्ट्रलाई समर्पण गर्नेछन्। यसमा कराइकलह्वपेरलम रेलमार्ग र कोयम्बटुर तथा वरपरका क्षेत्रमा निर्माण गरिएका तीन रेल उड़ानपुल समावेश छन्। साथै, अमृत भारत स्टेशन योजना अन्तर्गत पुनर्विकास गरिएका पलानी, वेल्लोर क्यान्टोनमेन्ट, अम्बासमुद्रम, परमकुडी र नमक्कलका पाँच रेलवे स्टेशनको उद्घाटन गर्नेछन्।

बन्दरगाह क्षेत्रमा चेन्नई, कामराजर र वी.ओ. चिदम्बरनार बन्दरगाहसँग सम्बन्धित विभिन्न परियोजनाको उद्घाटन तथा शिलान्यास गरिनेछ। चेन्नई बन्दरगाहमा पक्का भण्डारण क्षेत्र, चार आयातह्वनिर्यात गोदाम, आधुनिक क्रुज टर्मिनल र नाविक क्लबको उद्घाटन हुनेछ। वी.ओ. चिदम्बरनार बन्दरगाहका आठ प्रमुख विकास परियोजनाले मालसमान तथा कन्टेनर व्यवस्थापन क्षमता बढ़ाउन र ढुवानी व्यवस्थालाई प्रभावकारी बनाउन सहयोग गर्नेछ। कामराजर बन्दरगाहमा कोइला बर्थह्व३ को उद्घाटन तथा कन्टेनर टर्मिनलको पहिलो चरणको दोस्रो खण्डका लागि पुँजीगत ड्रेजिङ कार्यको शिलान्यास गरिनेछ।

प्रधानमन्त्रीले चेन्नई पेट्रोलियम कर्पोरेसन लिमिटेडको मनाली स्थित तेल प्रशोधन केन्द्रमा स्नेहक आधार तेल उत्पादन परियोजनाको शिलान्यास पनि गर्नेछन्। लगभग १,६२० करोड़ रुपियाँ लागतको यस परियोजनाको वार्षिक उत्पादन क्षमता २ लाख ७० हजार मेट्रिक टन हुनेछ। यसबाट भारतमा उच्च गुणस्तरका स्नेहक उत्पादन गर्न समूहह्व२ र समूहह्व३ श्रेणीका आधार तेल उत्पादन गरिनेछ।

मोदीले भारतीय प्रविधि संस्थान मद्रासमा स्थापित 'सुधा गोपालकृष्णन ब्रेन सेन्टर' राष्ट्रलाई समर्पण गर्नेछन्। उनले यस केन्द्रको विश्वव्यापी वैज्ञानिक अभियान पनि शुरु गर्नेछन्। यस अन्तर्गत भ्रूण अवस्थादेखि वृद्धावस्थासम्म मानव जीवनका विभिन्न चरणका १०० भन्दा बढ़ी मस्तिष्कको कोषस्तरीय त्रिआयामिक नक्सा तयार गरिनेछ। यस अवसरमा 'सीह्वस्ट्रोक' नामक मानव मस्तिष्कको रक्तप्रवाह अवरुद्ध हुने अवस्था सम्बन्धी नक्सा पनि सार्वजनिक गरिनेछ। यसमा पक्षाघातबाट प्रभावित मस्तिष्कका एक हजारभन्दा बढ़ी पहिचान गरिएका सूक्ष्म खण्ड समावेश छन्, जसले अनुसन्धानकर्तालाई उपचारका नयाँ लक्ष्य पहिचान गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ। प्रधानमन्त्री चेन्नई स्थित जयगोपाल गरोडिया हिन्दु विद्यालयको स्वर्ण जयन्ती समारोहमा पनि सहभागी हुनेछन् र सभालाई सम्बोधन गर्नेछन्। विद्यालयले शिक्षाको क्षेत्रमा पुऱ्याएको पाँच दशकको योगदानलाई यस समारोहले चिह्नित गर्नेछ। कार्यक्रम अनुसार, मोदी बिहान लगभग ११:३० बजी पुनमल्ली बाइपास स्टेशनबाट मेट्रो रेलमा यात्रा गर्नेछन्। त्यसपछि दिउँसो लगभग १२:१५ बजे चेन्नईको जालकण्डेश्वर मन्दिरमा दर्शन तथा पूजा गर्ने र भारतीय प्रविधि संस्थान मद्रासको मस्तिष्क केन्द्रको भ्रमण गर्नेछन्। दिउँसो लगभग १:३० बजी विकास परियोजना सम्बन्धी कार्यक्रममा सहभागी भएपछि अपराह्न ३ बजी विद्यालयको स्वर्ण जयन्ती समारोहमा उपस्थित हुनेछन्।

दिल्ली–उत्तर प्रदेश सीमामा कड़ा घेराबन्दी, सयौँ मानिस नजरबन्द

नोएडा, १० अक्टोबर (हिस)ः प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामाको माग गर्दै ककरोच जनता पार्टी (सीजेपी) ले आज दिल्लीको जन्तर–मन्तरमा गर्न लागेको विरोध प्रदर्शनलाई ध्यानमा राख्दै गौतमबुद्ध नगर पुलिस बिहानैदेखि सतर्क रहेको छ। दिल्ली जाने मार्गहरूमा निगरानी बढाइएको छ। नोएडाबाट दिल्ली जाने सबै सडकमा अवरोधक राखेर कड़ा घेराबन्दी गरिएको छ। पुलिसले एक–एकवटा सवारीसाधन जाँच गरिरहेको छ भने अधिकांश सवारीसाधनलाई सीमाबाटै फर्काइँदै छ। शनिवार दिल्लीका ४५ वटा मेट्रो स्टेसन बन्द गरिएको थियो। यसले आवागमनमा पूर्ण रूपमा असर पऱ्यो। प्रदर्शनका कारण राष्ट्रिय राजधानी क्षेत्र (एनसीआर) का औद्योगिक, वाणिज्यिक, सूचना प्रविधि तथा व्यावसायिक प्रतिष्ठानहरू पनि प्रभावित भएका छन्। दिल्लीबाट नोएडा र नोएडाबाट दिल्ली दैनिक रूपमा कामका लागि आवत–जावत गर्छन्। दिल्लीका कारखाना, पसल, व्यापारिक प्रतिष्ठान तथा विभिन्न मन्त्रालयमा काम गर्ने धेरै मानिस नोएडामा बसोबास गर्छन्। उनीहरूको आवत–जावतसमेत लगभग ठप्प भएको छ। नोएडा पुलिसले दिल्ली पुलिससँग समन्वय गरेर विभिन्न सीमामा सघन जाँच अभियान सञ्चालन गरिरहेको छ। यसैबीच, गौतमबुद्ध नगर पुलिसले भारतीय नागरिक सुरक्षा संहिता, २०२३ को धारा १६३ दस दिनका लागि लागू गरेको छ। दिल्ली–नोएडाका सबै सीमा क्षेत्रमा शुक्रवार रातिदेखि नै सुरक्षा कडा पारिएको छ। प्रदर्शनकारीहरूले भरिएका बसहरू सीमासम्म आइपुगेमा तिनलाई फर्काउन थप तयारी गरिएको छ। त्यस्ता बसहरू आएमा पुलिसले सीमाबाटै फर्काउने जनाएको छ। आज आपतकालीन सेवा तथा अन्य अत्यावश्यक कामका लागि दिल्ली जाने व्यक्तिहरूलाई मात्र अगाडि बढ्न दिइँदै छ। दिल्ली जान चाहने चालकहरूले आफ्नो यात्राको ठोस कारण खुलाउनुपर्ने भएको छ। शुक्रवारदेखि शनिवार बिहानसम्म विभिन्न सङ्गठन तथा राजनीतिक दलसँग आबद्ध करिब दुई हजार मानिसलाई नोएडा पुलिसले विभिन्न स्थान र उनीहरूकै घरमा नजरबन्द गरेको छ। अपर पुलिस आयुक्त (कानुन व्यवस्था) राजीव नारायण मिश्रले प्रदर्शनलाई ध्यानमा राख्दै बाहिरबाट सशस्त्र पुलिस बल (पीएसी) का दुई कम्पनी ल्याइएको जानकारी दिएका छन्। जिल्लाकै एउटा कम्पनीसमेत गरी पीएसीका तीन कम्पनीलाई जिल्लाका विभिन्न स्थानमा तैनाथ गरिएको उनले बताए।चाडपर्व तथा परीक्षालाई ध्यानमा राख्दै जिल्लामा अक्टोबर १० देखि २० सम्म धारा १६३ लागू गरिएको पनि उनले जानकारी दिए।

दिल्लीमा हुन लागेको प्रदर्शनलाई ध्यानमा राख्दै दादरी रेलवे स्टेसनमा पनि सतर्कता बढाइएको छ। शनिवार बिहानैदेखि टिकट आरक्षण काउन्टर बन्द गरिएका छन्। काउन्टरमा प्राविधिक समस्या भएको सूचना टाँसिएको छ। यागराजबाट बिहान आइपुग्ने एक्सप्रेस रेलसमेत रद्द गरिएको छ। यद्यपि, यस विषयमा रेलवेका कुनै पनि अधिकारीले प्रतिक्रिया दिन चाहेका छैनन्। स्टेसन मास्टर हेमन्त कुमारका अनुसार, अहिलेसम्म स्टेसनको प्रवेशद्वार बन्द गरिएको छैन र यात्रुहरूलाई पनि रोकिएको छैन। सीजेपीको प्रदर्शनका कारण शनिवार दिल्लीका केही मेट्रो स्टेसन बन्द गरिएका छन्। तर, नोएडामा भने यसको प्रभाव परेको छैन। यहाँका मेट्रो स्टेसनहरूमा यात्रुहरूले सामान्य दिनमा जस्तै सेवा प्रयोग गरिरहेका छन्। ब्लू लाइन र म्याजेन्टा लाइनका नोएडा क्षेत्रमा १३ वटा स्टेसन छन् भने नोएडालाई ग्रेटर नोएडासँग जोड्ने एक्वा लाइनमा २१ वटा स्टेसन छन्।

नोएडा वा नोएडा–ग्रेटर नोएडालाई जोड्ने मेट्रो मार्गका कुनै पनि स्टेसन बन्द नगर्ने निर्णय गरिएको छ। अधिकारीहरूका अनुसार, नोएडा सीमासँग जोजिड़िएका न्यू अशोक नगर र कालिन्दी कुञ्ज मेट्रो स्टेसन भने बन्द रहनेछन्। सीजेपीको प्रदर्शनलाई ध्यानमा राख्दै नोएडा पुलिसले सामाजिक सञ्जालको निगरानीका लागि दुईवटा टोली गठन गरेको छ। ती टोलीहरूले सामाजिक सञ्जालका विभिन्न माध्यममा प्रकाशित भइरहेका पोस्ट तथा सन्देशमाथि निगरानी गरिरहेका छन्। विशेषगरी पुलिसले आपत्तिजनक वा सामाजिक वातावरण बिगार्न सक्ने ठानेका सामग्रीमाथि निगरानी केन्द्रित गरेको छ। भ्रामक सूचना, उत्तेजक सन्देश तथा अफवाह फैलिने गतिविधिलाई नियन्त्रण गर्नु यसको उद्देश्य रहेको प्रहरीले जनाएको छ। यस्ता सामग्री फेला परेमा तथ्य जाँच गरी नियमानुसार कारबाही गरिने पुलिसले स्पष्ट पारेको छ।

दिल्ली पुग्नेबित्तिकै सीजेपी प्रमुख अभिजीत दीपके पुलिस हिरासतमा

नयाँ दिल्ली, १० अक्टोबर (हिस)ः जन्तर–मन्तरमा प्रदर्शन गर्न दिल्ली पुगेका ककरोच जनता पार्टी (सीजेपी) का संस्थापक अभिजीत दीपकेलाई विमानबाटै पुलिसले हिरासतमा लिएको छ। उनीसँगै सौरभ दास र आशुतोष राङ्कालाई पनि हिरासतमा लिइएको छ। सीजेपीका कार्यकर्तालाई कुनै पनि हालतमा जन्तर–मन्तर जान नदिन दिल्ली पुलिस सतर्क रहेको छ।

शनिवार जन्तर–मन्तरमा हुने प्रदर्शनमा सहभागी हुन दीपके, सौरभ र राङ्का मुम्बई विमानस्थलबाट दिल्लीका लागि प्रस्थान गरेका थिए। दिल्लीस्थित इन्दिरा गान्धी अन्तरराष्ट्रिय विमानस्थलमा उनीहरूलाई विमानबाट ओर्लन नदिई त्यहीँबाट हिरासतमा लिइएको हो। यस घटनासम्बन्धी एउटा भिडियो सामाजिक सञ्जालमा तीव्र रूपमा फैलिरहेको छ।

अभिजीतले आफू पक्राउ पर्नकै लागि दिल्ली आएको बताएका छन्। यसमा दिल्ली पुलिसका जवानहरूले भने, होइन, यो पक्राउ होइन। कृपया सहयोग गर्नुहोस्।

यसअघि दिल्ली पुलिसले सीजेपीको आज प्रस्तावित प्रदर्शन शुरु हुनुअघि चर्चित युट्युबर ध्रुव राठीलाई पनि हिरासतमा लिएको थियो। हालै जर्मनीबाट भारत फर्किएका राठीलाई हरियाणाको गुरुग्रामस्थित उनको निवासबाट हिरासतमा लिइएको हो। दिल्ली पुलिस बिहान करिब ७ बजेर ४८ मिनेटमा गुरुग्रामको सेक्टर ५६ स्थित सेन्ट्रल पार्क विहारमा रहेको उनको घरमा प्रवेश गरेको थियो। उक्त घरमा राठीको परिवार बस्दै आएको छ। प्राप्त जानकारीअनुसार, राति नै दिल्ली प्रहरीका करिब ५० जना जवान सादा पोसाकमा उनको घरबाहिर तथा आसपासका क्षेत्रमा तैनाथ भएका थिए। प्रदर्शनमा सहभागी हुन राठी केही दिनअघि जर्मनीबाट भारत फर्किएका थिए। ध्रुव राठी चर्चित युट्युबर, सामाजिक सञ्जालका प्रभावशाली व्यक्तित्व तथा राजनीतिक र सामाजिक टिप्पणीकार हुन्। उनी समसामयिक घटनाक्रम, सामाजिक–राजनीतिक विषय, वातावरण र इतिहासजस्ता विषयमा विश्लेषणात्मक भिडियो निर्माण गर्नका लागि परिचित छन्। उनको जन्म ८ अक्टोबर, १९९४ मा हरियाणाको रोहतकमा भएको थियो। उनका पिता इन्जिनियर र आमा शिक्षिका हुन्। उच्च शिक्षा हासिल गर्न उनी १७ वर्षको उमेरमा जर्मनी गएका थिए। उच्च शिक्षा पूरा गरेपछि राठीले सन् २०१४ मा आफ्नो युट्युब च्यानल शुरु गरेका थिए। शुरुमा उनले आइफोनको सहयोगमा यात्रा सम्बन्धी भिडियो बनाएर सार्वजनिक गर्थे। त्यसपछि उनले देश तथा विदेशका गम्भीर राजनीतिक, आर्थिक र सामाजिक विषयलाई सरल भाषामा तथ्याङ्क तथा चित्राङ्कनको माध्यमबाट व्याख्या गर्न थाले। तथ्य जाँच र शैक्षिक जानकारीमा आधारित उनको प्रस्तुतिलाई दर्शकहरूले रुचाएका थिए। उनले भारतीय दर्शकलाई लक्षित गर्दै तमिल, तेलुगु र बङ्गालीलगायत विभिन्न क्षेत्रीय भाषामा समेत युट्युब च्यानल सञ्चालन गरेका छन्। उनका सबै डिजिटल माध्यममा करोडौँ अनुयायी छन्।

केजरीवाल र ममता ब्यानर्जीसहित विपक्षी नेताहरू पक्राउ

नयाँ दिल्ली, १० अक्टोबरः निर्वाचन आयोग र मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारविरुद्धको प्रदर्शनका क्रममा पुलिसले पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बनर्जीसहित तृणमूल कांग्रेस (टीएमसी) का सांसदहरूलाई हिरासतमा लिएको छ। दिल्ली पुलिसले विभिन्न स्थानबाट विपक्षी नेता तथा प्रदर्शनकारीहरूलाई नियन्त्रणमा लिएको छ भने राजधानीका विभिन्न क्षेत्रमा सुरक्षा जाँच र आवागमनमा कडाइ गरेको छ। यसरी नै प्रदर्शनका क्रममा आम आदमी पार्टी (आप) का संयोजक अरविन्द केजरीवाललाई पुलिसले हिरासतमा लिएको छ। दिल्लीस्थित केरल भवनबाहिर विरोध प्रदर्शन गरेपछि केरलका पूर्वमुख्यमन्त्री पिनराई विजयन र भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का सांसद जोन ब्रिटासलाई पनि पुलिसले हिरासतमा लिएको छ। सांसद ब्रिटासले पुलिसले आफूहरूलाई एउटा स्थानबाट अर्को स्थानमा लैजाँदै गरेको तर कहाँ लैजान लागेको हो भन्ने जानकारी नदिएको आरोप लगाएका छन्। उनका अनुसार, पूर्वमुख्यमन्त्री विजयन, केरल विधानसभाका विपक्षी दलका नेता, पूर्वअर्थमन्त्री तथा माकपा नेता केएन बालगोपाल र आफूलाई पुलिसको गाडीमा राखेर दिल्लीका विभिन्न स्थानमा घुमाइएको थियो। ब्रिटासका अनुसार, पुलिसले उनीहरूलाई छत्रसाल स्टेडियम पुर्याएको थियो। त्यहाँ करिब ३० देखि ४५ मिनेट राखेपछि फेरि पुलिसको गाडीमा राखेर अन्यत्र लैजान थालिएको उनले मोबाइल लाइभ बताए। त्यसपछि आफूहरूलाई कहाँ लैजान लागिएको हो भन्ने जानकारी नभएको उनको भनाइ थियो।

दिल्लीमा एकपछि अर्को विपक्षी नेताहरू हिरासतमा परेपछि राजनीतिक तनाव बढेको छ। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा माग र निर्वाचन प्रक्रियासम्बन्धी विवादले प्रदर्शनलाई थप राजनीतिक महत्त्व दिएको छ। यसअघि ममता ब्यानर्जी, तृणमूल कङ्ग्रेसका सांसदहरू तथा अन्य विपक्षी नेताहरूलाई पनि पुलिसले नियन्त्रणमा लिएको थियो । पुलिसले हिरासतमा लिएका नेताहरूको अवस्था, उनीहरूलाई नियन्त्रणमा लिनुको औपचारिक कारण र रिहाइसम्बन्धी विस्तृत विवरण अझै आइसकेको छैन।

२० हजार पुलिस तैनाथ

मतदाता सूचीमा अनियमितता भएको आरोप लगाउँदै निर्वाचन आयोगका प्रमुखलाई पदमुक्त गर्न माग गरी हुने प्रदर्शन अवधिमा नयाँदिल्लीमा २० हजारभन्दा बढी पुलिस तथा अर्धसैनिक सुरक्षाकर्मी परिचालन गरिएको छ। भारतको निर्वाचन आयोगले मतदाता सूचीको 'विशेष गहन पुनरावलोकन' प्रक्रिया अघि बढाएपछि यसै महिना विरोध प्रदर्शन चर्किएको हो। आयोगले दोहोरो नाम भएका र अयोग्य मतदातालाई हटाउन प्रक्रिया सञ्चालन गरिएको बताएको छ।

तर, विपक्षी दल तथा आलोचकहरूले प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) लाई फाइदा पुग्ने गरी मतदातालाई मतदानको अधिकारबाट वञ्चित गर्न खोजिएको आरोप लगाएका छन्।

रेल–मेट्रो र इन्टरनेट सेवा ठप्प

सुरक्षालाई ध्यानमा राख्दै इण्डिया गेटको आसपास ४ किलोमिटर क्षेत्रमा शुक्रबार राति १० बजेदेखि आज (शनिवार) राति १० बजेसम्मका लागि इन्टरनेट सेवा पूर्ण रूपमा बन्द गरिएको छ। रेलमार्ग र मेट्रो प्रभावित: नयाँ दिल्ली र हजरत निजामुद्दीन स्टेसन आउने–जाने करिब २५० वटा मेल तथा एक्सप्रेस ट्रेनहरू रद्द गरिएका छन् भने ४५ वटा मेट्रो स्टेसनहरू बन्द गरिएका छन्। व्यापक सुरक्षाकर्मी र डिटेनसन सेन्टर: जंतर–मन्तर, कनट प्लेस र जनपथ रोड क्षेत्रमा जवानसहित करिब ३८ हजार सुरक्षाकर्मी परिचालन गरिएको छ भने स्थिति नियन्त्रणका लागि १० वटा डिटेनसन सेन्टरहरू बनाइएको छ। कडा निगरानी र बसभित्रै बेहोस भएको आरोप: सम्पूर्ण क्षेत्रमा सीसीटाभी, ड्रोन र उच्च सुरक्षा टोलीबाट निगरानी भइरहेको छ।

सोनाम वाङ्चुकले दिए चेताउनी

नयाँ दिल्ली, १० अक्टोबरः 'ककरोज जनता पार्टी' (सीजेपी) ले जन्तरमन्तरमा आयोजना गर्ने विरोध प्रदर्शनलाई ध्यानमा राख्दै दिल्लीमा करिब ३ हजार जनालाई हिरासतमा लिइएको छ। शनिवार राजधानी दिल्लीमा हिरासतमा लिइएकाहरूमा दिल्लीका पूर्वमुख्यमन्त्री अरविन्द केजरीवाल, तृणमूल कङ्ग्रेसकी ममता ब्यानर्जी र अल इन्डिया स्टुडेन्ट्स एसोसिएसनकी नेहा बोरा पनि छन्। जन्तरमन्तर आसपास पत्रकारहरूलाई समेत हिरासतमा लिइएको खबर आएको छ।

सामाजिक सञ्जालमा सार्वजनिक भएका तस्बिर र दृश्यमा हिरासतमा लिइएका पत्रकारहरू बसभित्रबाट आफ्ना परिचयपत्र देखाउँदै गरेको देखिएका छन्। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारविरुद्ध जन्तरमन्तरमा प्रस्तावित विरोध प्रदर्शनअघि दिल्ली विमानस्थलमा ओर्लिएपछि सीजेपीका अभिजीत दिपके, सौरव दास र आशुतोष रङ्कालाई हिरासतमा लिइएको थियो। त्यसपछि पुलिसले व्यापक कारबाही गर्दै ममता ब्यानर्जी, आम आदमी पार्टीका अरविन्द केजरीवाल र अल इन्डिया स्टुडेन्ट्स एसोसिएसनकी नेहा बोरासहित अन्य नेताहरूलाई पनि हिरासतमा लिएको छ।जलवायु अभियन्ता सोनाम वाङ्चुकले दिल्लीमा सीजेपीको विरोध प्रदर्शनअघि हिरासतमा लिइएका नेताहरूलाई आइतवारसम्म रिहा नगरिए आफूले भोक हडताल वा पदयात्रा गर्न सक्ने चेतावनी दिएका छन्। भारतको वर्तमान अवस्थालाई अघोषित आपत्कालको संज्ञा दिँदै वाङ्चुकले विरोध प्रदर्शनअघि आफूले एकता र शान्तिको अपिल गरेको बताए। तर, आन्दोलनसँग जोडिएका नेताहरूलाई गिरफ्तार गरिनेछ भन्ने आफूले कहिल्यै नसोचेको उनको भनाइ थियो।

जन्तर–मन्तरमा प्रदर्शनमा सहभागी हुन जर्मनीबाट आएका युट्युबर ध्रुव राठी हिरासतमा

नयाँ दिल्ली, १० अक्टोबर (हिस)ः दिल्ली पुलिसले राजधानीको जन्तर–मन्तरमा शनिवार प्रस्तावित ककरोच जनता पार्टी (सीजेपी) को प्रदर्शन शुरु हुनुअघि चर्चित युट्युबर ध्रुव राठीलाई हिरासतमा लिएको छ। हालै जर्मनीबाट भारत फर्किएका राठीलाई हरियाणाको गुरुग्रामस्थित उनको निवासबाट हिरासतमा लिइएको हो।

दिल्ली पुलिस बिहान करिब ७ बजेर ४८ मिनेटमा गुरुग्रामको सेक्टर ५६ स्थित सेन्ट्रल पार्क विहारमा रहेको उनको घरमा प्रवेश गरेको थियो।

उक्त घरमा राठीको परिवार बस्दै आएको छ। प्राप्त जानकारीअनुसार, राति नै दिल्ली पुलिसका करिब ५० जना जवान सादा पोसाकमा उनको घरबाहिर तथा आसपासका क्षेत्रमा तैनाथ भएका थिए। प्रदर्शनमा सहभागी हुन राठी केही दिनअघि जर्मनीबाट भारत फर्किएका थिए। ध्रुव राठी चर्चित युटच्युबर,सामाजिक सञ्जालका प्रभावशाली व्यक्तित्व तथा राजनीतिक र सामाजिक टिप्पणीकार हुन्। उनी समसामयिक घटनाक्रम, सामाजिक–राजनीतिक विषय, वातावरण र इतिहासजस्ता विषयमा विश्लेषणात्मक भिडियो निर्माण गर्नका लागि परिचित छन्। उनको जन्म ८ अक्टोबर, १९९४ मा हरियाणाको रोहतकमा भएको थियो। उनका पिता इन्जिनियर र आमा शिक्षिका हुन्। उच्च शिक्षा हासिल गर्न उनी १७ वर्षको उमेरमा जर्मनी गएका थिए। उच्च शिक्षा पूरा गरेपछि राठीले २०१४ मा आफ्नो युट्युब च्यानल शुरु गरेका थिए। शुरुमा उनले आइफोनको सहयोगमा यात्रा सम्बन्धी भिडियो बनाएर सार्वजनिक गर्थे। त्यसपछि उनले देश तथा विदेशका गम्भीर राजनीतिक, आर्थिक र सामाजिक विषयलाई सरल भाषामा तथ्याङ्क तथा चित्राङ्कनको माध्यमबाट व्याख्या गर्न थाले। तथ्य जाँच र शैक्षिक जानकारीमा आधारित उनको प्रस्तुतिलाई दर्शकहरूले रुचाएका छन्। उनले भारतीय दर्शकलाई लक्षित गर्दै तमिल, तेलुगु र बङ्गालीलगायत विभिन्न क्षेत्रीय भाषामा समेत युट्युब च्यानल सञ्चालन गरेका छन्। उनका सबै डिजिटल माध्यममा करोडौँ अनुयायी छन्। उनको मुख्य युट्युब च्यानलमा मात्रै चार करोड़भन्दा बढी सदस्य रहेको बताइएको छ।

सीजेपीको विरोध प्रदर्शनलाई समर्थन गर्नुअघि मुम्बईमा तुषार गान्धी पुलिस हिरासतमा

मुम्बई, १० अक्टोबर (हिस)ः मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमार विरुद्ध कक्रोच जनता पार्टी (सीजेपी) ले आह्वान गरेको विरोध प्रदर्शनलाई समर्थन गर्दै मुम्बईमा प्रदर्शन गर्नुअघि महात्मा गान्धीका पलाति तथा सामाजिक कार्यकर्ता तुषार गान्धीलाई पुलिसले शनिवार नियन्त्रणमा लिएको छ।

तुषार गान्धी मुम्बईको अगस्त क्रान्ति मैदानमा दिउँसो ३:३० बजी प्रदर्शन गर्ने तयारीमा थिए। पुलिस अनुसार, उनलाई बान्द्राबाट हिरासतमा लिएर डीएन नगर पुलिस चौकी लगिएको छ। 'हम भारत के लोग' सङ्गठनसँग आबद्ध कार्यकर्ता फिरोज मिथिबोरवालालाई पनि उनको निवासबाट हिरासतमा लिएर एमआईडीसी पुलिस चौकी लगिएको छ। तुषार गान्धीले सामाजिक सञ्जाल 'एक्स' मा पोस्टर साझा गर्दै नागरिकहरूलाई प्रदर्शनमा सहभागी हुन आह्वान गरेका थिए।पुलिस अधिकारी अनुसार, कार्यक्रमका लागि गामदेवी पुलिस चौकीमा कुनै निवेदन प्राप्त भएको थिएन र प्रदर्शनको आधिकारिक अनुमति पनि दिइएको थिएन। बम्बई उच्च अदालतको आदेशअनुसार अगस्त क्रान्ति मैदानलाई विरोध प्रदर्शनस्थलका रूपमा तोकिएको छैन। त्यसैले शान्ति र सुरक्षा कायम राख्न सावधानीस्वरूप कारबाही गरिएको पुलिसले जनाएको छ।

सीजेपीले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमार विरुद्ध नयाँ दिल्लीको जन्तर–मन्तरमा विरोध प्रदर्शन गर्ने आह्वान गरेको छ। मतदाता सूचीमा कथित हेरफेर, विशेष सघन पुनरावलोकन (एसआईआर) प्रक्रियामा नियमितता र मतदाता दर्ताका लागि प्रयोग हुने फारमह्व६ मा गरिएका परिवर्तनवारे पार्टीले प्रश्न उठाएको छ। मुम्बईमा प्रस्तावित प्रदर्शन पनि यही आन्दोलनको समर्थनमा आयोजना गर्न लागिएको थियो।

अपरेशन सिन्दूरपछि भारतको सबैभन्दा ठूलो सैन्य अभ्यास
४० देशका वायुसेनासामु रक्षामन्त्री राजनाथ सिंहको कड़ा सन्देश

नयाँ दिल्ली, १० अक्टोबरः विश्वका समुद्री व्यापारिक मार्ग र सामरिक दृष्टिले महत्त्वपूर्ण साँघुरा समुद्री मार्गहरूमा बढ्दो खतराबीच भारतले आफ्नो सैन्य तयारी र अन्तर्राष्ट्रिय रक्षा सहयोगबारे स्पष्ट सन्देश दिएको छ। रक्षामन्त्री राजनाथ सिंहले बहुराष्ट्रिय वायु सैन्य अभ्यास 'तरङ्ग शक्ति'का क्रममा आज चेतावनी दिँदै महत्त्वपूर्ण व्यापारिक मार्ग, समुद्री सञ्चार मार्ग र संवेदनशील समुद्री प्रवेश मार्गहरूलाई हतियारका रूपमा प्रयोग गर्न थालिएको बताए। यसले विश्वव्यापी सुरक्षा व्यवस्थामा अनिश्चितता बढाइरहेको उनको भनाइ थियो।

उनले बदलिँदो युद्ध परिस्थितिमा सैनिक सङ्ख्या मात्र नभई प्राविधिक श्रेष्ठता र साझा कारबाही निर्णायक हुने स्पष्ट पारे। हामी तपाईंलाई जानकारी गराउँछौँ कि २६ सेप्टेम्बरदेखि ११ अक्टोबरसम्म आयोजित दुई साताको यस सैन्य अभ्यासमा ४० देशले भाग लिए। अमेरिका, फ्रान्स, जर्मनी, अस्ट्रेलिया र संयुक्त अरब इमिरेट्ससहित विभिन्न देशका वायुसेनाले आफ्ना विमान र सैनिक पठाएका थिए। अमेरिकी वायुसेनाको एफ–३५ अदृश्य क्षमतायुक्त लडाकु विमानले भारतीय भूमिमा आयोजित कुनै सैन्य अभ्यासमा पहिलोपटक भाग लिनु यस कार्यक्रमको प्रमुख आकर्षण रह्यो।

भारतीय वायुसेनाले राफेल र सुखोई–३० एमकेआईजस्ता लडाकु विमानमार्फत आफ्नो क्षमता प्रदर्शन गर्‍यो। फ्रान्सले पनि राफेल विमानसहित अभ्यासमा सहभागिता जनाएको थियो।ङ्मे २०२५ मा 'अपरेशन सिन्दूर'का क्रममा भारतीय वायुसेनाले पाकिस्तानी वायुसेना अड्डाहरूमा कारबाही गरेपछि यो स्तरको पहिलो बहुराष्ट्रिय वायु सैन्य अभ्यास आयोजना गरिएको हो।

अधिकारीहरूका अनुसार उक्त अभियानबाट प्राप्त सञ्चालनसम्बन्धी सिकाइलाई यस अभ्यासमा समावेश गरिएको छ। पाँचवटा नजिकै रहेका वायुसेना अड्डालाई सक्रिय बनाउँदै सहभागी सेनाहरूलाई छुट्टाछुट्टै स्थानबाट सञ्चालन हुने दुई समूहमा विभाजन गरिएको थियो। यसबाट वास्तविक युद्धजस्तै परिस्थिति सिर्जना गर्ने प्रयास गरिएको थियो। अभ्यासमा ठूलो सङ्ख्यामा हवाई भिडन्त, महत्त्वपूर्ण हवाई साधनको सञ्चालन, सैन्य हवाई ढुवानी, मानवरहित विमानको प्रयोग, वायु रक्षा, चलायमान लक्ष्य निर्धारण तथा युद्धका क्रममा खोजी र उद्धार अभियान सञ्चालन गरिएका थिए। विभिन्न विमान, सैन्य प्रणाली र सञ्चालन विधिबीच तालमेल विकास गर्नु यसको मुख्य उद्देश्य थियो।

रक्षामन्त्री राजनाथ सिंहले आधुनिक युद्ध अब स्थल, समुद्र र आकाशमा मात्र सीमित नरहेको बताए। अन्तरिक्ष, साइबर क्षेत्र, विद्युत्चुम्बकीय तरङ्गको क्षेत्र र सूचना क्षेत्र पनि द्वन्द्वका प्रमुख मोर्चा बनेका छन्। मानवरहित विमान तथा अन्य मानवरहित प्रणालीले सैन्य अभियानको गति, विस्तार र स्वरूप परिवर्तन गरिदिएका छन्। कृत्रिम बुद्धिमत्ताले निर्णय प्रक्रियालाई प्रभावित गरिरहेको छ भने लामो दूरीसम्म सटिक प्रहार गर्न सक्ने हतियारले युद्धक्षेत्रको दायरा बढाइरहेका छन्। गैरराज्य पक्षहरूको बढ्दो भूमिका र अचानक उत्पन्न हुने खतराले चुनौतीलाई थप जटिल बनाएको उनले बताए। उनका अनुसार भविष्यमा सैन्य शक्तिको मूल्याङ्कन लडाकु विमान र हतियारको सङ्ख्याका आधारमा मात्र गरिने छैन। कुनै सेनाले परिस्थितिलाई कति छिटो पहिचान गर्छ, प्राप्त सूचनाको विश्लेषण कसरी गर्छ, निर्णय कति छिटो लिन्छ र कति सटिक रूपमा कारबाही गर्छ भन्ने कुराले पनि सैन्य क्षमता निर्धारण गर्नेछ।ङ्गरक्षामन्त्रीले आफ्नो देशमा हतियार र महत्त्वपूर्ण प्रविधि उत्पादन गर्ने क्षमता नभएसम्म कुनै पनि देशले लामो समयसम्म युद्धलाई दिगो रूपमा अघि बढाउन नसक्नेमा जोड दिए।

भारतको उन्नत मध्यम लडाकु विमान (एएमसीए) कार्यक्रम पाँचौं पुस्ताको अदृश्य क्षमतायुक्त लडाकु विमान विकास गर्ने दिशामा महत्त्वपूर्ण कदम हो। उन्नत विमानका इन्जिन विकास गर्ने र संयुक्त रूपमा उत्पादन गर्ने विषयमा दिइएको जोड पनि यही रणनीतिको हिस्सा हो। राजनाथ सिंहले आत्मनिर्भरताको अर्थ विश्वबाट अलग्गिनु नभएको स्पष्ट पारे। उनका अनुसार भविष्यमा रक्षा साझेदारी हतियार खरिदमा मात्र सीमित रहने छैन। यसमा अनुसन्धान, संयुक्त विकास, सहउत्पादन, मर्मतसम्भार, तालिम र नयाँ प्रविधिको विकासलाई पनि महत्त्व दिइनेछ। प्रविधि र आपसी विश्वास नै यस्ता साझेदारीका आधार हुनेछन्।

स्वदेशी रक्षा क्षमतामा जोड़

रक्षामन्त्रीले वर्तमान विश्व परिस्थिति र तीव्र गतिमा बदलिँदो भूराजनीतिक परिवेशमा प्रत्येक देश सतर्क रहन आवश्यक रहेको बताए। प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले रक्षा क्षेत्रमा आत्मनिर्भरतालाई राष्ट्रिय नीतिका रूपमा अपनाएको उल्लेख गर्दै उनले लामो समयसम्म चल्ने युद्धको सामना गर्न स्वदेशी हतियार तथा महत्त्वपूर्ण प्रविधि उत्पादन गर्ने क्षमता विकास गर्नुपर्ने बताए।

उनले स्वतन्त्रताका बेला सीमित स्रोतसाधनबाट शुरु गरेको भारतीय वायुसेना अहिले आधुनिक विमान, सटीक प्रहार गर्ने हतियार, उन्नत संवेदक र एकीकृत सञ्जाल सहित सक्षम सैन्य बल बनेको बताए। तेजस लड़ाकू विमान, ध्रुव र प्रचण्ड हेलिकप्टर, हल्का उपयोगी हेलिकप्टर, आकाश वायु रक्षा प्रणाली तथा उन्नत राडार प्रविधिलाई उनले भारतको स्वदेशी रक्षा क्षमताका उदाहरणका रूपमा प्रस्तुत गरे।

उनी अनुसार, उन्नत मध्यम लड़ाकू विमान कार्यक्रम अन्तर्गत पाँचौं पुस्ताको अदृश्य क्षमतायुक्त लड़ाकू विमानको प्रविधि विकास गर्ने काम पनि भइरहेको छ।

मित्रराष्ट्रसँग रक्षा सहकार्य विस्तारमा जोड़

राजनाथ सिंहले रक्षा अनुसन्धान, संयुक्त विकास तथा उत्पादन, मर्मतसम्भार, तालिम र प्राविधिक नवप्रवर्तनका क्षेत्रमा मित्रराष्ट्रसँग सहकार्यका व्यापक सम्भावना रहेको बताए। भविष्यमा रक्षा सम्बन्ध हतियार र सैन्य उपकरणमा मात्र सीमित नरहने उल्लेख गर्दै उनले प्रविधि र आपसी विश्वासलाई यसको प्रमुख आधार बताए। भारतले स्वदेशी रक्षा क्षमता सुदृढ बनाउनुका साथै विश्वसनीय साझेदार राष्ट्रसँग सहकार्य विस्तार गर्न चाहेको उनले स्पष्ट पारे।

'तरङ्ग शक्तिह्२०२६' लाई यस दिशामा महत्त्वपूर्ण पहल बताउँदै उनले यस्ता बहुराष्ट्रिय सैन्य अभ्यासले विभिन्न देशका वायुसेनालाई प्रविधि, रणनीति र सञ्चालन सम्बन्धी अनुभव आदान–प्रदान गर्ने अवसर दिने बताए। यसले संयुक्त रूपमा काम गर्ने क्षमता र आपसी समन्वय बढ़ाउनुका साथै भविष्यका सुरक्षा चुनौती सामना गर्ने तयारीलाई बलियो बनाउने उनको भनाइ थियो।

यस अभ्यासमार्फत भारतले अन्तरराष्ट्रिय रक्षा सहकार्य, स्वदेशी प्रविधि, सामरिक साझेदारी र मित्रराष्ट्रसँग आपसी विश्वास सुदृढ़ गर्ने प्रतिबद्धता दोहोर्‍याएको छ।

भारतद्वारा सिन्धु जल सम्झौता 'स्थगन' राख्ने घोषणा

नयाँ दिल्ली, १० अक्टोबरः सीमापार आतङ्कवाद र भारतीय जलविद्युत परियोजनाहरूमा पाकिस्तानको निरन्तरको अवरोधपछि भारतले ऐतिहासिक 'सिन्धु जल सम्झौता'लाई 'स्थगन' मा राख्ने घोषणा गरेको छ। यसै विषयमा गत ३१ अगस्ट २०२६ मा हेगस्थित मध्यस्थता अदालतले यो सम्झौता पूर्ण रूपमा लागू रहेको फैसला सुनाए पनि भारतले उक्त अदालतको क्षेत्राधिकार र गठन प्रक्रियालाई नै अवैध ठहर गर्दै फैसला अस्वीकार गरेको छ।

लगभग एक दशक लामो वार्तापछि सन् १९६० मा विश्व ब्याङ्कको मध्यस्थतामा भारत र पाकिस्तानबिच सिन्धु जल सम्झौता भएको थियो। सद्भाव र मित्रताको भावनामा गरिएको उक्त सम्झौताअन्तर्गत सिन्धु नदी प्रणालीको करिब ८० प्रतिशत पानी पाकिस्तानलाई दिइएको थियो भने भारतले डिजाइनमा कडा प्रतिबन्धहरू स्वीकार गर्दै पाकिस्तानलाई ठूलो आर्थिक क्षतिपूर्तिसमेत तिरेको थियो। तर, ६५ वर्षपछि, पाकिस्तानले जम्मु कश्मीरका भारतीय जलविद्युत परियोजनाहरूमा निरन्तर अवरोध खडा गर्नुका साथै अप्रिल २०२५ को 'पहलगाम आतङ्कवादी हमला' जस्ता शृङ्खलाबद्ध सीमापार आतङ्कवादलाई प्रश्रय दिएपछि भारतले पाकिस्तानले आतङ्कवादलाई पूर्ण रूपमा नरोकेसम्म सम्झौता 'स्थगन' मा रहने कडा कदम चालेको हो।

हेग अदालतको फैसला र पाकिस्तानको दाबी

३१ अगस्ट २०२६ मा हेगस्थित मध्यस्थता अदालत (सीओए) ले भारतले एकतर्फी रूपमा सम्झौता निलम्बन वा खारेज गर्न नसक्ने फैसला सुनायो। पाकिस्तानको दाबीलाई समर्थन गर्दै अदालतले भन्यो सिन्धु जल सम्झौताले पानीको प्रयोगलाई नियन्त्रण गर्छ, सुरक्षा सञ्चालनलाई होइन; तसर्थ, आतङ्कवादलाई सम्झौताको 'भौतिक उल्लङ्घन' मान्न सकिँदैन। पाकिस्तानले पनि जलवायु परिवर्तन, प्राविधिक विकास र जनसङ्ख्या वृद्धि जस्ता विषयहरू पहिले नै अनुमान गर्न सकिने भएकाले अन्तर्राष्ट्रिय कानुन (भीसीएलटी) अन्तर्गत सम्झौता स्थगनको आधार बन्न नसक्ने तर्क राख्दै आएको छ।

भारतको बलियो कानुनी अडानः छवटा प्रमुख स्तम्भ

भारतले हेग अदालतको फैसलालाई ठाडै अस्वीकार गर्दै आफ्नो अडानलाई अन्तर्राष्ट्रिय कानुन र सन्धि कानुनका स्थापित सिद्धान्तहरूमा आधारित ६ वटा प्रमुख स्तम्भमार्फत प्रस्ट पारेको छः

मञ्चको गलत छनोट र अवैध गठन

सिन्धु जल सम्झौताको धारा ९ ले प्राविधिक मतभेदहरू लाई 'तटस्थ विशेषज्ञ' कहाँ र कानुनी विवादहरू लाई मात्र मध्यस्थता अदालत (भीसीएलटी) मा लैजाने व्यवस्था गरेको छ। भारतका अनुसार, किशनगङ्गा र रातले जलविद्युत परियोजनाका डिजाइनसम्बन्धी पाकिस्तानी आपत्तिहरू विशुद्ध प्राविधिक विषय हुन्, जसको निरूपण तटस्थ विशेषज्ञबाट हुनुपर्छ। एउटै विषयमा समानान्तर रूपमा दुईवटा संयन्त्र (एनई र भीसीएलटी) सञ्चालन हुनु सन्धिको संरचनात्मक उल्लङ्घन भएको भन्दै भारतले यस अदालतलाई अवैध मानेको छ।

सद्भव र मित्रताको पतन

सन् १९६० को सम्झौता दुई देशबिचको आपसी सद्भावमा आधारित थियो। भारतले आफ्ना लागि निकै कम पानी राखेर पाकिस्तानलाई ८० प्रतिशत पानी र विशाल आर्थिक सहायता (तत्कालीन ६ करोड २० लाख पाउन्ड) दिएको थियो। तर, ६५ वर्षसम्म भारतले इमानदारीपूर्वक सम्झौता पालना गर्दा पनि पाकिस्तानले उल्टै बगलिहार, किशनगङ्गा, पाकल दुल जस्ता हरेक भारतीय परियोजनामा अवरोध गर्ने र भारतविरुद्ध मुजाहिद्दीन तथा आतङ्कवाद (२००१ संसद् हमलादेखि २०२५ को पहलगाम हमलासम्म) को प्रयोग गर्ने काम गर्‍यो। राज्य–प्रायोजित आतङ्कवादले सन्धिको मूल मर्ममै प्रहार गरेको भारतको तर्क छ।

भारतले सम्झौतालाई सधैँका लागि 'खारेज' गरेको होइन, बरु परिस्थितिजन्य 'स्थगन' मात्र गरेको हो। भियना महासन्धिका धारा ६०, ६१ र ६२ ले सन्धिको मौलिक उद्देश्यमा प्रहार भएमा वा परिस्थितिमा अप्रत्याशित र गम्भीर परिवर्तन आएमा सन्धिलाई अस्थायी रूपमा निलम्बन गर्न छुट दिन्छन्। आतङ्कवाद र अवरोधले गर्दा हालको परिस्थितिमा सम्झौतालाई निरन्तरता दिनु असम्भव भएको भारतको बुझाइ छ।

भारत मध्यस्थता अदालतको प्रक्रियामा सहभागी नै भएन। अन्तर्राष्ट्रिय कानुनअनुसार यदि कुनै देशले अदालतको क्षेत्राधिकारलाई नै अवैध मान्छ भने, उसले एकतर्फी रूपमा आएको फैसलालाई अस्वीकार गर्न सक्छ। भारतले अदालतको कानुनी अस्तित्वलाई नै स्वीकार नगरेकाले यो फैसला भारतका लागि बाध्यकारी नहुने स्पष्ट पारेको छ। हेग अदालतले आफैँलाई वैध र अधिकारसम्पन्न घोषणा गरे पनि अन्तर्राष्ट्रिय राज्य–राज्य बिचको विवादमा कुनै पनि अदालतको आत्म–वैधीकरण अन्तिम सत्य हुँदैन।

देशलाई अस्थिर बनाउने प्रयास सह्य हुने छैनः भाजपा

नयाँ दिल्ली, १० अक्टोबर (हिस)ः भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय अध्यक्ष नितिन नवीनले राहुल गान्धी, अरविन्द केजरीवाल र विपक्षी गठबन्धनमाथि कडा प्रहार गरेका छन्। उनले विपक्षी दलहरूले लोकतान्त्रिक जनादेशलाई स्वीकार गर्नुको सट्टा देशमा अस्थिरता सिर्जना गर्ने प्रयास गरिरहेको आरोप लगाएका छन्। नवीनले देशका १४० करोड जनता शान्ति र विकासको मार्गमा अघि बढिरहेको भए पनि विपक्षीहरूलाई भारतको प्रगति र उन्नति मन नपरेको बताएका छन्। उनले देशलाई अस्थिर बनाउने प्रयास सह्य नहुने चेताउनी दिएका छन्।

शनिवार जारी वक्तव्यमा नितिन नवीनले देशमा अराजकताको प्रतिस्पर्धामा लागेका दुई राजनीतिक समूह सक्रिय रहेको बताए। एउटा समूहको नेतृत्व राहुल गान्धीको नेतृत्वमा रहेको विपक्षी गठबन्धनले गरिरहेको छ भने अर्को समूहमा अरविन्द केजरीवालका सहयोगीहरू रहेको उनले बताए। जनताले विपक्षीहरूको यस्तो गतिविधिलाई नियालिरहेको उल्लेख गर्दै लोकतन्त्रमा जनादेशको सम्मान गर्नु सबै राजनीतिक दलको जिम्मेवारी भएको उनले बताए। भाजपा अध्यक्षले देशलाई अस्थिर बनाउने प्रयासका पछाडि राजनीतिक उद्देश्यका साथै विदेशी शक्तिहरूको पनि हात रहेको आरोप लगाए। विश्वव्यापी सङ्कटका बावजुद भारत विकासको मार्गमा अघि बढिरहेको र आत्मनिर्भर तथा सशक्त राष्ट्रका रूपमा आफ्नो पहिचान बलियो बनाउँदै गएको उनले बताए। तर, विपक्षीहरूलाई भारतको यो प्रगति स्वीकार्य नभएको उनको आरोप छ।

नवीनले भारतीय लोकतन्त्र र देशभक्त जनताको शक्तिले विपक्षीहरूको यस्तो मनसाय सफल हुन नदिने बताए। संविधान र लोकतन्त्रको नाममा झुट फैलाएर जनादेशलाई चुनौती दिनु जनताको अपमान भएको उनले चेताउनी दिए।प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा विगत १२ वर्षमा देशलाई भयको वातावरणबाट बाहिर निकाल्ने, आतङ्कवाद नियन्त्रण गर्ने र नक्सलवाद अन्त्य गर्ने प्रयास गरिएको उनले बताए। यद्यपि, केही मानिसले अझै पनि सहरी नक्सलवादी मानसिकतामार्फत देशलाई अस्थिर बनाउने प्रयास गरिरहेको उनको आरोप छ। राहुल गान्धी र विपक्षी गठबन्धनका नेताहरूको अभिव्यक्ति तथा संवैधानिक संस्थाहरूप्रतिको उनीहरूको व्यवहारलाई देशका जनताले नियालिरहेको नवीनले बताए।

भारतका युवाहरू संविधान, लोकतन्त्र र भारतीय संस्कृतिप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै उनीहरूले यस्तो राजनीतिलाई स्वीकार नगर्ने उनले दाबी गरे। लगातारको चुनावी पराजयबाट उत्पन्न निराशाका कारण विपक्षीहरूले देशमा तनावको वातावरण सिर्जना गर्ने प्रयास गरिरहेको पनि भाजपा अध्यक्षले आरोप लगाए।

तमिलनाडु उपचुनाउमा विजयको टीभीके पार्टीको कब्जा

चेन्नई, १० अक्टोबरः तमिलनाडुका दुई विधानसभा सिटमा भएको उपचुनावको नतिजा सार्वजनिक भएको छ। मुख्यमन्त्री सी. जोसेफ विजयको नेतृत्वमा रहेको टीभीके पार्टीले मदुरन्तकम र धारापुरम दुवै सिटमा शानदार जित दर्ता गरेको छ। मदुरन्तकम सिटमा टीभीकेकी उम्मेदवार के. मरुगदम कुमारवेलले आफ्ना निकटतम प्रतिद्वन्द्वी डिएमकेका उम्मेदवार आइ. परन्थामनलाई २०,०४० मतको अन्तरले पराजित गरेकी छन्। उता, धारापुरम सिटमा पनि टीभीकेकै प्रत्याशी पि. सत्यभामा ९,४७१ मतको अन्तरले विजयी भएकी छन्। त्यस्तै, असमको नगाउँ लोकसभा सिट तथा पश्चिम बंगालका नन्दीग्राम र रेजीनगर विधानसभा सिटमा भारतीय जनता पार्टीले जित हासिल गरेको छ। यस जितपछि प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल एक्समा लेख्दै, 'जनताबाट लगातार प्राप्त भइरहेको आशीर्वादका लागि आभार व्यक्त गर्दछु' भनेका छन्। उनले अगाडि भनेका छन्, 'असमको नगाउँ लोकसभा सिट र पश्चिम बङ्गालका नन्दीग्राम तथा रेजीनगर विधानसभा सिटको नतिजाले मानिसहरूको बीजेपी, एनडीएको सुशासनको एजेन्डाप्रति गहिरो लगाव छ भन्ने कुरा पुनः स्पष्ट पारेको छ।

आन्दोलनदेखि डरायो मोदी सरकार, भोट चोरीको गल्तीलाई स्वीकार गरियोस्ः मुख्यमन्त्री सुक्खू

शिमला, १० अक्टोबर (हिस)ः मुख्यमन्त्री सुखविन्दर सिंह सुक्खूले दिल्लीको आन्दोलनलाई लिएर केन्द्रको मोदी सरकारलाई लक्षित गरेका छन्। शनिवार दिल्लीबाट शिमला आइपुगेका सुक्खूले आरोप लगाए, केन्द्र सरकार आन्दोलनदेखि डराएको छ। त्यसैकारण दिल्लीको इन्टरनेटदेखि लिएर रेलवे स्टेशनसम्म सबै बन्द गरिएको छ। उनले भने, ''आवाजलाई दबाउनाले तथा यस किसिमका प्रतिबन्धहरू लगाउनाले आन्दोलन झन् उग्र हुन्छ।''

मुख्यमन्त्रीले भने, ''केन्द्र सरकारले भोट चोरीको गल्तीलाई स्वीकार गर्दै त्यसमा सुधार ल्याउनुपर्छ। उनले भने, ''युवाहरूलाई आन्दोलन गर्ने अनुमति दिनुपर्थ्यो। यसको लागि रामलीला मैदान वा अन्य कुनै ठाउँमा अनुमति दिन सकिन्थ्यो। सुक्खूले भने, हिमाचल प्रदेशमा पनि उनको सरकारविरुद्ध आन्दोलन भइरहन्छ, तर सरकारले सबैलाई प्रदर्शन गर्ने अनुमति दिएको छ। लोकतन्त्रमा जनताले आफ्नो भनाइ राख्ने अवसर पाउनु पर्छ। मुख्यमन्त्रीले कङ्ग्रेस नेता राहुल गान्धीसँग केन्द्र सरकारले गरेको व्यवहारलाई पनि ''अशोभनीय'' बताए। उनले भने, ''कङ्ग्रेस पार्टीले आगामी सोमवार सर्वोच्च अदालतसम्म पदयात्रा गर्नेछ जसमा उनी आफू पनि सामेल हुनेछन्। सुक्खूले आरोप लगाए, भाजपाले भोट चोरी गरेर सरकार बनाएको छ। देशका जनताले अब निर्णायक लडाइँ लड्नेछ। मुख्यमन्त्रीले केन्द्र सरकारलाई भोट चोरीकोआरोपलाई स्वीकार्न र सुधार ल्याउने आफ्नो मागलाई दोहोऱ्याए।

राहुल गान्धीले तमिलनाडुका मुख्यमन्त्री विजयसँग गरे भेट

चेन्नई, १० अक्टोबर (हिस)ः लोकसभामा विपक्षका नेता राहुल गान्धीले शनिवार तमिलनाडुका मुख्यमन्त्री एवं तमिलगा वेत्री कझगम (टीवीके) का अध्यक्ष जोसेफ विजयसँग चेन्नई नजिकै पनैयुर स्थित उनको निवासमा भेट गरेका छन्। मुख्यमन्त्री विजयले पुष्पगुच्छा प्रदान गरेर राहुल गान्धीको स्वागत गरे। यस क्रममा राहुल गान्धीले मदुरान्तकम र धारापुरम विधानसभा क्षेत्रमा टीवीकेले हासिल गरेको जितका लागि विजयलाई बधाई दिए। त्यसपछि दुवै नेताले दिउँसोको भोजनका क्रममा कुराकानी गरे।

राहुल गान्धी र मुख्यमन्त्री विजयबीच भएको यस भेटमा टीवीके, कङ्ग्रेस वा गठबन्धनमा सहभागी अन्य कुनै पनि दलका नेता उपस्थित थिएनन्। बैठकमा कुन–कुन विषयमा छलफल भयो भन्नेबारे आधिकारिक जानकारी सार्वजनिक भएको छैन।

यद्यपि, तमिलगा वेत्री कझगमको नेतृत्वमा धर्मनिरपेक्ष सामाजिक न्याय विजय गठबन्धन गठन भएपछि दुवै नेताबीच भएको यस भेटलाई गठबन्धनको अवस्थासँग जोड़ेर हेरिएको छ। तर, छलफलको कार्यसूचीबारे अहिलेसम्म कुनै आधिकारिक पुष्टि भएको छैन।

यसैबीच, दिल्लीमा कङ्ग्रेसका कार्यकर्ताहरू विशेष गहन पुनरावलोकन (एसआईआर) प्रक्रियाविरुद्ध प्रदर्शन गरिरहेका छन्। राहुल गान्धीले 'छात्रों की गूँज' कार्यक्रम मार्फत विद्यार्थीसँग संवाद पनि गरिरहेका छन्। यस पहल अन्तर्गत नीटसहित विभिन्न परीक्षामा प्रश्नपत्र लीक भएको आरोप, शैक्षिक शुल्कमा वृद्धि, शिक्षा प्रणालीमा कथित अनियमितता तथा बेरोजगारी जस्ता समस्याबाट प्रभावित विद्यार्थीका मुद्दाहरूमाथि छलफल भइरहेको छ।

प्रधानमन्त्रीसहित विभिन्न नेताहरूले महालयाको शुभकामना दिए

नयाँ दिल्ली, १० अक्टोबर (हिस)ः प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रिय गृहमन्त्री तथा सहकारितामन्त्री अमित शाहलगायत विभिन्न नेताहरूले शनिवार पवित्र महालया पर्वको अवसरमा सबैलाई हार्दिक शुभकामना दिएका छन्। प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्समार्फत शुभकामना दिँदै यस पवित्र अवसरमा माता दुर्गाको आशीर्वाद प्राप्त होस् भन्ने कामना गरेका छन्। माता दुर्गाको आशीर्वादले समाजमा खुशी, करुणा र आशा फैलियोस् तथा चारैतिर शान्ति र समृद्धि कायम रहोस् भन्ने उनले कामना गरेका छन्। केन्द्रिय गृहमन्त्री अमित शाहले माता दुर्गाको आशीर्वादले सबैको जीवन असीम आनन्द, सुख, समृद्धि र खुसीले भरिपूर्ण होस् भन्ने कामना गरेका छन्। पितृपक्षको समाप्ति र देवीपक्षको शुरुवात हुने यस सङ्गममा महालया पर्वले माता दुर्गाको आगमनको सन्देश दिने उनले बताएका छन्। माता दुर्गाको आशीर्वादले सबैको जीवन आनन्द र समृद्धिले परिपूर्ण होस् भन्ने उनको कामना छ। त्यसैगरी, केन्द्रिय स्वास्थ्यमन्त्री जेपी नड्डाले माता दुर्गाको आशीर्वाद सधैँ सबैमाथि कायम रहोस् तथा जीवनमा खुसी, राम्रो स्वास्थ्य र समृद्धि ल्याओस् भन्ने कामना गर्दै महालयाको शुभकामना दिएका छन्। उल्लेखनीय छ, सनातन धर्मावलम्बीहरू, विशेषगरी बङ्गाली समुदायमा महालया पर्वलाई अत्यन्त महत्त्वपूर्ण र शुभ अवसरका रूपमा मनाइन्छ। यो पर्व आश्विन महिनाको औँसी तिथिमा मनाइन्छ।

सीजेपीपछि अब इन्डिया गठबन्धनको पालो, १२ अक्टोबरमा दिल्लीमा बृहत् प्रदर्शन गर्ने घोषणा

नयाँ दिल्ली, १० अक्टोबरः अखिल भारतीय कङ्ग्रेस समितिका महासचिव केसी वेणुगोपालले शनिबार जनताको मतदान अधिकारको रक्षाका लागि जारी सङ्घर्षअन्तर्गत इण्डिया गठबन्धनले सोमवार दिल्लीमा बृहत् विरोध प्रदर्शन गर्ने बताए। इण्डिया गठबन्धनका नेताहरूले शुक्रवार राष्ट्रपति द्रौपदी मुर्मूसँग भेट गरी मत चोरीको आरोपबारे आफ्नो कुरा राखेका थिए। उनीहरूले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा र पछिल्ला दुई वर्षमा भएका सबै विधानसभा निर्वाचन रद्द गर्न माग गरेका थिए।

विपक्षी नेता राहुल गान्धीले निर्वाचनमा मत चोरी भएको आरोपलाई राष्ट्रपतिले खण्डन नगरेको देखेर आफूलाई आश्चर्य लागेको बताए।ङ्गराहुलले भने– विपक्षी नेताहरू सोमबार प्रधानन्यायाधीशलाई भेट्नेछन्। भेटपछि राहुल गान्धीले विपक्षी नेताहरू सोमबार सर्वोच्च न्यायालय पुगेर प्रधानन्यायाधीशलाई भेट्ने र ज्ञापनपत्र बुझाउने बताए। आफूहरू उपलब्ध सबै विकल्पको प्रयोग गर्न चाहेको उनको भनाइ थियो। इण्डिया गठबन्धनका नेताहरूको प्रतिनिधिमण्डलले राष्ट्रपतिलाई भेटेर कथित मत चोरीबारे ज्ञापनपत्र बुझाएको थियो। साथै, उनीहरूले मतदाता सूचीको विशेष गहन पुनरीक्षण प्रक्रिया रोक्न र गैरकानुनी रूपमा मतदाता सूचीबाट हटाइएका १३ करोड ३० लाख मतदाताका नाम पुनः समावेश गर्न माग गरेका थिए। मुख्य निर्वाचन आयुक्त र निर्वाचन आयुक्तलाई आजीवन संरक्षण दिने सन् २०२३ को कानुन खारेज गर्न विपक्षीको मागङ्गराष्ट्रपति मुर्मूलाई बुझाइएको ज्ञापनपत्रमा विपक्षी दलहरूले मुख्य निर्वाचन आयुक्त र अन्य निर्वाचन आयुक्तलाई संरक्षण दिने सन् २०२३ को कानुन खारेज गर्न तथा भविष्यका सबै निर्वाचनमा कागजी मतपत्र प्रणाली पुनः लागू गर्न माग गरेका थिए।

उनीहरूले राष्ट्रपति मुर्मूले नेताहरूसँग 'मत चोरी'को प्रमाण मागेको पनि बताए। राहुल गान्धीले पत्रकारहरूसँग कुरा गर्दै राष्ट्रपति प्रमाण लिन तयार भएपछि इण्डिया गठबन्धनले आफूसँग भएका प्रमाण बुझाउने बताए। प्रतिनिधिमण्डलमा राहुल गान्धीका अतिरिक्त कङ्ग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गे, तृणमूल कङ्ग्रेसकी प्रमुख ममता ब्यानर्जी, जम्मु–कश्मीरका मुख्यमन्त्री उमर अब्दुल्ला, राष्ट्रवादी कङ्ग्रेस पार्टी (शरदचन्द्र पवार) की सुप्रिया सुले, समाजवादी पार्टीका राजीव राय, राष्ट्रिय जनता दलका मनोज झा, विदुथलाई चिरुथाइगल कच्चीका प्रमुख थोल तिरुमावलवन, भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का महासचिव एमए बेबी र भारतीय कम्युनिस्ट पार्टीका डी. राजा सहभागी थिए।ङ्गमत चोरीले लोकतन्त्रको जग नै कमजोर बनाएको आरोप लगाउँदै विपक्षी नेताहरूले एकपछि अर्को निर्वाचनमा मत चोरी भएको प्रमाण आफूसँग रहेको दाबी गरे।

यसका लागि उनीहरूले हरियाणा, महाराष्ट्र, मध्यप्रदेश, छत्तीसगढ, बिहार, दिल्ली र पश्चिम बङ्गालका उदाहरण दिएका थिए।ङ्गउल्लेखनीय छ, इन्डिया गठबन्धनका सांसदहरू सुरुमा संविधान सदनको केन्द्रीय सभाकक्षमा भेला भएका थिए। त्यहाँ उनीहरूले राष्ट्रपतिलाई बुझाइने ज्ञापनपत्रबारे छलफल गर्दै त्यसलाई अन्तिम रूप दिएका थिए। त्यसपछि उनीहरू संसद् भवनबाट विजय चोकतर्फ अघि बढेका थिए। तर, पुलिसले अवरोधक राखेर उनीहरूलाई रोकेको थियो। प्रदर्शनकारीहरूले 'लोकतन्त्र बचाऔँ' लेखिएको ठूलो ब्यानर बोकेका थिए र सरकार, प्रधानमन्त्री तथा मुख्य निर्वाचन आयुक्तविरुद्ध नाराबाजी गरेका थिए।ङ्गममता ब्यानर्जीले आफूहरूसहित चार सांसदले आफूहरूलाई लगिएको द्वारका उत्तर पुलिस थानामा धर्ना शुरू गरेको बताइन्। उनले आफूहरूलाई अपहरण गरेर दुई घण्टासम्म जेल लैजाने गाडीमा घुमाइएको आरोप लगाइन्। उनले आफू आज राति कोलकाता नफर्कने र युवा तथा अन्य व्यक्तिहरूमाथि भइरहेको कारबाहीको विरोधमा सोमबार इन्डिया गठबन्धनको विरोध जुलुसमा सहभागी हुने बताइन्।

वर्ष–२०; अङ्क–२७६; वि.सं. २०८३, असोज २५ गते; गान्तोक आइतवार, ११ अक्टोबर, २०२६

काँस फूल दशैं बोलाइरहेछ

✍ अर्जुन शर्मा निरौला
गीतखोला, कालेबुङ

खोलागड़तिर
सेताम्मे काँस फुलेको छ,
वातावरण रमाइलो
दिन घमाइलो छ।
वर्षा ऋतु
सकिनै लागेको छ,
तिम्रो आगमनसँगै
चाड़पर्व आइरहेछ।
काँस फूल दशैं बोलाइरहेछ।

सबैलाई हतारो छ
घर सिँगारपटार गर्न,
टाढ़ाका आफन्तलाई घर फर्कन,
चेलीलाई माइती जान,
सानालाई ठूलाको
आशीर्वाद थाप्न।
यस्तै–यस्तै
सबैलाई आ–आफ्नो हतारो छ।
सानाहरूलाई
नयाँ लुगाफाटो लगाउने,
मामाघर जाने उमङ्ग छ।
ठूलाहरूलाई
दशैंको गर्जो कसरी टार्ने
भन्ने चिन्ता छ।
सर्वत्र काँस फुलेर
वातावरण उसै रमाइलो छ।
काँस फूल दशैं बोलाइरहेछ।

कोही खोरमा
घोर्ले खसी पोस्दै छन्,
सबैले आ–आफ्नो हैसियतमा
हाँस, कुखुरा, भेड़ा र राँगो
जोगाड़ गरिरहेछन्।
आफ्नो कुल–कुलानी खुसी पार्न
रीति र परम्पराका नाममा
अबोध पशुबलिको तयारी चल्दै छ।
काँस फूल दशैं बोलाइरहेछ।

'काँस फुल्यो, भैँसी रोयो'
भन्थे बूढ़ापाकाहरू।
यी मूक पशुहरू–
मानवको दशैं,
बबुराहरूको दशा!
म त भन्छु
नफूल्नु तिमी अब।
तिम्रा ती सुन्दर
सेताम्मे फूलहरूमा
रगतको आलो टाटो देख्छु म।
काँस फूल दशैं बोलाइरहेछ।

अहँ!
तिम्रो यो सुन्दरतासित
मेरो मन कहिल्यै रमाउन सक्दैन।
तिम्रा ती लामा, धारिला पातहरूमा
हजारौं खुँड़ा र खुकुरीहरू देख्छु म।
सक्छौ भने नाबो बनिदिनु तिमी,
बरु मलाई
उन्यूको सौन्दर्य मन पर्छ।
काँस फूल दशैं बोलाइरहेछ।

तिमीसँगै रमाउँदै
काँसघारीमा चरन चर्ने
ती पशुहरूलाई के थाहा–
तिमी उनीहरूका लागि
यमराज बनेर फुलेका हौ!
तिम्रो यो रूप
हावाका झोक्काहरूले उड़ाई नसक्दै,
वरिपरि निर्धक्क चरिरहेका अबोध
प्राणीहरू
यमराजको दरबारमा
पुगिसकेका हुनेछन्।
त्यसैले, तिमी नफूल्नु कहिल्यै।
काँस फूल दशैं बोलाइरहेछ। ❐

कवि इन्द्रकुमार राईकृत
नक्साभित्रका मान्छेहरू हेर्ने क्रममा

जीविका अश्रु
सिच्छे गान्तोक

"कुनैपनि पुस्तकमा कहिँकतै खोट त भैहाल्छ। तर पनि यस पुस्तकमा उस्तो खास केही छैन। आगामी दिनमा आउने पुस्तक यो भन्दा उत्कृष्ट आउनेमा दुईमत छैन। कविले अङ्क भन्दा पनि परिणाममा ध्यान दिनु जरुरी छ।"

कविता मानव हृदयको गहिरो भावना, अनुभूति, कल्पना, विचार र जीवनदर्शनलाई कलात्मक भाषाका माध्यमबाट अभिव्यक्त गर्ने साहित्यिक विधा हो। मानिसले भोगेका सुख–दुःख, आशा–निराशा, प्रेम, पीड़ा, सङ्घर्ष, प्रकृति, समाज र समयका विविध पक्षहरूलाई शब्दमा सौन्दर्यपूर्ण ढङ्गले उतार्ने कला नै कविता हो। सामान्य भाषाले भन्न नसक्ने संवेदनालाई बिम्ब, प्रतीक, उपमा, रूपक र लयको सहायताले प्रभावकारी रूपमा व्यक्त गर्ने भएकाले कविता साहित्यको अत्यन्त संवेदनशील र कलात्मक विधाका रूपमा परिचित छ। कविता केवल शब्दहरूको संयोजन मात्र होइन; यो कविको अन्तरमनको अनुभूति, जीवनप्रतिको दृष्टिकोण र सिर्जनात्मक चेतनाको अभिव्यक्ति हो। त्यसैले कविता पढ्दा पाठकले केवल अर्थ मात्र होइन, भाव, सौन्दर्य र संवेदनाको पनि अनुभूति गर्न सक्छ।

राम्रो कविता भावपूर्ण, मौलिक, प्रभावकारी र कलात्मक हुनुपर्छ। यसमा प्रयोग गरिएका शब्दहरू सहज, अर्थपूर्ण र सान्दर्भिक हुनुपर्छ। कविताले पाठकको मन छुने, सोच्न बाध्य बनाउने र कुनै न कुनै अनुभूति जगाउने क्षमता राख्नुपर्छ। कविता छन्दबद्ध वा मुक्तछन्द दुवै हुन सक्छ, तर जुनसुकै रूपको भए पनि त्यसमा स्वाभाविक लय, भाषिक सौन्दर्य र भावको गहिराइ हुन आवश्यक हुन्छ। अनावश्यक शब्दाडम्बरभन्दा अर्थगर्भित अभिव्यक्ति, सशक्त बिम्ब तथा जीवनसँग जोड़िएको यथार्थ वा कल्पनाको सन्तुलित प्रस्तुति कविताको विशेषता मानिन्छ। यसरी हृदयको संवेदनालाई कलात्मक भाषामा सौन्दर्यपूर्ण ढङ्गले अभिव्यक्त गरी पाठकको मनमा दीर्घकालीन प्रभाव पार्न सक्ने र जीवनप्रति नयाँ दृष्टिकोण दिन सक्ने रचना नै उत्कृष्ट कविता हो।

जब मेरो हातमा इन्द्रकुमार राईको नक्साभित्रका मान्छेहरू शीर्षक कवितासङ्ग्रह पर्‍यो तब पढ्ने हुटहुटी जागेर आयो। सङ्ग्रहको नाम केही लामो भएपनि गज्जबको लाग्यो। सरर हेरेँ। कविताले छोयो। त्यसपछि ध्यान दिएर पढ़ें। पढ़िनै सकेपछि पाठकीय प्रतिकृया पनि लेख्न मन भयो। मैले लेखेको प्रतिक्रियाले लेखकलाई थप ऊर्जा मिल्छ भन्ने कुरामा विश्वस्त छु। खासमा भन्नुपर्दा एकदुई पटक कविलाई भेटेकीछु तर गहिरो चिनजान भने हैन। भेटमा कहिले कवि र कविताका कुरा भएनन। उनको स्वभाव, आचरण र व्यवहारसँग मलाई कुनै सरोकार छैन पनि। म कविता पढ्छु कवि हैन।

एकसय पन्द्र पृष्ठको पुस्तकभित्र लामा छोटा गरेर जम्मा पैतीसवटा कविता छन्। चौधौं कविता **'मान्छेभित्र एउटा क्रान्ति फेरि पलाओस्'** शीर्षक मात्र हेर्दा पनि विषयवस्तु, उद्देश्य र शैलीका आधारमा प्रगतिवादी चेतनाले प्रेरित मुक्तछन्द कविता हो भन्न सकिन्छ। यस कविताले समाजमा विद्यमान शोषण, दमन, अन्याय, अत्याचार, सामन्ती सोच र भ्रष्टाचारप्रति तीव्र असन्तुष्टि व्यक्त गरेको छ। कविले जनजीवनका यथार्थ समस्यालाई उजागर गर्दै परिवर्तन र क्रान्तिको आवश्यकतामाथि जोड़ दिएका छन्। शोषित र पीड़ित वर्गको पक्षमा उभिएर सामाजिक न्याय, समानता र परिवर्तनको आकाङ्क्षा व्यक्त गरिएकाले यसलाई प्रगतिवादी वा प्रगतिशील कविता भन्न सकिन्छ।

कविताहरू प्राय उस्तै भाव भएका पाइन्छन्। प्रगतिवादी मान्छे र मन, मान्छेभित्र बाँच्नपर्छु सत्य मन, यसै भन्छु ए फूल क्रान्ति गर, गरीवको पनि सपना हुन्छ, स्वार्थको जाँतोमा पिसिएका अन्जान मान्छेहरू आदि शीर्षकहरूबाट नै स्पष्ट हुन्छ कि यि कविताहरू मार्मिक, सामाजिक र प्रगतिशील विचारका छन भन्ने कुरा।

कविको कलम खारिएको छ। उनी मान्छेहरूलाई जाग्र, उठ्न र केही गर्नुपर्छ भनेर कविता मार्फत सिकाउछन। ऊर्जा दिन्छन्। पठकलाई सक्रिय बनाएर राख्ने क्षमता, किताव पढ्न जोश जाँगर भर्ने बनाइरहन्छ, यस सङ्ग्रहले। विशेष गरेर भुइं मान्छेको आवाज बोकेका कविता छन्। सबै कविताको बारेमा म यहाँ भन्दिन। किनकि पाठकले आफैले किताव पढ़ेर बुझ्नुपर्ने हुन्छ। मेरो पाठकीय प्रतिक्रिया हेरेपछि किताबको सम्पूर्ण कुरा थाहा भएको खण्डमा पाठकले पुस्तक पढ्दैनन्। त्यसैले यो पठन योग्य किताबलाई तपाईँ पाठकहरूले खोजेर पनि पढ्दा पक्कै पनि नोक्सान हुदैन।

अन्त्यमा, कुनैपनि पुस्तकमा कहिँकतै खोट त भैहाल्छ। तर पनि यस पुस्तकमा उस्तो खास केही छैन। आगामी दिनमा आउने पुस्तक यो भन्दा उत्कृष्ट आउनेमा दुईमत छैन। कविले अङ्क भन्दा पनि परिणाममा ध्यान दिनु जरुरी छ। कविको उन्नति प्रगतिका साथ यस पुस्तकका लागि बधाई अनि अरू नयाँ पुस्तकका लागि शुभकामना छ। ❐

एकपल्ट त...

✍ मेनुका पौड्याल
राङ्का, पूर्व सिक्किम

कति दिन्छौ आँसु मलाई
कति पिलाउँछौ पीड़ाको घुट्की मलाई
कति भिजाउँछौ मेरा थाकेका नयन
रात–दिन एउटै प्रश्नमा हराउँदा
एकपल्ट त मलाई पनि बाँच्न देऊ।

एक्लोपनले घेरेको यो मनलाई
कसैले नबुझ्ने मौनतामा थिचेर
साथ खोज्दा खाली हात मात्र पाएँ
भीड़मै हराएको मेरो अस्तित्वलाई
एकपल्ट त मलाई पनि बाँच्न देऊ।

मायाको अभावले सुक्दै गएको मन
स्पर्शबिना चिसो बनेको आत्मा
मायाको नाममा पीड़ा मात्र बाँड्यौ
निसास्सिएको यो हृदयलाई
एकपल्ट त मलाई पनि बाँच्न देऊ।

दुःखै–दुःखले भरिएको यो जीवनमा
खुसी त सपना जस्तै टाढ़ा भयो
आँसु पुछ्ने हात खोज्दै थाकिसकेँ
एक थोपा मुस्कानको भिख देऊ
एकपल्ट त मलाई पनि बाँच्न देऊ।

काँड़ाले मात्र बनेको मेरो बाटोमा
रगत बग्दै अघि बढ़िरहेँ
फूल कहिल्यै मेरो भाग बनेन
घाउमाथि मलम जस्तै आशा देऊ
एकपल्ट त मलाई पनि बाँच्न देऊ।

दागै–दागले भरिएको यो अनुहारमा
समाजले लेखेका निर्दयी कथाहरू छन्,
सौन्दर्य होइन, स्वीकार खोजेको हुँ
घृणामाथि प्रेमको मलम लगाइदेऊ
एकपल्ट त मलाई पनि बाँच्न देऊ। ❐

डी.आर. नेपालकृत 'समयले जन्माएका जिन्दगीका कथाहरू' : एक अध्ययन

✍ पेम नर्बु शेर्पा 'ज्योति'
माथिल्लो दिउ–दामथाङ, नाम्ची सिक्किम



सिक्किमेली समाजमा साहित्यकार एवम् पूर्व वरिष्ठ अधिकारी डी.आर. नेपालको छुट्टै पहिचान रहिआएको छ। तुमिन बराङ, पूर्व सिक्किम निवासी धर्मानन्द नेपाल र तुलसादेवी नेपालको कोखबाट १५ सेप्टेम्बर १९५६ मा जन्म लिएका नेपालको 'समयले जन्माएका जिन्दगीका कथाहरू' मा उनकै जीवनमा घटेका सत्य घटनाहरूको रोचक प्रस्तुति मान्न सकिन्छ।

'पढ़ाइ सम्बन्धी मेरो यात्रा' लेखमा उनले आफ्नो प्राथमिक स्तरका पढ़ाइबारेमा जानकारी दिएका छन्। जसको अध्ययनबाट उनको बाल्यकाल र पारिवारिक बारेमा थाहा पाइन्छ। उनको अर्को लेख 'सरकारी नोकरीसित सम्बन्धित गतिविधिहरू' झनै चाखलाग्दो छ। सरकारी नोकरी प्राप्त गर्नका निम्ति कस्ताकस्ता कठिनाइ झेल्नुपर्‍यो भन्ने विषयमाथि यहाँ प्रकाश पारिएको पाइन्छ। साँच्चै भन्नुपर्दा उनको समयमा पाउने सरकारी नोकरी र हिजोआजको सरकारी नोकरीमा जमिन आसमानको अन्तर देखिन्छ भन्ने साथै उनले इमानदारीपूर्वक सरकारी सेवालाई अघि बढ़ाएका कुराहरूसँगै उनी ग्राम विकाश जिल्ला विकाश अधिकारी हुँदा गाउँमा कस्ताकस्ता कार्यहरू गरे भन्ने विषयलाई पनि रोचक ढङ्गले प्रस्तुत गरेका छन्। अन्तमा आएर ३ जून २०१९ मा उनले आफ्नो ४२ वर्षको लामो सरकारी नोकरीबाट अवकाशप्राप्त गरेका थिए।

तेस्रो लेख सिक्किम सरकारी कर्मचारी सङ्घको अध्यक्षको रूपमा निर्विरोध बनेपछि सरकारी कर्मचारीहरूको पक्षमा उनले गरेका कल्याणकारी कार्यहरूको विवरणसहित सरकारसँग आफ्नो माग राख्दा झेल्नुपरेको सङ्घर्षका कथाहरू समावेश गरेका छन्, जहाँ उनलाई एक निडर र साहसी व्यक्तिको रूपमा पाउन सकिन्छ।

त्यसरी नै **'राज्य उत्कृष्ट सेवा पुरस्कार : एउटा उपलब्धि'** लेखमा उत्कृष्ट सेवा पुर्‍याउने सरकारी कर्मचारीहरूलाई पन्ध्र अगस्तको दिन राज्य उत्कृष्ट सेवा पुरस्कार प्रदान गर्ने चलन रहिआएको छ। यसै क्रममा डी.आर. नेपालज्यूलाई पनि १५ अगस्त २००६ को स्वतन्त्रता दिवसको अवसरमा तत्कालीन मुख्यमन्त्री पवन चामलिङको बाहुलीबाट उनको सरकारी सेवाको मूल्याङ्कन गर्दै 'राज्य उत्कृष्ट सेवा पुरस्कार' प्रदान गरिएको थियो।

यसैबाट अनुमान लगाउन सकिन्छ कि सरकारमा उनको चरित्र र कार्यप्रणाली कस्तो थियो अनि गाउँघरमा उनी कस्ता व्यक्ति थिए। छोराछोरीका निम्ति माता–पिताभन्दा ठूलो अरू के हुनसक्छ? जुन सन्तानले सधैँ माता–पिताको सेवा र आदर गर्छन् ,उनीहरू कहिले असफल हुँदैन तर समयमै सन्तानले आफ्नो मातापिताको सेवा गर्न चाहेन भने पछि आफैलाई धोका हुन्छ।

'तुलसादेवी स्मृति प्रतिष्ठान : हाम्रो श्रद्धा' शीर्षकमा श्री नेपालको पारिवारिक सम्बन्ध हेर्नु हो भने खुबै मिलेको देखिन्छ। आफ्नो सन्तानको भविष्यसँग सधैँ सचेत रहँदै घरेलु कामकाज ठीकसँग पालन गर्दै अघि बढ्ने माताश्री तुलसादेवी नेपाललाई कम उमेरमै रोग लागेकाले उनको देहान्त भयो। चाहेर पनि उनको निम्ति केही गर्न नसक्नु सन्तानलाई धोका भएको देखिन्छ। यसै अपूर्तिलाई पूरा गर्न श्री डी.आर. नेपालज्यूले आफ्नो दाजुभाइ र दिदीबहिनीसँग मिलेर आफ्नी माताको नाममा 'तुलसादेवी स्मृति प्रतिष्ठान' स्थापना गरेर गाउँका पाठशालामा अध्ययनरत विद्यार्थीहरूका निम्ति कल्याणकारी कार्यहरू गरेको देखिन्छ।

श्री नेपाल आफ्नो परिवारका निम्ति मात्रै नभएर गाउँघरका निम्ति पनि केही गर्नुपर्छ भन्ने आदर्श व्यक्ति हुन्। उनले आफ्नो बाबाको व्यक्तित्वलाई लिएर छैटौं लेख **'बाबाको व्यक्तित्व : मण्डलको जिम्मेवारी'** मा गाउँघरका मानिसहरू बाबासँग किन डराउँथे अनि आफ्ना छोराछोरीलाई संस्कृत पढ़ाउँदा–पढ़ाउँदै किन स्कुलमा दाखिल गर्नुपर्‍यो? इत्यादि विषयको रोचक र चाखलाग्दो प्रकारले जानकारी दिएका छन्। उनले 'विवाह बन्धन' शीर्षकमा विवाह गर्नुभन्दा अघि घरको प्रायःजसो जम्मै कामहरू गर्ने गरेको अनि यसै अपूर्तिलाई पूरा गर्नकै निम्ति बाबाको आदेशलाई मान्दै विवाह गर्नुपरेको जानकारीसँगै आफ्नो जीवन र परिवार सम्पन्न बन्नका निम्ति उनकी पत्नीले कत्तिको सहयोग गरिन् इत्यादि विषयको पनि जानकारी दिएका छन्।

'को सही, को गलत' शीर्षक रहेको अर्को लेख उनी मुख्यमन्त्रीको कार्यालयमा संयुक्त सचिव हुँदा १० दिसम्बर २००१ मा सिक्किमस्थित चुम्बुक सेकेण्डरी स्कुलको स्वर्णजयन्ती कार्यक्रमसँग सम्बन्धित छ। त्यस दिनको कार्यक्रममा श्री नेपालज्यू र वरिष्ठ साहित्यकार पद्मश्री बी.बी. मुरिङ्लाबीच खुबै रोचक गफ भएको श्री नेपालज्यूले यसै रचनामार्फत व्यक्त गरेका छन्। जसमा पद्मश्री मुरिङ्लाको भनाइ यस्तो छ– "तपाईँ त साहेब (मुख्यमन्त्री)सित ढुक्कै साथमा हिँड्नु हुन्छ, सिक्किमको पत्र–पत्र छ्यान मारिसक्नु भएको छ। अझै कति मौका छ। तपाईँको जस्तो यसरी अनुभव बटुल्ने सौभाग्य सबैलाई मिल्दैन। यी अनुभवलाई लिएर केही लेखेर राख्ने गर्नुहोस्, पछि राम्रो सङ्कलन हुन्छ।" कार्यक्रम सकेर छुट्टिने बेलामा पनि उहाँले मसित हात मिलाउँदै, "लेख्ने गर्नुहोस् है" भनी दोहोर्‍याउनुभएको थियो। स्कुलको कार्यक्रम सकेपछि स्कुल नजिकै एकजना पुलिसकर्मीको निधन भएकोले मुख्यमन्त्री त्यहाँ समवेदना प्रकट गर्न गएको अनि फर्किने क्रममा श्री नेपालज्यूको गाड़ी कुनै अधिकारीले अन्जानमा लिएर गएको देखिन्छ भने कोही बेला मान्छेमा यस्तै गल्ती हुनु स्वाभाविकै हो। ☛ रहल पृष्ठ ७–मा

अथाह कथा : जीवन भोगाइका कथा

✍ रवि पौड्याल 'रटन'
अप्पर नाम्फिङ, नाम्ची, सिक्किम



जीवन आफैँमा एउटा अथाह कथा हो। यसमा सुख र दुःख, प्राप्ति र गुमाइ, आशा र निराशा, प्रेम र विछोड़, सङ्घर्ष र सफलताका अनेकौँ तहहरू हुन्छन्। कतिपय जीवनका कथा समयसँगै हराएर जान्छन्, कतिपय स्मृतिमा मात्र सीमित रहन्छन् भने कतिपयले कृतिको रूप लिएर एउटा समय र समाजको दस्तावेज बन्ने अवसर पाउँछन्। कपिलमणि अधिकारीको अथाह यस्तै जीवनभोगाइबाट जन्मिएको कृति हो। अथाहलाई केवल आत्मजीवनीका रूपमा मात्र हेर्नुभन्दा एउटा व्यक्तिको जीवनमार्फत एउटा समय, समाज र परिवेशलाई नियाल्ने कृतिका रूपमा हेर्नु बढ़ी सान्दर्भिक देखिन्छ। यसमा लेखकले आफ्नै जीवनका सुख–दुःख, अभाव, सङ्घर्ष, पारिवारिक परिस्थिति, प्रेम, रोजगारी, सामाजिक सम्बन्ध तथा साहित्यिक यात्रालाई कथात्मक शैलीमा प्रस्तुत गरेका छन्। त्यसैले कृति पढ्दै जाँदा पाठकले एउटा व्यक्तिको कथा पढ़िरहेको मात्र अनुभूति गर्दैन, बरु आफू बाँचेको वा सुनेको समाजका धेरै परिचित अनुहार र घटनाहरूलाई समेत सम्झन पुग्छ।

कपिलमणि अधिकारी भारतीय नेपाली साहित्यमा लामो समयदेखि सक्रिय साहित्यकार हुनुहुन्छ। सन् १९८० देखि साहित्यिक यात्रामा सक्रिय उहाँले कविता, कथा र उपन्यासलगायतका विधामा कलम चलाउँदै आउनुभएको छ। फक्रिन नपाएका कोपिलाहरू, दुखेको चोट, विडम्बना, एक अदृश्य सपना, एउटा अर्को दृश्य र बाँझो धर्ती उहाँका प्रकाशित कृतिहरू हुन्। साहित्यसँगै पुलिस सेवामा लामो समय बिताउनुभएका अधिकारी नाट्यकर्ममा समेत सक्रिय रहनुभएको छ। यही साहित्यिक र सामाजिक अनुभवको लामो यात्रापछि अथाह पाठकसमक्ष आएको देखिन्छ। यस कृतिको भूमिका आर. के. पोखरेलले लेख्नुभएको छ। करिब २११ पृष्ठमा फैलिएको यस कृतिमा लेखकले आफ्नो जीवनका विभिन्न कालखण्डलाई स्मृति, अनुभूति र भोगाइका आधारमा प्रस्तुत गरेका छन्।

कृतिको प्रारम्भिक कथामध्ये 'अथाह' स्वयं विशेष महत्वको देखिन्छ। यसमा लेखकले जन्मेदेखि नै भोग्दै आएका दुःख, पीड़ा, अभाव र सङ्घर्षलाई प्रस्तुत गरेका छन्। बाल्यकालको कठिन अवस्था, गरिबी, शिक्षा हासिल गर्ने क्रममा भोग्नुपरेका समस्या र पारिवारिक परिस्थितिले लेखकको व्यक्तित्व निर्माणमा पारेको प्रभाव कथामा देखिन्छ। गरिबी अथाहको एउटा प्रमुख पृष्ठभूमि हो। विद्यालय जान खाली खुट्टा हिँड्नुपर्ने अवस्था, विद्यालयका विशेष कार्यक्रमहरूमा सहभागी हुन नसक्नु, आवश्यक कागजपत्रसमेत आफन्तबाट लुकाइनुजस्ता प्रसङ्गले लेखकले भोगेको सामाजिक तथा आर्थिक यथार्थलाई उजागर गर्छन्। यी प्रसङ्गहरू केवल व्यक्तिगत दुःखका विवरण होइनन्; त्यस समयको ग्रामीण समाजमा शिक्षा, आर्थिक अवस्था र पारिवारिक सम्बन्धले व्यक्तिको भविष्यमा पार्ने प्रभावका चित्र पनि हुन्।

कृतिमा सन् १९६८ को भेलपहिरोको प्रसङ्ग पनि आउँछ। दशैंको समयमा आएको उक्त प्राकृतिक विपत्तिले सिक्किममा ठूलो जनधनको क्षति पुर्‍याएको थियो। त्यस विपत्तिको प्रभाव लेखकको परिवारमा पनि परेको प्रसङ्गले प्रकृतिको प्रकोप र कमजोर आर्थिक अवस्थाबीचको सम्बन्धलाई मार्मिक ढङ्गले प्रस्तुत गरेको छ। त्यसैगरी, सन् १९७५ को सिक्किमको राजनीतिक परिवर्तनको प्रसङ्ग पनि कृतिमा आएको छ। व्यक्तिगत जीवनका घटनासँगै समाज र समयका महत्वपूर्ण घटनालाई जोड़ेर प्रस्तुत गर्नु अथाहको अर्को उल्लेखनीय पक्ष हो। यसले कृतिलाई निजी स्मृतिको सीमाबाट बाहिर निकालेर सामाजिक दस्तावेजको नजिक पुर्‍याउँछ। पारिवारिक जीवनका विविध पक्ष पनि कृतिमा उत्तिकै प्रभावकारी रूपमा आएका छन्। घरको मूल व्यक्तिले मद्यपान गर्दा परिवारमा उत्पन्न हुने समस्या, गरीब परिवारमा धेरै सन्तान हुँदा थपिने आर्थिक बोझ, अंशबण्डाका कारण सिर्जना हुने तनाव आदिलाई लेखकले आफ्नो भोगाइसँग जोड़ेर प्रस्तुत गरेका छन्। यहाँ लेखक केवल आफ्नो दुःख सुनाउने व्यक्ति मात्र होइनन्; आफ्ना अनुभवबाट समाजका केही कटु यथार्थ देखाउने साक्षीका रूपमा पनि उपस्थित हुन्छन्।

युवावस्थाका प्रसङ्गमा प्रेम र विछोड़ले पनि कृतिमा स्थान पाएको छ। सामाजिक तथा जातीय कारणले प्रेम सम्बन्ध सफल हुन नसकेको अनुभवलाई लेखकले आत्मीयतापूर्वक प्रस्तुत गरेका छन्। विछोड़पछि पनि आफूले प्रेम गरेको व्यक्तिको सुखको कामना गर्नुले लेखकको संवेदनशील मनोभूमिलाई प्रकट गर्छ। यस प्रसङ्गमा व्यक्तिगत प्रेमको कथा मात्र नभई तत्कालीन सामाजिक सोच र जातीय विभाजनले व्यक्तिको निजी जीवनमा पार्ने प्रभावसमेत देखिन्छ। शिक्षा पूरा गरेपछि सरकारी जागिरका लागि विभिन्न कार्यालय धाउँदा भोग्नुपरेको अपहेलना, आफन्तबाटै आएको अवरोध र कतिपय ठाउँमा पाएको सम्मानका प्रसङ्गले कृतिमा रोजगारीको सङ्घर्षलाई पनि महत्वपूर्ण स्थान दिएका छन्। अन्ततः पुलिस सेवामा प्रवेश गरेपछि पारिवारिक आर्थिक अवस्थामा सुधार आएको र त्यससँगै आफ्नो अध्ययनलाई पनि निरन्तरता दिएको प्रसङ्गले जीवनमा आएको परिवर्तनलाई देखाउँछ। तर नोकरी पाएपछि पनि जीवन सहज बनेको छैन। बढुवा, कार्यालयीय सम्बन्ध र आर्थिक चलखेलसँग जोड़िएका अनुभवलाई लेखकले कृतिमा प्रस्तुत गरेका छन्। आफूले आर्थिक रूपमा त्यस्तो चलखेलमा सहभागी हुन नसक्दा बढुवा नपाएको र खर्च गर्न सक्ने व्यक्तिले अवसर पाएको प्रसङ्गमार्फत तत्कालीन कार्यप्रणालीप्रतिको आफ्नो अनुभव उनले अभिव्यक्त गरेका छन्। यो प्रसङ्गले सरकारी सेवाभित्रका केही अनुभवलाई पाठकसमक्ष ल्याउँछ। अथाहको अर्को महत्वपूर्ण पक्ष लेखकको साहित्यिक यात्रा हो। पुलिस सेवाको व्यस्तता, पारिवारिक जिम्मेवारी र जीवनका अनेकौँ समस्याबीच पनि साहित्यप्रतिको आफ्नो ☛ रहल पृष्ठ ७–मा

मेथी खेतीबारे जानकारी

मेथी भान्सामा नियमित प्रयोग हुने मसलारुपीमा पर्ने खाद्य बाली हो। मेथीको साग हरियो तरकारीको रुपमा प्रयोग हुने गर्दछ। मेथीको बीज एक बहुमूल्य औषधी समान हुन्छ। यसले भोक बढाउने तथा सङ्क्रामक रोगबाट रक्षा गर्दछ। मेथीमा प्रोटीन, वसा, कार्बोहाईड्रेट, क्याल्शियम, राइबोफ्लेविन, नियासिन, म्याग्नीशियम, पोटाशियम, सोडियम, म्याङ्गनीज, फोलिक एसिड, अनि फाइबर फास्फोरस तथा फलाम, तामा प्रचुर मात्रामा पाइन्छ।

मेथी शरद् तथा शीतकालीन मसलाबाली हो। यसको वृद्धि र विकासका लागि चिसो, तुषारो रहित हावापानी चाहिन्छ। यसको बीउ सोझै खेतमा छरिने हुनाले लाइनमै छर्नुपर्दछ। तयारी जग्गामा २०–२५ सेमीको फरकमा लाइन कोरेर बीउ र बालुवा मिसाइएको बीउ एकनासले छर्नुपर्दछ। त्यसपछि हल्का किसिमले बीउलाई पुरेर हजारीको सहायताले माटोलाई हल्का भिजाइदिनु पर्दछ।

मेथी शरद् तथा शीतकालिन मसलाबाली हो। यसको वृद्धि र विकासका लागि चिसो, तुषारो रहित हावापानी चाहिन्छ। यसको बीउ पाक्ने बेलामा भने केही सुख्खा र गरम मौसमको आवश्यकता पर्दछ। मेथी खेतीको लागि १२ केजी राम्रो बीउ भए १ हेक्टर जमीनलाई पुग्दछ।

यसको बीउ सोझै खेतमा छरिने हुनाले लाइनमै छर्नुपर्दछ। तयारी जग्गामा २०–२५ सेमीको फरकमा लाइन कोरेर बीउ र बालुवा मिसाईएको बीउ एकनासले छर्नुपर्दछ। त्यसपछि हल्का किसिमले बीउलाई पुरेर हजारीको सहायताले माटोलाई हल्का भिजाई दिनुपर्दछ।

यसको लागि दुई तीनपटक खनजोत गरी डल्ला फोरेर झारपात हटाई माटोलाई बुरबुराउँदो बनाउँदै जग्गालाई सम्याउनु पर्दछ। यसरी तयार गरिएको जमीनमा १–१.५ मिटर चौडाई भएको क्यारी बनाउनुपर्दछ।

मेथी खेतीको लागि माटोको कारणले गर्दा खेती गर्न रोकिनु पर्ने अवस्था रहँदैन जुनसुकै किसिमको माटोमा गर्न सकिन्छ तर बढी उत्पादनको लागि भने प्राङ्गारिक पदार्थ प्रचुर भएको पानी नजम्ने दोमट माटो उत्तम हुन्छ।

हरियो सागको रुपमा प्रयोग गर्नका लागि ४०००–५००० र दानारबीउको रुपमा ५००–७०० केजी प्रति हेक्टर उत्पादन लिन सकिन्छ।

यसबाट दुई किसिमको उत्पादन लिन सकिन्छ। हरियो सागको रुपमा २०–२५ दिन देखि र दानारबीउको रुपमा ९०–१०० दिनमा उत्पादन लिन सकिन्छ।

यस बालीमा कीराहरूले त्यत्ति धैरै नोक्सानी गरेको पाइन्न। यदाकदा देखिने पात खाने लाभ्रे अथवा कोसामा लाग्ने गवारो देखिएमा मालाथायन १ मिलि प्रतिलिटर पानीमा मिसाएर छर्दा रोकथाम गर्न सकिन्छ। मेथी बालीमाजरा कुहिने, थोप्ले, सिन्दुरे तथा पाउडरी मिल्ड्यू जस्ता रोगहरू लाग्दछन्। यिनीहरूको रोकथामको लागि डाईथेन एम–४५ वा बेभिष्टिन वा सल्फर २ ग्राम प्रतिलिटर पानीमा मिसाई २–३ पटक छरेमा उल्लेखित रोगहरूलाई नियन्त्रण गर्न सकिन्छ।

यसलाई पहिलो सिँचाई बीउ छर्ने बित्तिकै दिनुपर्दछ। दोस्रो सिँचाई चिस्यानलाई हेरी २–३ दिन पछि र त्यसपछि ७–१० दिनको अन्तरालमा सिँचाई गरी रहनुपर्छ। लाइनमा लगाईएको मेथी बालीलाई कुटो वा खुर्पीले गोडमेल गरेर झारपातनिकाली सफा राख्नु पर्दछ। धैरै बाक्लो उम्रेको ठाउँमा छाँटीरबेडाई दिनुपर्दछ जसले गर्दा बाली स्वस्थ्य रहने र उत्पादनमा वृद्धि हुन्छ। बढ़ी उत्पादन लिनको लागि बीउ छरेको ३० दिन पश्चात् २० केजी नाईट्रोजनप्रति हेक्टर छर्नुपर्दछ।

चिया बगानमा कल्चरल पोज

घुम्न आएका पर्यटकलाई आकर्षित गर्ने र भुलाउने अनेक काइदा हुन्छन्। त्यसमध्ये पनि चिया बगान घुम्न आएकाहरू प्राकृतिक सुन्दरतामा रमाउँदै फोटो खिचेर मज्जा लिन रुचाउँछन्। थुम्का–थुम्कामा फैलिएको चिया बगानमा उभिएर सेल्फी खिच्नुको रमाइलो बेग्लै छ। 'हरियो कार्पेट' जस्तो देखिने चिया बगानमा खिचिएको तस्वीर सामाजिक सञ्जालमा अपलोड गरे लाइक र कमेन्ट थामिनसक्नु हुन्छ। दार्जीलिङको चिया बगानमा दशी तथा विदेशी पर्यटकहरू फोटो खिचाउ धुइरो लागेका हुन्छन्। त्यसरी नै मिरिकमा पनि पर्यटकहरूले कल्चरल पोज दिई फोटो खिचिरहेका हुन्छन्। नेपालस्थित इलामको कन्याम चिया बगान पुगेका पर्यटकहरू आफूले लगाएको पहिरनमा मात्र फोटो खिचाउँदैनन्। उनीहरू विभिन्न जातजातिका मौलिक पोसाक लगाएर फोटो खिचाइरहेका पाइन्छन्। कन्याममा राई, लिम्बू, शेर्पा, नेवार, लाप्चा, तामाङ, मगर, गुरुङ आदिका मौलिक पहिरन लगाएर फोटो खिचाउनेहरूको ओइरो लाग्छ। यतिबेला कन्याममा परम्परागत पहिरन आन्तरिक पर्यटकहरूको रोजाइमा पर्न थालेको छ। यस्ता परम्परागत पहिरनका लागि पोसाक सेन्टरहरू पनि खुलेका छन् जहाँ विभिन्न जातिका पोसाकदेखि गहनासम्म उपलब्ध हुन्छन्। एउटा ड्रेस लगाएर तस्बिर खिचाएको समयअनुसार १ सयदेखि २ सय रुपैयाँसम्म शुल्क लिने गरेको व्यवसायीहरू बताउँछन्। आदिवासी जनजातिको पोसाक चिनाउन र पर्यटन प्रवर्द्धन गर्न 'कल्चर ड्रेस' को महत्व बढ्दै गएको व्यवसायीहरूको भनाइ छ। घोडचढीमा रमाउन, चियाबारीमा फोटो खिच्न, पिकनिकमा रमाउन, सूर्योदयको दृश्यावलोकन गर्न, चिया गार्डेन हाइकिङ गर्न तथा चियाको महत्व बुझ्न सूर्योदय नगरपालिकाको कन्याम धेरैको रोजाइ बन्दै गएको छ।

हाइकिङको कुनै सिजन वा मौसम हुँदैन

खुलेको आकाश, हरियाली र सुनसान वन–जङ्गल। चराको चिरबिर आवाज, सिरसिर चलिरहने चिसो बतास। उकाली–ओराली, डाँडा–पाखा अनि गाउँले परिवेश। पसिनाले निथ्रुक्कै भिजेको शरीरमा घरिघरि चिसो हावाको शीतलताका कारण जता हिँडे पनि उस्तै मज्जा। यस्तो मज्जा हाइकिङमा मात्र लिन सकिन्छ।

एकदिने पदयात्रा अर्थात् हाइकिङ अहिले विभिन्न स्थानमा संस्कृतिकै रूपमा विकसित हुन थालेको छ। हप्ता, पन्ध्र वा महिना दिनमा एकपटक हाइकिङमा जाने चलन अहिले नौलो रहेन। व्यस्त रहने कर्मचारी, विद्यार्थीदेखि व्यवसायीहरू समूह मिलाएर हाइकिङ जाने गरेका छन्। त्यतिमात्र होइन छोटो समयका लागि आएका पर्यटक लामो समयको

पदयात्रा गर्न नभ्याउँदा हाइकिङ जान्छन्। पहाडी भेगमा हाइकिङ बढी लोकप्रिय छ। स्वस्थ रहन दैनिक एक घण्टा हिँड्नु वा पसिना निकाल्नुपर्छ भन्ने अवधारणाअनुरूप हाइकिङको क्रेज बढ्दै गएको पाइन्छ। पर्यटकका लागि डाँडाकाँडा हाइकिङ गर्नेहरूको रोजाइमा पर्ने गरेका छन्। हाइकिङको कुनै सिजन वा मौसम हुँदैन। जुनसुकै मौसममा फुर्सद मिलाएर हाइकिङ गर्न सकिन्छ। यद्यपि विशेषगरी फागुन, चैत, वैशाख तथा भदौ, असोज र कात्तिक महिना हाइकिङको उपयुक्त मौसम मानिन्छ। प्रत्येक ऋतु हाइकिङका लागि उपयुक्त मानिन्छन् किनभने एउटा ऋतुमा हाइकिङ गर्दा जहाँ काफल पाकेको हुन्छ, अर्कोमा त्यहीँ ऐंसेलु अनि लालीगुराँस पाइन्छ। कुनै महिना पतझड र झाडी भैदिन्छ त कुनै महिना हरियाली। त्यसैले एकदिने यात्रा गर्न कुनै मौसम र ऋतु बाधक बन्दैन। महिनाभरि तनाउमा बिताउनेहरू हाइकिङमा रमाउन निस्कनु अनौठो हुन छाडेको छ।

सरकारले पनि हाइकिङमार्फत पर्यटक भुलाउने नयाँ कार्ययोजनाहरू तयार पार्न थालिसकेको छ। ट्रेकिङ गन्तव्यहरूमा यातायातको सेवा–सुविधा बिस्तार भइसकेकाले विदेशबाट आएका पर्यटकहरू पनि हाइकिङतिर रमाउन थालेका छन्। पुराना ट्रेकिङ रुट भएका क्षेत्रमा यातायातको कोलाहल भएकाले पर्यटकले हाइकिङ रोज्न थालेको उनले बताए। धेरैले हाइकिङका लागि नयाँ वर्ष, चाडपर्व, साप्ताहिक बिदा, सार्वजनिक बिदा आदि अवसर रोज्छन्।

हाइकिङ जाँदा

हाइकिङ विशेषगरी समूहमा रमाइलो हुन्छ। यसका लागि ५ देखि १२ जनासम्मको समूह उपयुक्त मानिन्छ। हाइकिङ जाँदा लोकेसन नक्सा बोक्नुका साथै समयको एकदमै ख्याल गर्नुपर्छ। त्यसका लागि हलुका र लचकदार कपडा लगाउनुपर्छ भने समूहको साथ छोड्नु हुँदैन। सँगसँगै हिँड्नुपर्छ तर हिँडाइ एकदरको हुनुपर्छ। हाइकिङमा स्टिक बोक्नु उपयुक्त मानिन्छ।

हाइकिङ जाँदा कम्पास, नक्सा, पानीको बोतल, हेडल्याम्प, खानेकुरा, सनस्क्रिम, ग्लास आदि सामग्री बोक्नुपर्छ। फुटवेयरका रूपमा बुट, सुज, हाइकिङ मोजा आदि प्रयोग गर्न सकिन्छ। मौसमअनुसार ज्याकेट, रेनकोट, लामो टिसर्ट, पञ्जा आदि लगाउन बिर्सनु हुँदैन। एसेसरिजका रूपमा पैसा, सानो ब्याग, ट्वाइलेट पेपर, घडी, डायरी, पेन, क्यामेरा आदि अनिवार्य मानिन्छ। हाइकिङमा धैरै खर्च हुँदैन। सामान्य खानेकुरा खाँदा कम्तीमा १५ सय तथा बढीमा ३ हजार रुपियाँ भए पुग्छ। यसमा आफ्नो रुचिअनुसार खर्च निर्धारण गर्न सकिन्छ।

पशुपालन किसानले वर्षायाममा अपनाउनुपर्ने विधि

गाई, भैंसी, भेड़ा–बाख्रा

खोर/गोठ वरिपरि पानी जम्न नदिई पानी निकासको व्यवस्था गर्नुहोस्।

वर्षातको समयमा हरियो घाँसमा पानीको मात्रा बढी हुने भएकोले पशुको पेटमा पानीको मात्रा बढी भई छेर्ने समस्या देखिने हुँदा पशुहरूलाई हरियो घाँस ओइलाएर मात्र खुवाउनुहोस्।

वर्षायाममा पशु–वस्तुमा पटके रोग देखिन सक्ने भएकोले यसको लक्षण देखिनासाथ नजिकैको भेटेरिनरी प्राविधिकसँग सम्पर्क गर्नुहोस्। पटके रोगका कारणले मरेका पशुवस्तुहरूलाई नाङ्गो हातले नछुनुहोस् र चिरफार पनि नगर्नुहोस्। यो रोग मानिसलाई पनि सर्नसक्ने भएकोले निकै होशियारी अपनाउनुहोस्। पटके रोग लागेर मरेको पशु–वस्तु, तिनिहरूमा प्रयोग गरिएका सोत्तर, आहारा राम्रोसँग नष्ट गर्नुहोस्।

भारी वर्षाले गर्दा हुने बाढीमा मुसाको मुत्रबाट सर्ने लेप्टोस्पाइरोसिस (Leptospirosis) नामक जुनोटिक रोगको प्रकोप बढ़ी हुने भएकाले धान/खेतबारीमा बुट लगाएर मात्र जानुहोस्।

दुषित पानीबाट पशुहरूमा बिभिन्न स्वास्थ्यमा समस्या जस्तैः छेर्ने, पेट फुल्ने आदि देखिने हुँदा विशेष गरि बाढ़ी प्रभावित ठाँउका पशुहरूलाई खानेपानीमा विशेष ध्यान दिनुहोस्।

वर्षातको समयमा पशुवस्तुको खुट्टाको कापतिर घाउ हुने, पाक्ने, औंसा पर्ने, खुट्टा कुहिने आदि समस्या देखिन सक्ने हुँदा पशुवस्तुको हिँड्डुल, चाल आदिको राम्रो निरीक्षण गरि समयमै भेटेरीनरी प्राविधिकसँग सम्पर्क राख्नुहोस्।

यो समयमा पशुहरूमा भ्यागुते र चरचरे रोग देखापर्ने भएकोले यो रोगको शङ्का लागेमा वा देखापरेमा भेटेरीनरी प्राविधिकसँग सम्पर्क राख्नुहोस्।

वर्षातको समयमा भेड़ा–बाख्राहरूमा निमोनिया र छेर्ने समस्या देखिने हुदाँ भेड़ा–बाख्राहरूलाई पानीमा भिज्न नदिनुहोस् र बाहिर चर्न नछोड्नुहोस्। साथै यो समयमा भेड़ा–बाख्राहरूको खुरमा समस्या (विषाणु, ढुसी आदिको सङ्क्रमण) देखिने हुँदा खोरको भुँइ ओभानो राख्नुहोस्।

कुखुरा, हाँस, बङ्गुर

दानाको कमीले कुखुरामा ५०% सम्म मृत्युदर हुने भएकोले वर्षातको समयमा दानाको कमी हुन नदिन अलिक समयसम्मलाई पुग्ने गरि दानाको व्यवस्था गर्नुहोस्।

वर्षातको समयमा कुखुराको अण्डा उत्पादनमा कमी आउने हुँदा खोरमा उज्यालोको मात्रा बढाउनुहोस् र भेन्टिलेशनको व्यवस्था गर्नुहोस्।

यो समयमा कुखुरालाई जुकाको औषधि खुवाउनुहोस् वा नियमितरुपमा हरेक तीन महिनामा खुवाउनुहोस्।

यो समयमा कुखुराहरूमा सेतो छेर्ने, कक्सिडियोसिस र इन्टेराइटिस आदिको समस्या देखिन सक्ने भएकोले विशेष ध्यान पुऱ्याउनुहोस र यस्ता समस्या देखिएमा नजिकैको भेटेरिनरी प्राविधिकसँग सम्पर्क राख्नुहोस्।

वर्षातको समयमा कुखुराको खोरभित्र पानी पस्न नदिन जालीबाहिर प्लास्टिकले ढाक्ने व्यवस्था गर्नुहोस्। खोरमा भिजेको मल तुरुन्त हटाई ओभानो भूस राख्नुहोस्। खोरमा २०–२५ ओ सेल्सियस तापक्रमको व्यवस्था गर्नुहोस् र पानीलाई निर्मलीकरण गरि खुवाउनुहोस्।

वर्षायाममा सापेक्षिक आर्द्रता बढ़ी हुने भएकोले पशुवस्तुलाई खुवाउने पराल, दानालाई सफा र ओभानो ठाउँमा भण्डारण गर्नुहोस्।

मत्स्यपालन

साताका अधिकांश दिनहरूमा वर्षा हुने सम्भावना भएकोले माछापोखरीमा धमिलो पानी मिसिन नदिनुहोस्। साथै पोखरीको पानी निकासको लागि माछाको साइज अनुसारको जाली लगाई निकासको उचित व्यवस्था मिलाउनुहोस्।

सापेक्षिक आर्द्रता बढ़ी भएमा दाना ओसिलो भई ढुसी लाग्नसक्छ। यस्तो दाना खुवाउँदा माछामा कलेजो सुन्निने समस्या (हेपाटोमा) हुन सक्ने भएकोले दानालाई सुख्खा तथा हावा खेल्ने कोठामा जुट वा प्लाष्टिकको बोरामा प्याक गरि काठको फल्याक माथि राख्नुहोस्।

कार्प माछाको अण्डाबाट निस्केको ह्याचलिङलाई अनुसूची–१ मा दिइए अनुसार दानाको प्रयोग गर्नुहोस्। ठूला भुरा तथा फिङ्गरलिङको लागि सन्तुलित र २५ प्रतिशत प्रोटिन भएको दाना शारीरिक तौलको ४–५ प्रतिशतका दरले दैनिक दिनुहोस्।

जीरा खेती गर्ने सोचमा हुनुहुन्छ भने यसो गर्नुहोस्

जीरा एक मसला बाली हो। यसको उत्पत्ति मिश्र (इजिप्ट) मा भएको मानिन्छ। उत्पादन गर्ने प्रमुख राष्ट्रहरूमा भारत, इरान, इराक, साउदी अरव मिश्र चीन आदि पर्छन्।

उपयोग :

जीराको उपयोग सम्पूर्ण समुदाय वर्ग र भौगोलिक क्षेत्र वासिन्दाहरूमा रहिआएको छ। जुनसुकै तरकारी माछा, मासु, अचार, केक आदिमा प्रयोग गरिन्छ। यो रक्तवर्धक हुन्छ। यसको खाने कुरालाई स्वादिष्ट मात्र होइन रुचि समेत बढाउँछ।

जीरालाई औषधिको रुपमा पनि प्रयोग गरिन्छ। घाँटी दुखेको, स्वाद दबेको, रुघाखोकीमा, कलेजो र आन्द्रा सुनिएमा, मेख भित्र दाना निस्केमा यसको प्रयोग गर्ने प्रचलन रहेको छ। जीरा एक झाडिदार मसला बाली हो यसको वानस्पतिक नाम क्यूमिन साईमिनम (cuminum cyminum) हो र यो Apiacae-umbellifarae परिवारमा पर्दछ। यसबाट पाइने वासनायुक्त तेललाई क्यूमिनोल वा क्यूमिक अल्डीहाइड भनिन्छ।

हावापानी र माटोः

जीरा उष्ण प्रदेशीत बिरुवा हो यो उपोष्ण प्रर्दशमा पनि राम्रो हुन्छ। जिरा उष्ण तथा उपोष्ण प्रदेशको शुष्क तथा अर्धशुष्क हावापानीमा लगाउन सकिन्छ। यसबाली हिउँदमा रोपिन्छ र बढ़ी हुस्सु लाग्ने, तुसारो पर्ने तथा हिउँदे वर्षा, बढ़ी हुने स्थानमा जीरा लगाउन उपयुक्त हुँदैन। फूल फूल्ने र दाना लाग्ने बेलामा शुष्क हावापानीले मद्दत पुऱ्याउँछ। यदि बढी आद्रता भएमा ढुसीजन्य रोगले आक्रमण गर्दछ।

यो खी वाली हो चिसान नभएको सुख्खा जमिनमा यसको खेती राम्रो नहुने हुँदा यस बालीको लागि सिँचाई अति आवश्यक छ। पानी न जाम्ने निकासको राम्रो प्रबन्ध भएको बलौटे दोमट माटो उपयुक्त मानिन्छ। जीरा खेती सँधै एउटै स्थानमा लगाई राख्नु राम्रो हुँदैन। लगातार एउटै खेतबाट बाली लिँदा काटोको माध्यमबाट सर्ने रोग मध्ये ओलाउने रोग लाग्ने बढी सम्भावना रहन्छ। १५ देखि २५ डि.से.मि. तापक्रम बीउ उम्रन र बोट वृद्धिको लागि उपयुक्त हुन्छ। फूलफूल्न र बीउ पाक्नको लागि २०–३० डि.से. तापक्रम चाहिन्छ। समुद्र सतहदेखि १००० मी उचाई सम्मका क्षेत्रहरूमा यसको खेती सफलताका साथ गर्न सकिन्छ।

जातहरूः

आर.एस. १ (राजस्थान) भारतीय प्रचलीत जात हो।

आर. जेढ १९ (राजस्थान जीरा–१९)

टोपोल्का – वेल्गेरिया बाट निकालिएको जात हो।

जिसी ४३, जीसी २ जीसी.३ , जीसी.१९८ ले बढ़ी उत्पादन दिने भएकोले खेती गर्न सिफारिस गरिएको छ। जात अनुसार बाली तयार हुन ११० देखि ११५ दिन लाग्छ।

बाली लगाउने र बीउदर

जीरा खेती कार्तिकदेखि मंसीर महिनासम्ममा रोप्न (मंसीर १–२५) उपयुक्त हुन्छ। छरुवा तरिका वा लाइनमा वा क्यारी बनाएर जीरा छर्न सकिन्छ। बीउ दर प्रतिरोपनी ६००–७०० ग्राम आवश्यक पर्दछ।

बीउलाई ८ घण्टा जति भिजाएर छरेमा छिटो उम्रन्छ। बीउ छर्दा १–२ सेमी गहिराईमा छर्नुपर्छ। रोग किराको प्रकोप कम गर्नका लागि बाली चक्र अपनाउनुपर्छ। यदि लाइनमा राप्ने हो भने हारदेखि हारको दुरी ३० सेमी र बिरुवादेखि बिरुवा १५ सेमी दुरी कायम गर्नुपर्छ। छरेर रोपेको भन्दा लाइनमा रोपेको राम्रो नतिजा पाइएको छ। लाइनमा रोप्दा सिँचाई, गोडमेल र बाली संरक्षण गर्नु सजिलो हुन्छ।

बीउ पुर्दा धैरै बाक्लो बढ़ी वा बीउ धैरै गहिराईमा रोप्नु हुँदैन। साधारण तथा छरिएको जीराले लाइनमा रोपेको भन्दा उत्पादन दिन्छ भनिएको छ।

जग्गा तयारीः

दुईतीन पटक खनजोत गरी डल्ला फुटाएर माटो बुरबुराउँदो पार्नुपर्छ। पहिलेका बालीका ठूटाहरू जलाएर नष्ट गर्नुपर्छ। माटोलाई राम्ररी सम्याएर स–साना ब्याड तयार गर्नुपर्छ जसले गोडमेल गर्न सजिलो हुन्छ।

गोडमेल :

सामान्य तथा २–३ पटक झार उखेल्ने पर्छ। लाइनमा छरेको भए हल्का गोडमेल गर्नु उपयुक्त हुन्छ। पछिल्लो पटक झार उखेल्नु र गोडमेल काम जीरा छरेको ३०–४० दिनपछि गर्नुपर्छ। वाक्लो भएका पत्ल्याउनु झारपात नियन्त्रण गर्न वेसालीन विषादी १ लि. प्रति ७०० लि. पानीमा घोली अगाडी छर्नुपर्छ।

सिँचाइ :

बीउ छरेको तुरुन्त हल्का सिँचाइ गर्नुपर्छ। अर्को सिचाई ८–१० दिन पछि गर्नुपर्छ। जिरा १०–१५ दिन पछि उम्रन शुरु गर्छ। माटोको किसम अनुसार ४–६ पटक सिचाई गर्नुपर्छ त्यस पछिका सिँचाइहरू ३०,४५,६५र ८० दिनमा दिनुपर्छ। फूल फूल्ने र दाना लाग्ने वेलामा सिचाई गर्नु अनिवार्य हुन्छ।। वाली पाक्ने वेला सिचाई वन्द गर्नुपर्छ। जिरा वाली अवधी सम्म जीरालाई २२७ मी.ली.पानी आवश्यक पर्दछ।

बाली कटाई तथा उत्पादनः

जीरा पाक्ने समय जात र हावापानी अनुसार फरक पर्दछ। साधारण तथा जीरा ८०–१२० दिनमा तयार हुन्छ। जीरा पूर्ण रुफे छिप्पाएपछि बोट सहित उखेली घाममा सुकाइन्छ सुकाईएको वोट बाट जीरा र १० प्रतिशत भन्दा कम चिस्यान हुनेगरी सुकाएर भणडारण गर्नुपर्छ। प्रतिरोपनी ३०–४५ के.जी उत्पादन हुन्छ।

गगन थापा नेपाली काङ्ग्रेसको सभापति निर्वाचित

काठमाडौँ, १० अक्टोबर: नेपाली कांग्रेसको सभापतिमा गगन कुमार थापा निर्वाचित भएका छन्। १५ औँ महाधिवेशन अन्तर्गत शुक्रवार मतदान भएको थियो। लगत्तै राति अबेरबाट काठमाडौँको राष्ट्रिय सभा गृहमा भएको मतगणना भर्खरैमात्रै सकिएको महाधिवेशनको मिडिया सेन्टरका सदस्य महेश गौतमले जानकारी दिए। उनका अनुसार, सभापति निर्वाचित भएका थापाले ६ हजार ५८४ मत प्राप्त गरेका छन्। त्यस्तै थापासँग प्रतिस्पर्धामा उत्रिएका श्यामकृष्ण खड्गीले भने ३७५ मत पाप्त गरेका छन्। जसमा कुल ५४ मत बदर भएको थियो। ७ हजार ३ सय १७ जना महाधिवेशन प्रतिनिधि रहेकोमा ७ हजार ३९ जनाले मतदान गरेको निर्वाचन समितिले जनाएको छ। सभापति बाहेकका मतपेटिका भने पार्टी कार्यालय सानेपा लगिएको छ।

चीन र युरोपेली सङ्घले व्यापार वार्तापछि कार र दुर्लभ खनिजबारे सहमति

बेजिङ, १० अक्टोबर: चीन र युरोपेली सङ्घबिच भएको व्यापार वार्तामा हाइब्रिड सवारी साधनबारे शुक्रवार 'समझदारी' बनेको छ। उनीहरूका वाणिज्य प्रमुखहरूले वार्ता टुङ्ग्याउँदै संवादलाई बलियो बनाउने सहमति जनाए, जसले पूर्ण व्यापार युद्धको डरलाई कम गरेको छ। युरोपेली सङ्घका मारोस सेफ्कोभिक र चीनका वाङ वेनताओले दुवै पक्ष हाइब्रिड कारको 'कम्पनी मूल्य प्रतिबद्धतासम्बन्धी प्रक्रिया' पालना गर्ने सहमति जनाएको बेजिङको वाणिज्य मन्त्रालयले संयुक्त विज्ञप्ति उद्धृत गर्दै बताएको छ। महत्वपूर्ण अटोमोटिभ क्षेत्र वार्ताको अग्रिम चरणमा केन्द्रबिन्दु थियो। चीनबाट आउने सस्तो उत्पादनले युरोपेली उद्योगलाई थिचोमिचो पारेको छ र ब्रसेल्सले ती निर्यातलाई व्यवस्थापन गर्न खोजिरहेको थियो।

ब्रसेल्सलाई थप राहत दिने कदममा बेजिङले युरोपेली सङ्घलाई दुर्लभ खनिजजस्ता आवश्यक वस्तुहरूको आपूर्ति जारी राख्ने प्रतिबद्धता पनि जनाएको छ। चीनले युरोपेली सङ्घका लागि दुर्लभ खनिज र स्थायी चुम्बकको निर्यात लाइसेन्स स्वीकृतिलाई सहज बनाउन संवाद जारी राख्न तयार रहेको विज्ञप्तिमा उल्लेख छ। उनीहरूले आपसमा 'असहमति' रहेको स्वीकार गर्दै दुवै पक्ष व्यापार वार्ता कायम राख्न र मार्चमा थप बैठक गर्ने प्रतिबद्धता जनाएका छन्। यो वार्ता २७ राष्ट्रको युरोपेली सङ्घ र एसियाली शक्तिबीच महिनौँदेखि बढ्दो तनावपछि भएको हो, जसले व्यापार युद्धमा परिणत हुने खतरा थियो। सेफ्कोभिकले बिहीवार वाङसँग भेटपछि वार्ताले 'ठोस परिणाम' दिनु 'अत्यावश्यक' रहेको बताएका थिए। उनले शुक्रवार विहान युरोपेली सङ्घको चीनसँगको व्यापार घाटा दैनिक करिब एक अरब युरो (१.१ अरब डलर) रहेको र यो 'असहनीय' भएको बताएका थिए। युरोपमा धेरैले चीनलाई ठूला अनुदानमार्फत कम्पनीहरूलाई समर्थन, मूल्य डम्पिङ र मुद्रा हेरफेरजस्ता अनुचित व्यापार अभ्यास गरेको आरोप लगाउँछन्। युरोप बेजिङलाई चिढ़ाउन सक्दैन, तर चीनका लागि पनि जोखिम उच्च छ। कमजोर घरेलु अर्थतन्त्रको क्षतिपूर्ति गर्न चीन निर्यातमा अत्यधिक निर्भर छ। युरोपेली संसद्को व्यापार समिति प्रमुख बेर्न्ड लान्गेले सेफ्कोभिकको भ्रमणअघि भनेका थिए,'' चीनको 'यो आर्थिक सङ्कट' ले युरोपेली सङ्घलाई 'मोलतोलको लागि शक्ति' दिएको छ।''

''चीनस्थित युरोपेली सङ्घ च्याम्बर अफ कमर्सका सदस्यहरूबीच वार्तामा केही 'चिन्ता' रहेको छ'', च्याम्बरका महासचिव एडम डननेटले भने। स्थानीय रूपमा सञ्चालन भएका युरोपेली कम्पनीहरूले 'बकाया व्यापार असन्तुलनको महत्त्व र वास्तविक समस्या'लाई स्वीकार गरेको डननेटले शुक्रवार बेजिङमा एएफपीलाई बताए। ''उनीहरू यसलाई सम्बोधन गर्नुपर्छ भन्ने पूर्ण रूपमा समर्थन गर्छन्, तर यसलाई समानुपातिक, विशिष्ट र वार्तामार्फत गर्नुपर्छ भन्ने चाहन्छन्, ताकि समग्र सम्बन्ध व्यवस्थापन गर्न सकियोस्'', उनले भने। ''बेजिङले दुर्लभ खनिज आपूर्ति जारी राख्ने प्रतिबद्धताले चीनस्थित युरोपेली कम्पनीहरूलाई केही राहत दिनेछ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेका भन्सार शुल्कको बदलास्वरूप बेजिङले गत वर्ष लगाएका नयाँ नियमअन्तर्गत यी कम्पनीहरू महत्वपूर्ण सामग्रीमा जटिल पहुँचको अभावको सामना गरिरहेका छन्। 'त्यसबारे अलि बढ़ी पारदर्शिता हुनु' यस साताको वार्ताको मुख्य उपलब्धि हो'', उनले भने।

पोल्याण्डका १० हजार विद्यालयमा किन गरियो पुलिस परिचालन

वार्सा, १० अक्टोबर: पोल्याण्डका विद्यालयमा चक्कु प्रहारका घटना दोहोरिएपछि सामाजिक सञ्जालमार्फत आक्रमणको धम्की दिने र छुरी बोकेर विद्यालय पुग्ने कैयौँ किशोरलाई पुलिसले पक्राउ गरेको छ। पुलिसका अनुसार शुक्रवारसम्म १० जनालाई नियन्त्रणमा लिइएको छ। पक्राउ पर्नेमा वार्साका १३ वर्षीय किशोर पनि छन्, जसले कक्षाको सामूहिक च्याटमा चक्कुको तस्बिर राख्दै अन्य विद्यार्थीलाई धम्की दिएका थिए। त्यस्तै, १४ वर्षीय अर्का किशोर विद्यालय परिसरमा चक्कु र पटाकासहित पक्राउ परेका थिए। पोल्याण्डमा दुई दिनमा भएका दुई छुट्टाछुट्टै घटनामा एक जनाको मृत्यु भएको छ भने अन्य १२ जना घाइते भएका छन्। बिहीवार वार्साको उत्तरपूर्वमा रहेको लेस्चिदोल–नोविनीस्थित प्राथमिक विद्यालयमा १५ वर्षीय पूर्वविद्यार्थीको आक्रमणबाट एक कर्मचारीको मृत्यु भएको थियो भने दुई जना घाइते भएका थिए। बुधवार ओस्त्रोलेन्काको अर्को विद्यालयमा १९ वर्षीय युवकको चक्कु आक्रमणबाट १० जना घाइते भएका थिए। यी घटनापछि देशभरका करिब १० हजार विद्यालयमा पुलिस परिचालन गरिएको छ। सामाजिक सञ्जालमा 'ब्लडी फ्राइडे' नामक अनलाइन चुनौतीका कारण आक्रमण भएको चर्चा चले पनि पुलिसले त्यस्तो कुनै सङ्गठित चुनौतीको प्रमाण फेला नपरेको जनाएको छ। डिजिटल मामिलामन्त्री क्रिस्टोफ गाभकोव्स्कीले सामाजिक सञ्जालमा फैलिएको भ्रामक सूचनाले थप आक्रमण निम्त्याउन सक्ने भन्दै सचेत रहन आग्रह गरेका छन्।

मेक्सिकोको जेलमा झड़प हुँदा १० जनाको मृत्यु

मेक्सिको सिटी, १० अक्टोबर: मेक्सिकोको उत्तरपश्चिमी राज्य सिनालोआस्थित एक जेलमा कैदीहरूबीच झड़प हुँदा १० जनाको मृत्यु भएको छ भने अन्य १६ जना घाइते भएका छन्। मृत्यु हुनेमा नौ कैदी र जेलमा भेटघाटका लागि आएका एक बालक रहेका छन्। अलजजिराका अनुसार, सिनालोआ राज्यको मजाटलान सहरस्थित एल कास्टिलो कारागारमा बिहीवार झड़प भएको हो। राज्यको सार्वजनिक सुरक्षा सचिवालयले घटनाबारे जानकारी दिँदै घाइते १६ कैदीलाई उपचारका लागि अस्पताल लगिएको जनाएको छ।

सिनालोआका सार्वजनिक सुरक्षा सचिव सिनुहे टेलेजले सामाजिक सञ्जालमा सार्वजनिक गरेको भिडियोमा मृत्यु हुने आगन्तुक नाबालक रहेको बताएका छन्। घटनापछि विभिन्न सुरक्षा निकायका सुरक्षाकर्मी परिचालन गरिएको थियो। अधिकारीहरूका अनुसार अहिले जेलको अवस्था नियन्त्रणमा आएको छ र सुरक्षाकर्मी घटनास्थलमै तैनाथ छन्। मृतकका परिवारलाई घटनाबारे जानकारी दिन सामाजिक कार्यकर्ताहरू परिचालन गरिएको टेलेजले बताएका छन्। तत्काललाई जेलमा कैदी भेट्न आउने आगन्तुकमाथि रोक लगाइएको छ। जेलभित्र रहेका अन्य कैदी सुरक्षित रहेको पनि अधिकारीहरूले जनाएका छन्।

सिनालोआ मेक्सिकोका शक्तिशाली लागुऔषध तस्करी गिरोहहरूको द्वन्द्वका कारण सुरक्षा चुनौती झेलिरहेको राज्य हो। यहाँ सिनालोआ लागुऔषध कार्टेलका प्रतिस्पर्धी समूहहरूबीच सङ्घर्ष हुँदै आएको छ। अमेरिकी विदेश मन्त्रालयले सुरक्षा जोखिमका कारण आफ्ना नागरिकलाई भ्रमण नगर्न सुझाउ दिएका मेक्सिकोका छ राज्यमा सिनालोआ पनि पर्छ। यद्यपि, एल कास्टिलो जेलमा भएको पछिल्लो हिंसा लागुऔषध गिरोहबीचको द्वन्द्वसँग सम्बन्धित थियो वा थिएन भन्नेबारे अधिकारीहरूले केही बताएका छैनन्। झड़पको कारण र घटनामा संलग्न व्यक्तिहरूबारे थप विवरण सार्वजनिक हुन बाँकी छ।

प्रविधि कम्पनीका शेयरमा सुधारसँगै अमेरिकी शेयर बजारमा वृद्धि

न्यूयोर्क, १० अक्टोबर: प्रविधि क्षेत्रका कम्पनीहरूको सेयर मूल्यमा सुधार आएपछि शुक्रवार अमेरिकी सेयर बजारमा वृद्धि भएको छ। उच्च बन्ड प्रतिफल र बढ्दो ऊर्जा मूल्यका कारण उतारचढ़ावपूर्ण रहेको व्यापारिक साताको अन्त्यमा प्रमुख अमेरिकी सेयर सूचकहरू सकारात्मक अवस्थामा बन्द भएका छन्। शुक्रवार डाउ जोन्स इन्डस्ट्रियल एभरेज ०.८३ प्रतिशतले बढ़ेर ५१ हजार ६५४.९५ बिन्दुमा पुगेको छ। त्यसैगरी, एसएन्डपी ५०० सूचक ०.५९ प्रतिशतले वृद्धि हुँदै ७ हजार ८११.५४ बिन्दुमा पुगेको छ भने प्रविधि क्षेत्रका कम्पनीहरूको बाहुल्य रहेको नास्डाक कम्पोजिट सूचक ०.६४ प्रतिशतले बढ़ेर २७ हजार ३६६.१७ बिन्दुमा बन्द भएको छ। एसएन्डपी ५०० अन्तर्गतका ११ प्रमुख क्षेत्रमध्ये ९ क्षेत्रका सेयर सकारात्मक अवस्थामा बन्द भएका छन्। रियल इस्टेट क्षेत्र १.८८ प्रतिशत र उपभोक्ता ऐच्छिक वस्तु तथा सेवासम्बन्धी क्षेत्र १.६९ प्रतिशतले बढ्दै अग्रस्थानमा रहेका छन्। यद्यपि, सञ्चार सेवा क्षेत्र ०.४० प्रतिशत र ऊर्जा क्षेत्र ०.१८ प्रतिशतले घटेका छन्। माइक्रोसफ्ट, अमेजन र पालान्टिर टेक्नोलोजिजजस्ता कम्पनीको सकारात्मक प्रदर्शनसँगै प्रविधि क्षेत्रको सेयर मूल्यमा शुक्रवार ०.३६ प्रतिशतको वृद्धि भएको छ। यसैबिच, अन्तरिक्ष तथा उपग्रहसम्बन्धी कम्पनी स्पेसएक्सले राष्ट्रव्यापी न्यून आवृत्तिको रेडियो स्पेक्ट्रम प्रयोग अनुमतिपत्रहरूको समूह खरिद गर्ने सहमति गरेको घोषणा गरेपछि दूरसञ्चार क्षेत्रमा उल्लेखनीय उतारचढ़ाव देखिएको छ।

कम्पनीका अनुसार उक्त अधिग्रहणले स्टारलिङ्क मोबाइललाई अमेरिकाको प्रमुख मोबाइल नेटवर्क सञ्चालकका रूपमा विकास गर्ने क्रममा रहेको महत्त्वपूर्ण प्राविधिक अवरोध समाधान गर्न सहयोग पुग्नेछ। यस घोषणापछि परम्परागत दूरसञ्चार कम्पनीका सेयर मूल्यमा उल्लेखनीय गिरावट आएको छ। एटी एन्ड टी, टी–मोबाइल यूएस र भेरिजोन कम्युनिकेसन्सका सेयर मूल्य ८.७५ प्रतिशतदेखि १३.२७ प्रतिशतसम्म घटेका छन्। भेरिजोनको सेयर मूल्यमा आएको गिरावट सन् २००२ यताकै एक दिनको सबैभन्दा ठूलो गिरावट रहेको समाचारमा उल्लेख छ। कम्पनीहरूको वित्तीय विवरणतर्फ, डेल्टा एयरलाइन्सको तेस्रो त्रैमासिक नतिजा वाल स्ट्रिटको अनुमानभन्दा कमजोर देखिएपछि कम्पनीको सेयर मूल्य स्थिर रहेको छ। विमान इन्धनको बढ्दो लागतले प्रिमियम हवाई यात्रासम्बन्धी सेवामा कायम मागबाट प्राप्त लाभलाई प्रभावित पारेको कम्पनीले जनाएको छ।

अमेरिकी अर्थतन्त्रतर्फ उपभोक्ताको विश्वासमा थप कमजोरी देखिएको छ। मिशिगन विश्वविद्यालयले सार्वजनिक गरेको प्रारम्भिक उपभोक्ता भावना सूचक अक्टोबरमा घटेर ४६.३ मा पुगेको छ। यो पाँच महिनायताकै न्यून स्तर हो र बजारको ४८ बिन्दुको अनुमानभन्दा कम हो। यसै अवधिमा आगामी एक वर्षका लागि उपभोक्ताको मुद्रास्फीति अपेक्षा बढ़ेर ४.७ प्रतिशत पुगेको छ। उपभोक्ता सर्वेक्षण निर्देशक जोआन सुका अनुसार सेप्टेम्बरको तुलनामा उपभोक्ता भावनामा १.८ बिन्दुको सामान्य गिरावट आएको छ। व्यक्तिगत वित्तीय अवस्था र व्यावसायिक परिस्थितिबारे आगामी वर्षको अपेक्षामा केही सुधार देखिए पनि उच्च मूल्य र ऋणको लागतका कारण टिकाउ उपभोग्य वस्तु खरिद गर्ने अवस्था उल्लेखनीय रूपमा कमजोर बनेको उनले बताएका छन्।

उतारचढ़ावपूर्ण पाँच व्यापारिक दिनपछि अमेरिकी सेयर बजारले शुक्रवार सकारात्मक प्रदर्शन गरेको हो। अब लगानीकर्ताको ध्यान आगामी सातातर्फ केन्द्रित भएको छ, जहाँ तेस्रो त्रैमासिक वित्तीय नतिजा सार्वजनिक गर्ने क्रम तीव्र हुने अपेक्षा गरिएको छ। सिटीग्रुप र वेल्स फार्गोजस्ता प्रमुख वित्तीय संस्थाका साथै युनाइटेडहेल्थ ग्रुप र जोन्सन एन्ड जोन्सनजस्ता स्वास्थ्य क्षेत्रका ठूला कम्पनीहरूले वित्तीय विवरण सार्वजनिक गर्ने कार्यक्रम रहेको छ।

युद्ध अन्त्यको प्रयासमा अमेरिका, युक्रेन र युरोपेली अधिकारीबीच वार्ता

न्यूयोर्क, १० अक्टोबर: रूस–युक्रेन युद्ध अन्त्य गर्ने उद्देश्यले शुक्रवार अमेरिकाको मियामीमा अमेरिकी, युक्रेनी तथा युरोपेली अधिकारीहरूबीच महत्वपूर्ण कूटनीतिक छलफल भएको छ। बढ्दो ऊर्जा मूल्य, क्षेत्रीय सुरक्षा चुनौती र युद्धको निरन्तरताले शान्तिपूर्ण समाधान खोज्ने प्रयासलाई थप महत्वपूर्ण बनाएको छ। अमेरिकी विशेष दूत स्टिभ विटकफका अनुसार बैठकमा बेलायत, फ्रान्स र जर्मनी सम्मिलित समूह 'ईथ्री', युरोपेली आयोग, युक्रेन तथा उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो) का प्रतिनिधिहरू सहभागी थिए।

छलफलमा युद्ध अन्त्यका सम्भावित उपाय, ऊर्जा सुरक्षा, अनाज निर्यात, युक्रेनका लागि सुरक्षा प्रत्याभूति तथा दीर्घकालीन शान्ति स्थापना गर्ने विषयमा विचार आदानप्रदान गरिएको थियो। त्यसैगरी, युद्धपछिको पुनर्निर्माण, युक्रेनको आर्थिक समृद्धि र युरोपेली सङ्घ (ईयू) को सदस्यता प्रक्रियामा सहयोग गर्ने विषयले पनि प्राथमिकता पाएको विटकफले बताए। यसैबिच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको टेलिफोन वार्तापछि रूसले तत्काल तीन लाख टनभन्दा बढ़ी डिजेल आपूर्ति गर्ने र नोभेम्बरमा थप पाँच लाख टन उपलब्ध गराउने बताएका छन्। अमेरिकी अर्थ मन्त्रालयले रूसी डिजेल विश्व बजारमा आपूर्ति गर्न अस्थायी अनुमति दिएको जनाएको छ। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले वार्तामार्फत समाधान खोज्न नसकिए द्वन्द्व थप चर्किन सक्ने चेतावनी दिएका छन्। उनले युद्ध छिमेकी नेटो सदस्य राष्ट्रसम्म फैलिने जोखिमप्रति पनि चिन्ता व्यक्त गर्दै सैन्य माध्यमबाट मात्र यसको समाधान सम्भव नहुने बताए। युद्ध अन्त्यका लागि मुख्य चुनौती भूभागसम्बन्धी विवाद बनेको छ। रूसले पूर्वी डोनबास क्षेत्रको सम्पूर्ण भूभागमाथि नियन्त्रण कायम गर्नुपर्ने माग गर्दै आएको छ। युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले भने आफ्नो नियन्त्रणमा रहेका क्षेत्र रूसलाई सुम्पन अस्वीकार गरेका छन्। हाल रूसले युक्रेनको करिब पाँच भागको एक भाग भूभाग नियन्त्रणमा राखेको छ। अमेरिकाले नोभेम्बरको मध्यावधि निर्वाचनअघि कूटनीतिक प्रगति हासिल गर्ने प्रयास गरिरहेको छ। क्रेमलिनले अक्टोबरमा अमेरिका, रूस र युक्रेनबीच त्रिपक्षीय वार्ता पुनः शुरु हुन सक्ने सङ्केत दिए पनि मिति तय भएको छैन।

ट्रम्पले गरे रूसबाट डिजेल आयात गर्ने सम्झौता जेलेन्स्कीको आपत्ति, पुटिन सशक्त हुने युरोपको चिन्ता

वाशिङटन, १० अक्टोबर: अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसबाट ठूलो परिमाणमा डिजेल आयात गर्ने सम्झौता घोषणा गरेका छन्। अमेरिकामा इन्धनको मूल्य बढ्दै गएपछि त्यसलाई नियन्त्रण गर्ने दबाबमा रहेका ट्रम्पको यो निर्णयप्रति युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आपत्ति जनाएका छन्। उनले यसलाई रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई दिइएको उपहार भन्दै 'युद्ध लम्ब्याउन गरेको लगानी'का रूपमा टिप्पणी गरेका छन्। ट्रम्पले शुक्रवार सामाजिक सञ्जाल ट्रुथ सोसलमार्फत रूसले तत्काल तीन लाख टन डिजेल उपलब्ध गराउने जानकारी दिएका थिए। त्यसपछि नोभेम्बरमा पाँच लाख टन र त्यसलगत्तै थप १० लाख टन डिजेल आपूर्ति गरिने उनको भनाइ छ। यसबाहेक, रूसका तेल प्रशोधन केन्द्रको अवस्थाका आधारमा छोटो अवधिमै थप ३० लाख टन डिजेल उपलब्ध गराइने ट्रम्पले बताएका छन्।

सम्झौताको हिस्साका रूपमा अमेरिकी अर्थ मन्त्रालयले रूसी डिजेल निर्यातमाथिका प्रतिबन्ध आगामी अप्रेल ७ सम्म अस्थायी रूपमा निलम्बन गरेको बताइएको छ। तर अमेरिकी ब्याङ्कमा रहेका रूसी सम्पत्तिलगायत अन्य प्रतिबन्ध भने यथावत् रहनेछन्। रूसी राष्ट्रपति पुटिनले पनि ट्रम्पसँग विश्वव्यापी ऊर्जा अवस्थाबारे कुराकानी भएको पुष्टि गरेका छन्। उनले अमेरिका र विश्व बजारमा तेल तथा पेट्रोलियम पदार्थ आपूर्ति गर्न रूस तयार रहेको बताएका छन्। यद्यपि, उनले आपूर्ति गरिने परिमाण भने खुलाएका छैनन्।

जेलेन्स्कीको कड़ा विरोध

युक्रेनी राष्ट्रपति जेलेन्स्कीले रूसी डिजेल आयातसम्बन्धी सम्झौताको विरोध गर्दै यसले युद्ध अन्त्य गर्न नभई लम्ब्याउन सहयोग पुग्ने बताएका छन्। 'पुटिनलाई उपहार दिँदैमा शान्ति आउँदैन,' उनले भनेका छन्। रूसले प्राप्त गर्ने आर्थिक लाभलाई युक्रेनमाथिको आक्रमण जारी राख्न प्रयोग गर्न सक्ने उनको आशय छ। जेलेन्स्कीले रूसले डिजेलको बदलामा थप आक्रमण र आतङ्क सिर्जना गर्ने दाबी गर्दै युक्रेनको प्रतिरक्षाका लागि अमेरिकाको बलियो समर्थन आवश्यक रहेको बताएका छन्। उनले अमेरिकालाई रूससँग कमजोर नभई कड़ा रूपमा प्रस्तुत हुन आग्रह गरेका छन्। रूसले पछिल्लो समय युक्रेनका ऊर्जा पूर्वाधारमा आक्रमण गर्दै आएको छ। त्यसको जवाफमा युक्रेनले रूसी तेल प्रशोधन केन्द्रहरूमा ड्रोन आक्रमण गरेको छ। यस्ता आक्रमणले रूसी इन्धन उत्पादनमा असर पारेको बताइएको छ। जेलेन्स्कीले रूसी ऊर्जा पूर्वाधारमाथिका आक्रमणको बचाउ गर्दै रूसले युक्रेनको ऊर्जा संरचनामा आक्रमण नगरे आफूहरूले रूसी तेल प्रशोधन केन्द्रमा आगो नलगाउने बताएका छन्। युक्रेनी ड्रोन आक्रमणका कारण रूसले यस वर्ष दुई चरणमा गम्भीर इन्धन अभावको सामना गरेको छ। अन्तरराष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार, रूसको डिजेल उत्पादन झण्डै ३० प्रतिशतले घटेको अनुमान छ। रूसले आफ्नो देशभित्र डिजेल अभाव भएपछि यस वर्षको शुरुवातमा डिजेल निर्यातमा प्रतिबन्धसमेत लगाएको थियो। यस्तो अवस्थामा उसले ट्रम्पले घोषणा गरेको परिमाणमा डिजेल आपूर्ति गर्न सक्छ कि सक्दैन भन्ने प्रश्न उठेको छ। त्यस्तै, सम्झौताले विश्व बजारमा इन्धनको मूल्य कति घटाउँछ भन्ने पनि स्पष्ट छैन। अन्तरराष्ट्रिय बजारमा कच्चा तेलको प्रमुख मानक ब्रेन्टको मूल्य प्रतिब्यारेल १०३ डलरभन्दा माथि छ। इरान युद्ध शुरु हुनुअघि यसको मूल्य करिब ७३ डलर थियो।

इथियोपियामा युद्धविराम गर्न राष्ट्रसङ्घको आग्रह

न्यूयोर्क, १० अक्टोबर: संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले इथियोपियाको उत्तरी क्षेत्रमा पुनः शुरु भएको हिंसा रोक्न सम्बन्धित सबै पक्षलाई आग्रह गरेका छन्। महासचिवका प्रवक्ता स्टेफन दुजारिकका अनुसार टिग्रे, अफार र अम्हारा क्षेत्रमा पुनः लड़ाइँ शुरु भएपछि गुटेरेसले चिन्ता व्यक्त गरेका हुन्। उनले तत्काल युद्धविराम गर्न र प्रिटोरिया सम्झौताअनुसार वार्तामा फर्कन सम्बन्धित पक्षलाई आग्रह गरेका छन्। द्वन्द्व थप चर्किएमा क्षेत्रीय शान्ति र स्थिरतामा असर पर्न सक्ने बताउँदै उनले सबै पक्षलाई संयम अपनाउन अनुरोध गरेका छन्। साथै, अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्न र कुनै पनि देशको भौगोलिक अखण्डता तथा राजनीतिक स्वतन्त्रताको सम्मान गर्न सबै राष्ट्रलाई आग्रह गरेका छन्।

अमेरिकी प्रतिबन्धप्रति संयुक्त राष्ट्रसङ्घको चासो

न्यूयोर्क, १० अक्टोबर: अन्तरराष्ट्रिय फौजदारी अदालत (आईसीसी) विरुद्ध संयुक्त राज्य अमेरिकाले प्रतिबन्ध लगाउने घोषणा गरेपछि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस तथा आठ राष्ट्रका विदेशमन्त्रीहरूले उक्त निर्णयप्रति गम्भीर चासो व्यक्त गरेका छन्। उनीहरूले अन्तरराष्ट्रिय न्याय प्रणालीको स्वतन्त्रता, निष्पक्षता र प्रभावकारिताको संरक्षण गर्नुपर्ने महत्त्वमा जोड़ दिएका छन्। संयुक्त राष्ट्रसङ्घका महासचिवका प्रवक्ता स्टेफान दुजारिकले शुक्रवार जारी गरेको वक्तव्यअनुसार महासचिव गुटेरेसले अमेरिकी प्रतिबन्धले अदालतको समग्र कार्यक्षमतामा पार्न सक्ने प्रभावप्रति चिन्ता व्यक्त गरेका छन्। विशेषगरी संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद् तथा रोम विधानका पक्ष राष्ट्रहरूले अदालतसमक्ष पठाएका मुद्दाहरूमा काम गर्ने क्षमतामा असर पर्न सक्ने विषयप्रति उनले ध्यानाकर्षण गराएका छन्।

प्रवक्ता दुजारिकका अनुसार अन्तरराष्ट्रिय अपराधमा संलग्न व्यक्तिहरूलाई जवाफदेही बनाउनु र पीड़ितहरूलाई न्याय उपलब्ध गराउनु विश्वव्यापी शान्ति, सुरक्षा, मानव अधिकार तथा मौलिक स्वतन्त्रताप्रतिको साझा प्रतिबद्धताको महत्त्वपूर्ण हिस्सा हो। महासचिव गुटेरेसले अन्तरराष्ट्रिय फौजदारी अदालत र यसका अधिकारीहरूको स्वतन्त्रताप्रति आफ्नो दृढ़ समर्थन दोहोर्याउँदै सबै राष्ट्रलाई अन्तरराष्ट्रिय कानुनअन्तर्गतका प्रतिबद्धता पालना गर्न आह्वान गरेका छन्। यसैबिच, क्यानडा, डेनमार्क, जर्मनी, फ्रान्स, इटाली, जापान, नेदरल्यान्ड्स र बेलायतका विदेशमन्त्रीहरूले संयुक्त वक्तव्य जारी गर्दै अमेरिकी निर्णयप्रति खेद व्यक्त गरेका छन्। रोम विधानका पक्ष राष्ट्रका रूपमा ती आठ देशले अन्तरराष्ट्रिय फौजदारी अदालतको स्वतन्त्रता, निष्पक्षता र संस्थागत अखण्डताप्रतिको आफ्नो समर्थन पुनः पुष्टि गरेका छन्।

ती राष्ट्रहरूले सन् २०२६ को डिसम्बरमा हुने रोम विधानका पक्ष राष्ट्रहरूको सभाको तयारीका क्रममा विधानमा आबद्ध नरहेका मुलुकहरूसँग पनि रचनात्मक तथा समावेशी संवाद अघि बढ़ाउने प्रतिबद्धता व्यक्त गरेका छन्। यसअघि अमेरिकी विदेशमन्त्री मार्को रुबियोले अदालतसँग हुने कारोबारमा प्रतिबन्ध लगाउने, यसका स्रोतसाधनमा पहुँच सीमित गर्ने तथा कार्यसञ्चालन क्षमतामा असर पार्ने उद्देश्यसहित प्रतिबन्धको घोषणा गरेका थिए। यस घटनाक्रमले अन्तरराष्ट्रिय न्याय, कानुनी जवाफदेहिता तथा बहुपक्षीय सहकार्यको महत्त्वलाई पुनः चर्चामा ल्याएको छ।

एमजी मार्गमा विश्व मानसिक स्वास्थ्य दिवस पालन

गान्तोक, १० अक्टोबरः लेट्स टक मेन्टल हेल्थ फाउण्डेशनले इण्डियन साइकियाट्रिक सोसाइटीको सिक्किम राज्य शाखा र सेण्टर फर एडिक्सन मेडिसिन (सीएएम), स्वानी चुवाटरको सहकार्यमा एमजी मार्गमा एक सचेतना कार्यक्रम आयोजना गरी जीवन्त अनुभवको सुनवाइ, वास्तविक आवाज, वास्तविक परिवर्तन भन्ने नाराका साथ विश्व मानसिक स्वास्थ्य दिवस पालन गरेको छ।

यस कार्यक्रमको उद्देश्य मानसिक स्वास्थ्यबारे चेतना जगाउनु, खुल्ला संवादलाई प्रोत्साहन गर्नु र जीवन्त अनुभव भएका व्यक्तिहरूको कुरा सुन्नुको महत्त्वलाई उजागर गर्नु रहेको थियो साथै यसले मानसिक स्वास्थ्यसम्बन्धी सचेतना अभियानमा समुदायको सहभागिता बढ़ाउने तथा तनाउ, दुर्व्यसन र भावनात्मक स्वास्थ्यसँग सम्बन्धित चिन्ताहरूलाई सम्बोधन गर्ने प्रयास पनि गऱ्यो।

कार्यक्रममा सिम्फेड अध्यक्ष तेञ्जिङ दोर्जी भोटिया मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए भने डा. सीएल प्रधान विशिष्ट अतिथिका रूपमा उपस्थित रहेका थिए। यस अवसरमा सेण्टर फर एडिक्सन मेडिसिन, सावने चुवाटरका मनोचिकित्सक डा. राजीव गुरुङ अतिथि वक्ताका रूपमा उपस्थित रहेका थिए। सिक्किम एक्सप्रेसका सम्पादक अमित पात्रो विशेष अतिथि तथा मिडिया साझेदार/प्रायोजकका रूपमा कार्यक्रममा उपस्थित थिए। कार्यक्रममा डा. सीएल प्रधानले विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा विशेष सम्बोधन गरे। उनले 'सिकौँ, सुनौँ, कुरा गरौँ, जोड़ियौँ र उपचार गरौँ' भन्ने मन्त्रमा जोड़ दिँदै मानिसहरूको जीवन्त अनुभव सुन्नुपर्ने र हरेक समुदायसम्म पुग्नुपर्ने आवश्यकतामाथि प्रकाश पारे। उनले मानसिक स्वास्थ्यबारे विस्तृत चर्चा गर्दै यससँग जोड़िएका सामाजिक कलङ्क वा भ्रमहरूलाई चिर्ने प्रयास गरे।

कार्यक्रमको एउटा मुख्य आकर्षण डा. राजीव गुरुङको तनाउदेखि दुर्व्यसनसम्मः कहिले समस्या समाधानको प्रयास एउटा पासो बन्छ भन्ने सत्र थियो, जसले तनाउ, तनाउ व्यवस्थापनका उपाय र दुर्व्यसनबीचको सम्बन्धमा केन्द्रित थियो। उनले शरीर र मनबीचको सम्बन्धबारे चर्चा गरे।

आफ्नो सम्बोधनमा मुख्य अतिथिका रूपमा रहेका तेञ्जिङ दोर्जी भोटियाले यस पहलका लागि संस्थाप्रति प्रशंसा व्यक्त गरे। उनले यस ज्ञानवर्द्धक कार्यक्रमको हिस्सा बनेकोमा संस्था र सहभागीहरू दुवैप्रति आभार प्रकट गरे। उनले सबैलाई फाउण्डेशनद्वारा सोमानी वेलनेश क्लिनिकमा प्रत्येक आइतवार आयोजना गरिने साप्ताहिक मानसिक स्वास्थ्य कार्यशालामा सहभागी हुन आग्रह गरे। भोटियाले चिन्तासँग सम्बन्धित आफ्नै अनुभव र आफूले सामना गरेका सङ्घर्षहरूका साथै मानसिक रूपमा स्वस्थ भएर अघि बढ्केको आफ्नो यात्राबारे साझा गरे। लेट्स टक मेन्टल हेल्थ फाउण्डेशनकी सह-संस्थापक भावना लामिछानेको नेतृत्वमा सामुदायिक मानसिक स्वास्थ्यसम्बन्धी प्रतिबद्धता लिइयो, जसले सहयोगी र एकार्कालाई बुझ्ने समुदाय निर्माणको महत्त्वलाई पुनः पुष्टि गऱ्यो।

गान्तोकमा 'रन एण्ड ब्लुम कम्युनिटी रन २०२६' सम्पन्न

गान्तोक, १० अक्टोबरः मुख्यमन्त्रीका प्रेस सचिव योगेन तामाङ र सिक्किम सरकारको एसएसीएच बोर्डका अध्यक्ष सञ्जय दिलपाली राईले रन सिक्किमको सहकार्यमा बगैँचा फ्लावर बुटिक'-द्वारा आयोजित रन एण्ड ब्लुम कम्युनिटी रन २०२६ मा सहभागिता जनाएका छन्। यस कार्यक्रममा पाँच किलोमिटर र १० किलोमिटरका दौड़ विधामा २५० भन्दा बढ़ी धावकहरूको उत्साहजनक सहभागिता रहेको थियो।

विशेषगरी युवाहरूमाझ स्वस्थ र सक्रिय जीवनशैलीबारे चेतना जगाउने तथा तन्दुरुस्ती र स्वास्थ्यसम्बन्धी गतिविधिहरूमा सामुदायिक सहभागितालाई प्रोत्साहन गर्ने उद्देश्यले यो सामुदायिक दौड़ आयोजना गरिएको थियो। स्वस्थ जीवनशैलीमा मुख्यमन्त्री पीएस गोलेले दिएको प्राथमिकताअनुरूप यस पहलले दैनिक जीवनको अभिन्न अङ्गका रूपमा शारीरिक तन्दुरुस्तीलाई अपनाउनुपर्ने महत्त्वलाई पनि उजागर गर्दछ।

२५० भन्दा बढ़ी सहभागीको उपस्थिति रहेको 'रन एण्ड ब्लुम कम्युनिटी रन २०२६' ले गान्तोकमा तन्दुरुस्ती, सामुदायिक भावना र स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन गर्ने एक उत्साहजनक पहलका रूपमा काम गऱ्यो।

खरसाङ कलेजमा राष्ट्रिय सेमिनार सम्पन्न

खरसाङ, १० अक्टोबर (हिस): उत्तर बङ्गालको सामाजिक राजनीतिक इतिहास, संस्कृति, जातीयता तथा पहिचानका विविध आयाममाथि गहन विमर्श गर्ने उद्देश्यले खरसाङ कलेजको राजनीतिशास्त्र विभागद्वारा आयोजित दुईदिने राष्ट्रिय सेमिनार सम्पन्न भएको छ। भारतीय ऐतिहासिक अनुसन्धान परिषद्को प्रायोजनमा सम्पन्न उक्त सेमिनारको उद्घाटन सत्रमा पश्चिम बङ्गाल राज्य विश्वविद्यालय, बारासातका कुलपति प्रा. देवब्रत मिश्रको प्रमुख अतिथि थिए। दुई दिनसम्म सञ्चालन भएका विभिन्न शैक्षिक सत्रहरूमा देशका विभिन्न विश्वविद्यालय तथा महाविद्यालयबाट सहभागी विशिष्ट प्राज्ञिक व्यक्तित्वहरूले आ-आफ्ना अनुसन्धानमूलक विचार, विश्लेषण र अनुभव प्रस्तुत गरे। प्रमुख वक्ताहरूमा बाँकुडा विश्वविद्यालयका कुलपति प्रा. (डा.) रूपकुमार बर्मन, कोलकाताको चारुचन्द्र कलेजका डा. विमल शङ्कर नन्द, बर्दवान विश्वविद्यालयका प्रा. अनिलकुमार विश्वास तथा कुमार भास्कर वर्मा संस्कृत तथा प्राचीन अध्ययन विश्वविद्यालय, असमका प्रा. ज्योतिराज पाठक सहभागी रहेका थिए। यसैगरी उत्तर बङ्गाल विश्वविद्यालयका प्रा. रञ्जिता चक्रवर्ती र डा. दहिया भट्टाचार्य, मुन्सी प्रेमचन्द महाविद्यालयका प्राचार्य डा. विपुल मण्डल, दार्जीलिङस्थित सेन्ट जोसेफ कलेजका डा. पदम नेपाल, रायगञ्ज कलेजका डा. सुदीप खसनोबिश तथा रायगञ्ज विश्वविद्यालयका डा. जयजीत सरकारलगायतका प्राज्ञिक व्यक्तित्वहरूले पनि विभिन्न सत्रमा विचार प्रस्तुत गरेका थिए। सेमिनारका क्रममा प्रस्तुत विचार तथा अनुसन्धानमूलक छलफलले उत्तर बङ्गालको सामाजिक राजनीतिक इतिहासलाई समकालीन सन्दर्भमा बुझ्न, सांस्कृतिक विविधता र जातीय पहिचानका जटिल पक्षहरूको विश्लेषण गर्न तथा क्षेत्रीय इतिहाससम्बन्धी स्थापित दृष्टिकोणहरूको पुनर्मूल्याङ्कन गर्न सहयोग पुऱ्याएको बताइएको छ। कार्यक्रमका विभिन्न सत्रमा सहभागीहरूले आलोचनात्मक विमर्श, अनुसन्धानमा आधारित विश्लेषण तथा बहुआयामिक दृष्टिकोणको आदान-प्रदान गर्ने अवसर प्राप्त गरेका थिए।

दोस्रो राज्यस्तरीय विद्यार्थी विधानसभा...

गर्न, विचार आदान-प्रदान गर्न र आगामी विद्यार्थी विधानसभा सत्रका उद्देश्य तथा कार्यविधिबारे जानकारी लिन अवसर प्रदान गऱ्यो।

विद्यार्थी विधानसभा सत्रको उद्देश्य युवाहरूलाई आफ्ना विचार व्यक्त गर्न, राज्यसँग सम्बन्धित मुद्दाहरूमा छलफल गर्न र सिक्किमको भविष्यका लागि रचनात्मक प्रस्तावहरू अघि सार्न मञ्च प्रदान गर्नु हो। 'सिक्किम@ २०४७- युवाको आवाज' भन्ने नाराका साथ आयोजना गरिएको यस सभाले युवाहरूमा नेतृत्व क्षमता, लोकतान्त्रिक सहभागिता, आलोचनात्मक सोच र जिम्मेवारीको भावनालाई प्रोत्साहन गर्ने लक्ष्य राखेको छ। यो पहलले विद्यार्थीहरूलाई आफ्ना आकाङ्क्षाहरू व्यक्त गर्न, रचनात्मक छलफलमा संलग्न हुन र प्रगतिशील तथा विकसित सिक्किमको परिकल्पनामा योगदान पुऱ्याउन अर्थपूर्ण मञ्च प्रदान गरी उनीहरूलाई सशक्त बनाउने विद्यार्थी कल्याण बोर्डको निरन्तर प्रतिबद्धतालाई झल्काउँछ। छनोट भएका सहभागीहरूले यस्ता विचार-विमर्श र छलफलमा भाग लिने अपेक्षा गरिएको छ, जसले युवाहरूका आकाङ्क्षा, सरोकार र नवीन सोचहरूलाई उजागर गर्नेछन् साथै राज्यको विकासमा सक्रिय योगदानकर्ताको रूपमा उनीहरूको भूमिकालाई अझ सुदृढ़ बनाउनेछन्।

रम्फूमा दुईदिने सदभावना सम्मेलन...

रूपमा परम पूज्य सद्गुरुदेव श्री सतपालजी महाराजको प्रवचन रहेको थियो। आफ्नो आध्यात्मिक सम्बोधनमा उनले विश्वमा स्थायी शान्ति स्थापना गर्न अध्यात्मको भूमिका अपरिहार्य रहेको बताए। मानव समाजमा देखिने द्वन्द्व, असहिष्णुता, विभाजन र अशान्तिलाई न्यूनीकरण गर्न मानिसले आफ्नो अन्तरचेतनालाई जागृत गर्दै प्रेम, करुणा, सहिष्णुता र मानवताको मार्ग अपनाउनुपर्ने सन्देश दिए।

सद्गुरुदेव महाराजजीले भारतको आध्यात्मिक परम्परा र ज्ञानको महत्त्वमाथि प्रकाश पार्दै आध्यात्मिक ज्ञानका दृष्टिले भारत विश्वको गुरु बन्न सक्ने धारणा व्यक्त गरे। उनले भौतिक ज्ञान र आध्यात्मिक ज्ञान एकार्काका परिपूरक भएको उल्लेख गर्दै यी दुवैको समन्वयबाट मात्र मानव समाजको चौतर्फी विकास सम्भव हुने बताउनुभयो।

उनका अनुसार विज्ञान, प्रविधि र भौतिक उपलब्धिले मानव जीवनलाई सहज र सुविधासम्पन्न बनाउन सक्छन्, तर ती उपलब्धिलाई मानवीय हितमा उपयोग गर्न नैतिकता, विवेक र आध्यात्मिक चेतना आवश्यक हुन्छ। ''मानिसले बाह्य संसारको विकाससँगै आफ्नो अन्तरमनलाई पनि परिष्कृत गर्न सकेमा मात्र व्यक्तिगत जीवन, सामाजिक सम्बन्ध र विश्वव्यापी सहअस्तित्वमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ''-उनले भने।

सद्गुरुदेव महाराजजीले आध्यात्मिक ज्ञानले मानिसलाई मानवताको साझा सूत्रमा बाँध्न सहयोग पुऱ्याउने उल्लेख गर्दै सबैलाई आध्यात्मिक जागरणतर्फ अग्रसर हुन आह्वान गरे। जाति, भाषा, क्षेत्र र अन्य सामाजिक भिन्नताभन्दा माथि उठेर मानवतालाई प्राथमिकता दिन सकेमा समाजमा एकता र विश्वमा शान्तिको वातावरण निर्माण गर्न सकिने उनको सन्देश थियो।

उनको प्रवचनले आध्यात्मिकतालाई व्यक्तिगत साधनाको विषयका रूपमा नभएर सामाजिक सद्भाव, मानवीय एकता र विश्वशान्ति स्थापनाको आधारका रूपमा बुझ्नुपर्ने कुरा महाराजजीले आह्वान गरे।

कार्यक्रममा मानव उत्थान सेवा समितिका तर्फबाट मुख्यमन्त्री गोले तथा अन्य विशिष्ट अतिथिहरूलाई सम्मान तथा अभिनन्दन गरियो। यसै क्रममा अभियन्ता सीके प्रधानलाई पनि सम्मान तथा अभिनन्दन जनाइयो।

इक्फाई विश्वविद्यालयको १९औँ दीक्षान्त...

व्यावहारिक जीवनमा प्रवेशको उत्सव हो।'' उनले युवाहरूलाई आफ्नो ज्ञान, कौशल तथा तक्निकको उपयोग समाजको अन्तिम छेउमा खड़ा व्यक्तिलाई सशक्त बनाउन तथा राष्ट्रको प्रगतिका लागि गर्न आह्वान पनि गरे।

उनले विशेष रूपमा उल्लेख गर्दै भने, ''आजको युग डिजिटल क्रान्ति, सामाजिक सञ्जाल र कृत्रिम बुद्धिमताको हो।'' उनले युवाहरूसित अपील गर्दै युवाहरूले तक्निकको उपयोय विवेकपूर्ण ढङ्गमा गर्दै आफ्नो रचनात्मक सोचमार्फत भारतलाई विकासको नयाँ उँचाइमा लैजान आह्वान गरे।

स्वामी विवेकानन्दको पङ्क्ति स्मरण गर्दै उनले भने, ''हामीलाई यस्तो शिक्षाको आवश्यकता छ, जसले मनको शक्ति बढोस् र मनुष्य स्वयं स्वावलम्बी बन्न सकुन्। यसका साथै डा. एपीजे अब्दुल कलामका विचारहरू उद्धृत गर्दै उनले युवाहरूलाई ठूलो सपना देख्न प्रेरित गरे, जुन देशमा ठूला आविष्कार, नयाँ स्टार्टअप्स र सामाजिक परिवर्तनलाई जन्म दिँदछ।''

प्रधानमन्त्री नरेन्द्र मोदीको 'विकसित भारत@२०४७' को दृष्टिकोणको वर्णन गर्दै राज्यपालले यस सङ्कल्पलाई सिद्ध गर्ने जिम्मेवारी ऊर्जावान युवाहरूको काँधमा रहेको बताए।

सिक्किमे जनताले भाजपाका वाचाहरूको...

सिक्किमका जनताले कड़ा विरोध गर्नेछन्''-पार्टीले उल्लेख गऱ्यो।

एसपीसीसीले सिक्किमका जनतालाई भाजपाको राजनीतिक विगत र उसका वाचाहरूको आलोचनात्मक रूपमा समीक्षा गर्न आग्रह गऱ्यो।

एसपीसीसीले शनिवार भारतका मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको आलोचना गर्दै भारतीय जनता पार्टी (भाजपा) सरकारले उनलाई संरक्षण गरिरहेको आरोप लगाएको छ। पार्टीले निर्वाचन आयोग (ईसीआई)-को कार्यशैली र मतदाता नामावलीको विशेष गहन पुनरीक्षण (एसआईआर) प्रक्रियाले लोकतन्त्र तथा संवैधानिक संस्थाहरूका सम्बन्धमा गम्भीर चिन्ता खड़ा गरेको दाबी गरेको छ।

शनिवार आयोजित पत्रकार सम्मेलनमा एसपीसीसीका अध्यक्ष गोपाल छेत्रीले सिक्किममा एसआईआर प्रक्रिया र हालै प्रकाशित अन्तिम मतदाता नामावलीले राज्यमा ठूलो हलचल मच्चाएको दाबी गरे।

उनले भने, ''चुनाउसम्बन्धी विषयहरू जसरी सम्हालिँदै छन्, त्यसका कारण देशमा 'इमर्जेन्सी'-जस्तै परिस्थिति देखिएको छ। अहिले एसआईआर प्रक्रियालाई लिएर व्यापक र तीव्र चासो देखिएको छ र आज देश 'इमर्जेन्सी' अवस्था जस्तै स्थितिमा पुगेको छ। यो परिस्थिति र एसआईआर प्रक्रियामा त्रुटिहरू छन्; चाहे त्यो कुनै भ्रमका कारण होस् वा ईभीएम मा गरिएको गडबड़ीका कारण नै किन नहोस्, कङ्ग्रेस पार्टीले यसविरुद्ध सबैभन्दा पहिले आवाज उठाएको थियो। कङ्ग्रेस पार्टीका तर्फबाट राहुल गान्धीले ठोस प्रमाणसहित सञ्चारमाध्यम र देशसामु यो विषय उठाएका थिए।''

एसपीसीसीले चुनाउमा भएका अनियमिततासम्बन्धी चिन्ताले जनध्यान आकर्षित गरेको बताउँदै कथित हेरफेरबाट भाजपालाई फाइदा पुगेको दाबी गऱ्यो। ''धेरै मानिसलाई यो कुरा पूर्ण सत्य नलागेको हुनसक्छ, तर आज जनताले भोटमा कुनैनकुनै प्रकारको हेरफेर भएर भाजपा सरकार सत्तामा आएको राम्ररी महसुस गरेका छन्''-पार्टीले भन्यो।

'द इण्डियन एक्सप्रेस'-को एक रिपोर्टलाई उद्धृत गर्दै एसपीसीसीले निर्वाचन आयोगभित्रको निर्णय प्रक्रिया र यसका सदस्यहरूबीच हुने परामर्शको दायरामाथि प्रश्न उठेको आरोप लगायो। ''कङ्ग्रेस पार्टीले यो मुद्दा उठाउन थाल्दा 'द इण्डियन एक्सप्रेस'-मा एउटा लेख प्रकाशित भयो। उक्त लेखमा उल्लेख गरिएअनुसार भारतका मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले अन्य दुई आयुक्तसँग परामर्श नगरी एकपक्षीय निर्णयहरू लिएका थिए र उनले भाजपा सरकारको निर्देशनमा त्यसो गरेका थिए''-छेत्रीले भने। निर्वाचन आयोगले संवैधानिक निकायका रूपमा स्वतन्त्र भएर काम गर्ने अपेक्षा गरिने भएकाले यी आरोपहरू गम्भीर रहेको पार्टीले जनाएको छ।

''यो कुरा बाहिर आउँदा यसले ठूलो हलचल मच्चायो किनभने चुनाउ आयोग एक संवैधानिक र स्वतन्त्र निकाय हो। यदि यो संस्थाले सही ढङ्गले काम गर्छ भने सही निर्णयहरू हुन्छन्, तर यदि यसले गलत बाटो समात्यो भने देश गलत दिशातिर अघि बढ्छ। यो देशका प्रमुख संस्थाहरूमध्ये एक हो''-एसपीसीसीले भन्यो।

''जब यो मुद्दाले ठूलो रूप लियो, जनआक्रोश बढ्यो, विभिन्न सञ्चारमाध्यमले यसलाई उजागर गरे र विभिन्न सङ्गठनले आवाज उठाए। यो देखेर सरकारले अचानक बैठक डाक्यो र सबै काम सर्वसम्मतिका साथ गरिएको देखाउने प्रयास गऱ्यो। उनीहरूले दुई चुनाउ आयुक्तलाई सबै कुरा ठीक छ भनी देखाउन र विगतका गल्तीहरू स्वीकार गर्न दबाउ पनि दिए''-एसपीसीसीले आरोप लगायो।

पार्टीले मतदाता नामावलीमा नाम समावेश गर्न प्रयोग गरिने फारम ६ सम्बन्धी परिवर्तनमाथि पनि प्रश्न उठायो र पर्याप्त परामर्शबिना नै त्यस्ता संशोधनहरू गरिएको दाबी गऱ्यो। ''यति मात्र होइन, फारम ६ को सन्दर्भमा नाम थप्ने वा हटाउने तथा एसआईआर प्रक्रिया परिवर्तन गर्ने कार्यमा कुनै परामर्श नगरी प्रक्रिया परिमार्जन गरियो, जसले ठूलो विवाद निम्त्यायो। आज मतदाता सूचीबाट करिब १३ करोड़ मतदाताको नाम हटाइएको छ। हालसम्म निर्वाचन आयोगले तीमध्ये कति मतदाता विदेशी वा अयोग्य थिए भन्ने तथ्याङ्क उपलब्ध गराउन सकेको छैन। निर्वाचन आयोगले यो तथ्याङ्क उपलब्ध गराउन नसक्नु पूर्ण लापरबाहीको प्रमाण हो''-उनले आरोप लगाए।

एसपीसीसीले कुमारमाथि जनतालाई दिग्भ्रमित गरेको आरोप लगायो र भाजपा सरकारले लोकतान्त्रिक संस्थाहरूलाई कमजोर बनाइरहेको दाबी गऱ्यो। ''ज्ञानेश कुमारले घरीघरी झूट बोले र संवैधानिक निकायहरूलाई दबाए साथै भाजपा सरकारले यी संस्था र लोकतन्त्रलाई ध्वस्त पार्ने काम गरेको छ। ज्ञानेश कुमार र भाजपा सरकारबीचको यो साँठगाँठ स्पष्ट भएको छ''-पार्टीले भन्यो।

पार्टीले फारम ६ मा गरिएका परिवर्तनहरूलाई सर्वोच्च न्यायालयको स्वीकृति प्राप्त भएको थियो वा थिएन भन्ने विषयमा देखिएको विवादको पनि उल्लेख गऱ्यो।

२६ सेप्टेम्बर, २०२३ मा ज्ञानेश कुमारले फारम ६ मा गरिएका संशोधनहरू सर्वोच्च न्यायालयबाट स्वीकृत भएको दाबी गरेका थिए। तर, ५ अक्टोबरमा सर्वोच्च न्यायालयले आफूले कुनै पनि संशोधनलाई कहिल्यै स्वीकृति नदिएको स्पष्ट पाऱ्यो।

''ज्ञानेश कुमार देशद्रोही हुन् र भाजपाले उनलाई बचाउने प्रयास गरिरहेको छ। भाजपा सरकारले राष्ट्रको हितमा काम गरेको छैन, बरु ज्ञानेश कुमारलाई बचाउन लागिपरेको छ। भाजपाले प्रदर्शनकारीहरूको आवाज दबाउँदैछ''-पार्टीले आरोप लगायो। यस अवस्थाले लोकतान्त्रिक अधिकारमाथि खतरा निम्त्याएको चेताउनी दिँदै एसपीसीसीले भन्यो, ''लोकतन्त्र जोखिममा छ। संविधान जोखिममा छ। के सङ्कटकाल लागेको हो? भारतमा पहिलोपटक रेल सेवा ठप्प पारिएको छ। भाजपाले सर्वोच्च न्यायालयको कुरा पनि सुनिरहेको छैन।''

पार्टीले लोकतान्त्रिक संस्थाहरूको कार्यशैलीप्रति मुरली मनोहर जोशी र यशवन्त सिन्हाजस्ता वरिष्ठ राजनीतिक नेताहरूले व्यक्त गरेका चिन्ताहरूको पनि उल्लेख गऱ्यो साथै पार्टीले गम्भीर गलत कार्यको आरोप लागेका नेताहरूलाई भाजपाले संरक्षण गरिरहेको आरोप लगाउँदै उसका गतिविधि जवाफदेहिताप्रतिको प्रतिबद्धताविपरीत रहेको दाबी गऱ्यो।

डी.आर. नेपालकृत 'समयले जन्माएका...

'**जिन्दगीको अमिलोपन**' शीर्षकमा रचनाकार जिल्ला विकास अधिकारीको पदमा हुँदा उनले तारपिन भन्ने ठाउँमा पानीको असाध्यै समस्या रहेको जानकारी त्यहाँका पञ्चायतबाट थाहा लागेपछि, उनले यस समस्याको समाधान छ महिनाभित्रमा पूरा गरेका थिए। यसको अर्थ उनी आफ्नो कर्तव्य र सेवाप्रति कत्तिको इमानदार रहेछन् भन्ने जानकारी यहीँबाट पाइन्छ।

रचनाकार श्री डी.आर. नेपालज्यूको '**तुमिन फारसमा हराएको दिन**' शीर्षक लेख पढ्दा मलाई पनि आफ्नो समयमा यसरी नै जानुपरेको घटना झलझल्ती याद आयो। त्यो सन् १९८१ को घटना हो। त्यस समय म सातौँ श्रेणीमा पढ्दै थिएँ। जसरी नेपालज्यू तुमिनको फारसमा हराउँदै तुमिनको सिरान नामराङमा आइपुगेका थिए, त्यसरी नै म पनि हिँड़ेर नै मङ्गन, सिक्किमबाट आफ्नो गाउँ लाखिम बेन, नाम्ची, सिक्किममा आइपुगेको घटना अहिले पनि सम्झनामा रहेको छ। हो, त्यस समयको परिस्थिति र व्यवस्था श्री नेपालले यस शीर्षकमा व्याख्या गरेको जस्तै थियो।

साहित्यकार एवम् सिक्किम सरकारका पूर्व अधिकारी श्री डी.आर. नेपालज्यूका अन्य लेखहरूमा 'सिक्किमका अन्तिम राजाको शवयात्रा', 'राले गाउँको संसारी ढुङ्गा', 'मैले ढिलो चिनेका भरतबाबु', 'नाम्ची रक गार्डन एकदिन' अनि 'हवाई अड्डामा मोबाइल छोड़िएको प्रसङ्ग' आदि हुन्। यी लेखहरू पनि ऐतिहासिक दस्तावेजजस्तै पठनीय छन्।

यस पुस्तकमा नेपालज्यूले आफ्नो जीवनमा गरेका अन्य कार्यहरूसँगै यात्रा संस्मरण '**बेलायत यात्रा : मेरो सम्झनामा**' शीर्षक रहेको विषयलाई पनि समावेश गरेका छन्। जब उनी जिल्ला विकास अधिकारीको पदमा हुँदा 'जिल्ला विकास योजना' विषयमा तीन महिनाको तालिम लिन बेलायत गएका थिए भने उनले आफ्नो यात्रा अवधिमा देखेका र भोगेका सबै घटनाहरू समावेश गरेका छन्। जसको अध्ययनबाट त्यहाँका संस्कार र व्यवस्थालाई नजिकैबाट जान्न सकिन्छ।

उनको यात्रा संस्मरणमा '**यात्रा अमेरिकाको** (न्यूयोर्क)' शीर्षक रहेको अमेरिकाको यात्रामा हुँदाको घटना अनौठो प्रकारको देखिन्छ। यात्रा शुरु हुनुअघि नै अनेकौँ बाधाहरूबीचमा पनि उनी तत्कालीन मुख्यमन्त्रीसँगै अमेरिका पुग्न सफल भएका छन्। नेपालज्यूको त्यतिबेलाको यात्रा भारत सरकारको पर्यटन मन्त्रालय र 'कन्फेडरेशन अफ इण्डियन इन्डस्ट्रीज' को संयुक्त रूपमा आयोजित पर्यटन सम्मेलन रहेको थाहा पाइन्छ। नेपालज्यू अमेरिकाको यात्रामा हुँदा जेजति घटनाहरू घटे, त्यसको सबै विवरण यसमा सामेल गरेका छन्। जसको अध्ययनबाट त्यस ठाउँको सबै जानकारी पाइन्छ।

'**सिङ्गापुर, मलेसिया र थाइल्याण्डको स्मरणीय यात्रा**' शीर्षकमा लेखक आफ्नो पत्नी श्रीमती इन्दिरा नेपालसँग सिङ्गापुर, मलेसिया र थाइल्याण्डको भ्रमणमा जाँदा बाटोमा जेजति रोचक घटनाहरू घटे, त्यसको सबै विवरण पनि सामेल गरेका छन्। उक्त विवरणले त्यस ठाउँको वृत्तान्त जानकारी पाइन्छ।

'**यात्रा हैदरवादको** (सिकन्दरावाद)' शीर्षकमा लेखक दुईजना अधिकारी क्रमशः पञ्चायत निर्देशिका श्रीमती छिडेन लाडिङपा र सिक्किम ग्रामीण विकास संस्थानकी निर्देशिका श्रीमती सुचित्राको साथमा दुईदिवसीय कार्यक्रमको निम्ति हैदरवाद जाँदै गर्दा फ्लाइटमा जुन प्रकारको घटना घट्यो, त्यो एकदमै डरलाग्दो थियो। यस्तै परिस्थितिमा पनि वरिष्ठ अधिकारी एवम् लेखक स्वयम् सकुशल आफ्नो दुईदिवसीय कार्यशाला सकेर सिक्किम फर्किनुभएको थियो।

उनका अन्य यात्रा संस्मरणमध्ये दुई तीर्थयात्रा क्रमशः '**नेपालको ताप्लेजुङमा पाथीभरा माताको दर्शन**' र '**यात्रा तिरूपति बालाजीसम्मको**' यात्रा पनि खुबै रोचक र अध्ययन गर्नलायकको देखिन्छ। यसमा पाथीभरा माताको मन्दिर जाँदा बाटोमा भेटिने ठाउँहरू सजिलैसँग जान्न सकिन्छ भने फेरि यसरी नै तिरूपति बालाजीमा अवस्थित विष्णु भगवानको दर्शन गर्नु पनि हो। यस ठाउँको पनि लेखकले वृत्तान्तमा जानकारी दिएका छन्। जसको अध्ययन गर्दा त्यस ठाउँमा पुगिने मार्ग र स्थानहरू सजिलैसँग जान्न सकिन्छ।

यति महत्त्वपूर्ण र ऐतिहासिक विषयहरूलाई समेटेर लेखिएको 'समयले जन्माएका जिन्दगीका कथाहरू' एकदमै अध्ययन गर्नलायकको देखिन्छ। यसको निम्ति लेखक एवम् पूर्व वरिष्ठ अधिकारी श्री डी.आर. नेपालज्यूलाई हार्दिक बधाई र शुभकामना।

अथाह कथा : जीवन भोगाइका...

रुचिलाई लेखकले निरन्तरता दिएका छन्। गाउँ-बस्तीदेखि राष्ट्रिय तथा अन्तरराष्ट्रिय साहित्यिक गतिविधिसम्मको यात्रामा उनले प्राप्त गरेका अनुभव कृतिमा विभिन्न प्रसङ्गमार्फत अभिव्यक्त भएका छन्।

वरिष्ठ साहित्यकार तथा कथाकार महानन्द पौड्यालसँगको भेट र सम्बन्धले आफ्नो साहित्यिक यात्रामा महत्वपूर्ण प्रभाव पारेको कुरा पनि लेखकले उल्लेख गरेका छन्। साहित्यप्रतिको रुचि, साहित्यिक व्यक्तित्वसँगको सम्पर्क र आफ्नो निरन्तर लेखनले अधिकारीको साहित्यिक व्यक्तित्व निर्माणमा भूमिका खेलेको देखिन्छ।

लेखक नाट्यकर्मसँग पनि जोड़िनुभएको छ। सन् १९८२ देखि २०१५ सम्म दुई दर्जनभन्दा बढ़ी नाटकमा अभिनय गरेको अनुभव उहाँसँग छ। आकाशवाणी गान्तोकसँगको सम्बन्धले पनि उहाँको सिर्जनात्मक यात्रालाई फराकिलो बनाएको देखिन्छ। यसरी साहित्य, नाटक, जागिर र सामाजिक जीवनका विभिन्न अनुभवहरू अथाहमा एकअर्कासँग जोडिएका छन्।

यस कृतिको सबैभन्दा महत्वपूर्ण पक्ष यसको भोगाइको प्रामाणिकता हो। लेखकले आफ्नो जीवनलाई सुन्दर देखाउन मात्र खोजेका छैनन्; आफूले भोगेका अप्ठ्यारा, कमजोरी, असफलता, अपमान र पीड़ालाई समेत पाठकसमक्ष राखेका छन्। यही कारणले कृतिमा आत्मस्वीकृतिको एउटा इमानदार स्वर सुनिन्छ।

यद्यपि, आत्मजीवनीमा लेखक स्वयं केन्द्रमा हुनु स्वाभाविक हो, अथाहमा व्यक्तिगत जीवनका घटनाहरूलाई सामाजिक परिवेशसँग जोड्ने प्रयास भएकाले यसको दायरा केही फराकिलो बनेको छ। गरिबी, शिक्षा, पारिवारिक सम्बन्ध, प्रेम, रोजगारी, सामाजिक विभेद, सरकारी सेवा र साहित्यिक जीवनका अनुभवहरू एकपछि अर्को गर्दै आउँदा एउटा व्यक्तिको जीवनसँगै एउटा समयको समाज पनि पाठकसामु उभिन्छ।

कृतिमा वरिष्ठ साहित्यकार शिवाकोटी राजेन, सिक्किम अकादमीका महासचिव पूर्ण योञ्जन, कथाकार युवा बराल तथा वरिष्ठ साहित्यकार डा. शुक्रराज दियालीलगायतका शुभकामना तथा मन्तव्यसमेत समावेश छन्। यसले कृतिको साहित्यिक यात्राप्रतिको आत्मीय समर्थनलाई देखाउँछ।

कपिलमणि अधिकारीको अथाह पढ़िसकेपछि एउटा प्रश्न स्वाभाविक रूपमा उठ्छ-जीवनमा आएका कठिनाइहरूले मानिसलाई कमजोर बनाउँछन् कि अझ बलियो? लेखकको जीवनयात्राले यसको उत्तर आफ्नै ढङ्गले दिन्छ। अभावका बीच शिक्षा, जागिरका बीच साहित्य, पारिवारिक जिम्मेवारीका बीच सिर्जना र अनेकौँ अवरोधका बीच निरन्तर अगाड़ि बढ्ने प्रयास नै अथाहको मूल शक्ति हो।

यस अर्थमा अथाह एउटा व्यक्तिको आत्मकथा मात्र होइन; यो सङ्घर्षबाट बनेको एउटा जीवनको साक्ष्य हो। यसमा एउटा पुलिस कर्मचारीको जीवन छ, एउटा साहित्यकारको यात्रा छ, एउटा परिवारको कथा छ, एउटा समयको सामाजिक यथार्थ छ र ती सबैभन्दा माथि आफ्ना भोगाइलाई शब्दमा सुरक्षित राख्ने एउटा लेखकको इमानदार प्रयास छ।

कपिलमणि अधिकारीले स्वेच्छिक अवकाशपछि आफ्नो जीवनभोगाइलाई यसरी पुस्तकाकार दिनुभएको छ। जीवनका अनेकौँ घुम्ती, पीड़ा, विछोड़, सङ्घर्ष र प्राप्तिलाई समेटेर तयार गरिएको अथाहले पाठकलाई केवल लेखकको जीवनबारे जानकारी दिँदैन, आफ्नै जीवन र समाजतिर फर्केर हेर्न पनि प्रेरित गर्छ।

अन्ततः अथाहको मूल्य यहीँ देखिन्छ-यो पढ्दा हामी कपिलमणि अधिकारीको जीवन मात्र पढ़िरहेका हुँदैनौँ, एउटा पुस्ताले भोगेको समय र समाजलाई पनि पढ़िरहेका हुन्छौँ।

कपिलमणि अधिकारीबाट आगामी दिनमा पनि यस्तै जीवन्त, अनुभूतिपरक र समाजसँग संवाद गर्ने थप कृतिहरू प्राप्त भइरहून् भन्ने शुभकामना।

एसयूका उपकुलपतिद्वारा राज्यपालसित शिष्टाचार भेट

'विजनरी लिडरशिपः द क्वेस्ट फर एक्सिलेन्स' पुस्तक विमोचित

गान्तोक, १० अक्टोबरः सिक्किम विश्वविद्यालयका उपकुलपति प्रो. शान्तनुकुमार स्वाईंले राज्यपाल ओम प्रकाश माथुरसँग लोकभवनमा शिष्टाचार भेट गरेका छन्।

यस अवसरमा राज्यपालद्वारा सिक्किम विश्वविद्यालयको अकादमिक एवं प्रशासनिक यात्रामाथि आधारित एक महत्त्वपूर्ण पुस्तक 'विजनरी लिडरशिपः द क्वेस्ट फर एक्सिलेन्स' विमोचन गरे।

यो पुस्तकमा उपकुलपति प्रो. स्वाईंका प्रशासनिक अनुभव र दृष्टिकोण समेटिएका छन्। यस अवसरमा सिक्किम विश्वविद्यालयका प्रो. दुर्गा प्रसाद छेत्री (क्याम्पस निर्देशक, याङ्गाङ), प्रो. सत्यानन्द पाण्डा (पुस्तकालय प्रभारी) डा. प्रदीप त्रिपाठी, सहायक प्रोफेसर, हिन्दी विभाग उपस्थित रहेका थिए।

राज्यपालले उपकुलपति प्रो. स्वाईं र सम्पूर्ण टोलाई बधाई दिए र यो पुस्तकले विश्वविद्यालयलाई नयाँ उँचाइमा लैजान सहायक सिद्ध हुने बताए।

विश्व दृष्टि सप्ताहको अवसरमा पाकिममा आँखा जाँच शिविर आयोजित

पाकिम, १० अक्टोबरः विश्व दृष्टि सप्ताहको अवसरमा आँखाको स्वास्थ्य प्रवर्द्धन गर्न तथा नियमित आँखा जाँच र रोकथाम गर्न सकिने, दृष्टिविहीन बन्नाट बच्ने उपायहरूबारे जनचेतना जगाउने उद्देश्यका साथ पाकिम प्राथमिक स्वास्थ्य केन्द्र (पीएचसी) मा आँखा जाँच शिविर आयोजना गरिएको छ।

यो शिविर पाकिम जिल्लाका मुख्य चिकित्सा अधिकारी (सीएमओ) सँगको सहकार्यमा 'लायन्स क्लब अफ् गान्तोक ग्रिन्स' द्वारा आयोजना गरिएको हो। शिविरमा पाकिम प्राथमिक स्वास्थ्य केन्द्रका कर्मचारीहरूले आँखासम्बन्धी सामान्य समस्याहरूको समयमै पहिचान गर्न सहयोग पुऱ्याएका थिए भने समुदायका सदस्यहरूलाई समयमै चिकित्सकीय परामर्श र उपचार लिन प्रोत्साहित गरेका थिए। दृष्टिसम्बन्धी समस्याहरूलाई प्रारम्भिक चरणमै पहिचान गर्न, जटिलताहरू रोक्न र दृष्टि जोगाउन नियमित आँखा जाँच अपरिहार्य छ।

यस पहलले विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा सुलभ आधारभूत आँखा हेरचाह सेवाहरूको महत्त्वमाथि पनि जोड़ दिएको थियो। यस्ता कार्यक्रमहरूले आँखाको हेरचाह, रोकथाममूलक हेरचाह र नियमित जाँचलाई प्रवर्द्धन गर्दै जनस्वास्थ्यलाई सुदृढ़ बनाउँछन्। यस शिविरमार्फत विश्व दृष्टि सप्ताह आयोजन गर्नाले दृष्टि जोगाउन र जीवनको गुणस्तर सुधार गर्न स्वास्थ्यकर्मी, सार्वजनिक संस्था र समुदायबीचको सहकार्यको महत्त्वलाई पुनः पुष्टि गरेको छ।

आगलागी पीड़ित तीन परिवारलाई गोरामुमोद्वारा आर्थिक सहयोग

खरसाङ, १० अक्टोबर (हिस)ः खरसाङ बजारमा गत ४ अक्टोबरको राति भएको आगलागीबाट प्रभावित तीन परिवारलाई गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो) खरसाङ शाखा समितिले आर्थिक सहयोग प्रदान गरेको छ। शाखा समिति अध्यक्ष निमा लामाको नेतृत्वमा गोरामुमोको टोलीले आगलागी पीड़ित परिवारहरूसँग भेटघाट गरी उनीहरूको अवस्थाबारे जानकारी लिँदै आर्थिक सहयोग हस्तान्तरण गरेको हो।

स्मरण रहोस्, उक्त आगलागीमा तीनवटा घर क्षतिग्रस्त भएका थिए। घटनापछि गोरामुमो खरसाङ शाखा समितिले आगलागीको घटनाबारे छानबिन गर्न तथा पीड़ित परिवारलाई उचित क्षतिपूर्ति प्रदान गर्न माग गर्दै विद्युत् प्राधिकरणसमक्ष ज्ञापनपत्रसमेत बुझाएको थियो।पीड़ित परिवारलाई आर्थिक सहयोग प्रदान गर्नुका साथै घटनाको छानबिन र क्षतिपूर्तिको मागलाई निरन्तरता दिँदै गोरामुमो खरसाङ शाखा समितिले पीड़ितहरूको पक्षमा आफ्नो पहल अघि बढ़ाएको छ।

'मिस तमुस्यो २०२६' नोभेम्बरमा आयोजना हुने

गान्तोक, १० अक्टोबर (हिस)ः गुरुङ जातिको मौलिक पहिचान, भाषा, साहित्य, कला, संस्कृति तथा परम्पराको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले 'हाम्रो मौलिकता, हाम्रो पहिचान'-को आयोजनामा पहिलोपटक 'मिस तमुस्यो २०२६' आयोजना गरिने भएको छ। आगामी २२ नोभेम्बरमा राजधानी गान्तोकको रिज पार्कमा सम्पन्न हुने उक्त कार्यक्रमलाई गुरुङ समुदायको सांस्कृतिक पहिचानलाई नयाँ पुस्तासम्म पुऱ्याउने महत्त्वपूर्ण पहलका रूपमा हेरिएको छ। यस सन्दर्भमा शुक्रवार राजधानी गान्तोकस्थित एक होटलमा आयोजित बैठकले कार्यक्रमको तयारीलाई तीव्रता दिन आयोजक समिति गठन गर्नुका साथै प्रतियोगिताको स्वरूप, पुरस्कार राशि तथा अन्य सांस्कृतिक गतिविधिबारे विस्तृत जानकारी सार्वजनिक गरेको छ। सिक्किम राज्य ब्याङ्कका अध्यक्ष डीबी गुरुङको अध्यक्षतामा सम्पन्न बैठकमा कार्यक्रमलाई सफल बनाउन आवश्यक योजना तथा भावी कार्यदिशाबारे छलफल गरिएको थियो।

मुख्यमन्त्री पीएस गोलेको मार्गदर्शनमा आयोजना हुन लागेको यस कार्यक्रमले गुरुङ समुदायको मौलिक भाषा, साहित्य, नृत्य, कला, परम्परागत खानपान तथा जीवनशैलीको संरक्षण र संवर्द्धनमा विशेष जोड़ दिने आयोजकले जनाएको छ।

'मिस तमुस्यो २०२६' प्रतियोगितालाई आकर्षक बनाउन आयोजक समितिले विजेतासहित उत्कृष्ट प्रतिस्पर्धीहरूका लागि नगद पुरस्कारको घोषणा गरेको छ। घोषित विवरणअनुसार प्रथम हुने विजेतालाई पाँच लाख १०५१ रुपियाँ, दोस्रो स्थान ओगट्नेलाई तीन लाख १०५१ रुपियाँ तथा तेस्रो प्रतिस्पर्धीलाई दुई लाख १०,०५१ रुपियाँ प्रदान गरिने छ। यसका अतिरिक्त उत्कृष्ट दशभित्र स्थान बनाउन सफल गुरुङ सुन्दरीहरूलाई आकर्षक पुरस्कारसहित सम्मानित गरिनेछ। उत्कृष्ट दशमध्ये अन्य सात प्रतिस्पर्धीलाई समेत नगद पुरस्कार प्रदान गर्ने भएको छ। प्रतियोगितामार्फत सहभागीहरूलाई आफ्नो प्रतिभा प्रस्तुत गर्ने अवसर प्रदान गर्नुका साथै गुरुङ समुदायको सांस्कृतिक पहिचान र मौलिकताबारे व्यापक जनचेतना अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ। यस कार्यक्रमको अर्को प्रमुख आकर्षण गुरुङ भाषा, साहित्य, नृत्य तथा परम्परागत सांस्कृतिक विधासम्बन्धी कार्यशाला रहनेछ। कार्यशाला १५ दिनसम्म सञ्चालन गर्ने तयारी गरेको छ। यसमा गुरुङ समुदायका युवाहरूको अधिकतम सहभागिता सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

कार्यशालाअन्तर्गत गुरुङ भाषा, साहित्य, परम्परागत नृत्य, कौडा तथा खैँजडीजस्ता सांस्कृतिक विधालाई प्राथमिकता दिइनेछ। केही विधाका लागि नेपालबाट विषयविज्ञहरू आमन्त्रण गर्ने तयारी गरिएको छ भने टुङ्ना र साहित्यसम्बन्धी प्रशिक्षणमा सिक्किमकै विषयविज्ञहरूलाई सहभागी गराउने योजना रहेको छ। प्रतियोगितामा राज्यका विभिन्न क्षेत्रका प्रतिभाशाली युवतीहरूलाई सहभागी गराउने उद्देश्यले सिक्किमका छःवटै जिल्लामा अडिशन चरण सञ्चालन गर्ने तयारी गरिएको छ। जिल्लास्तरमा अडिशन सञ्चालन भएपछि छनोट भएका प्रतिस्पर्धीहरूलाई मुख्य प्रतियोगितामा सहभागी गराइनेछ। प्रतियोगिताले सुन्दरतासँगै प्रतिभा, सांस्कृतिक ज्ञान, मौलिक पहिचान र व्यक्तित्व विकासलाई समेत प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ। आयोजक समितिकी अध्यक्ष सरिता गुरुङले मुख्यमन्त्री पीएस गोलेको मार्गदर्शनमा गुरुङ जातिको भाषा, संस्कृति, कला, परम्परा तथा पारम्परिक खानपानको संरक्षण र विकास गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको जानकारी दिइन्। उनका अनुसार राजधानीको रिज पार्कमा आयोजना हुने मुख्य कार्यक्रममा सिक्किमका विभिन्न समुदायका प्रतिनिधिहरूलाई पनि आमन्त्रण गरिनेछ। यसका साथै विश्वका विभिन्न स्थानमा बसोबास गर्दै आएका विशिष्ट गुरुङ व्यक्तित्वहरूलाई समेत निमन्त्रणा गर्ने तयारी भइरहेको छ।

उनले कार्यक्रमलाई केवल सौन्दर्य प्रतियोगितामा सीमित नराखी गुरुङ समुदायको मौलिकता, सांस्कृतिक सम्पदा र सामाजिक एकतालाई उजागर गर्ने साझा मञ्चका रूपमा विकास गर्ने लक्ष्य राखिएको बताइन्।

पूर्वी हिमालय नीति संवादद्वारा जल-स्रोत प्रबन्धन हेतु राष्ट्रिय रूपरेखाका लागि आह्वान

सिलगढ़ी, १० अक्टोबरः सिक्किम-दार्जीलिङ हिमालयमा जल-स्रोत प्रबन्धनमार्फत पर्वतीय जल सुरक्षालाई सुदृढ़ पार्ने विषयमाथि विधायी गोलमेच र पूर्वी हिमालय नीति संवादले सिक्किममा विधायक, अनुसन्धानकर्ता, सरकारी अधिकारी र जल क्षेत्रका विज्ञहरूलाई एकसाथ ल्यायो, जसले सुक्ने मुहानहरूको बढ्दो चुनौती र समन्वित नीतिगत प्रतिक्रियाको आवश्यकताबारे छलफल गऱ्यो।

आफ्नो सम्बोधनमा एसएसीआईवाटर्सका कार्यकारी निर्देशक डा. जयती चौरेले हिमालयमा दैनिक जीवन धान्न सक्ने साना र कमजोर जल प्रणालीहरूलाई पहिचान गर्नुपर्ने महत्त्वमाथि प्रकाश पारिन्। यो क्षेत्र व्यापक रूपमा प्रमुख दक्षिण एशियाली नदीहरूको स्रोतको रूपमा परिचित भए तापनि मुहान, खोला र स्थानीय जलग्रहणहरू पहाड़ी समुदायहरूको दैनिक पानीको आवश्यकताका लागि आवश्यक रहन्छन्। उनले पूर्वाधार विकास स्रोत दिगोपन र सामुदायिक संलग्नताद्वारा पूरक हुनुपर्ने बताए।

नीतिगत दस्तावेज प्रस्तुत गर्दै एसएसीआईवाटर्सका डा. कवीन्द्र शर्माले ३ अक्टोबरमा दार्जीलिङमा आयोजित बहुहितधारक परामर्शको क्रममा २५ संस्थाका प्रतिनिधिबाट सङ्कलन गरिएका क्षेत्रीय सर्वेक्षणका निष्कर्ष र तथ्यहरूबाट आकर्षित गरे। अनुसन्धानले धारा-पानी पूर्वाधारमा पहुँच र आपूर्तिको विश्वसनीयताबीचको निरन्तर खाडलमाथि प्रकाश पारे। उनले वसन्त व्यवस्थापनमा शासन खाड़ललाई सम्बोधन गर्ने तत्काल आवश्यकतामा जोड़ दिए। चुनौती सरकारी कोषको अभाव मात्र नभएर मुहानहरूका लागि समर्पित, समन्वित शासन संरचनाको अभाव पनि रहेको उल्लेख गरे। उनले विद्यमान सरकारी कार्यक्रमहरूको राम्रो पङ्क्तिबद्धता, स्पष्ट संस्थागत जिम्मेवारी, रिचार्ज क्षेत्रहरूको बलियो सुरक्षा र सार्वजनिक लगानीलाई भरपर्दो र दिगो पानी सुरक्षामा अनुवाद गर्न ठूलो समुदायको सहभागिताका लागि आह्वान गरे।

सांसद इन्द्रहाङ सुब्बाले पर्वतीय जल सुरक्षामा बढ़ी राष्ट्रिय ध्यान दिन आह्वान गरे। उनले सरकारी विभागबीच बलियो समन्वय, वन एजेन्सीहरूसँगको सहकार्य र अनुसन्धान र डेटा उत्पादनमा बढ़ी लगानीमा जोड़ दिए। उनले पर्वतीय जल शासनका लागि समर्पित संसदीय संयन्त्रको विचार गर्ने प्रस्ताव पनि गरे।

विधायक सोनाम लामाले क्षेत्र-विशिष्ट योजना, समुदाय सहभागिता र अनावश्यक पूर्वाधारबाट बच्नुका महत्त्वमा जोड़ दिए। उनले सरकारी निकायबीच ठूलो समन्वय र जलापूर्ति पहलहरूमा पर्यावरणीय दिगोपनको बलियो एकीकरणका लागि आह्वान गरे।

सिक्किम सरकारका मुख्य आर्थिक सल्लाहकार प्रो. महेन्द्र पी लामाले पूर्वी हिमालयको पारिस्थितिक र रणनीतिक महत्त्वलाई जोड़ दिए। मुहानहरूको घट्दो पुनःपूर्तिमा ध्यान आकर्षित गर्दै उनले जनचेतना, उपयुक्त कानुनी र संस्थागत संयन्त्र, जिम्मेवार पर्यटन र पानीसँग सम्बन्धित विवादहरू समाधान गर्न बलियो दृष्टिकोणको आवश्यकतालाई प्रकाश पारे। उनले प्रशासनिक र भौगोलिक सीमाहरूमा बढ़ी सहकार्यका लागि पनि आह्वान गरे।

जवाहरलाल नेहरू विश्वविद्यालयका प्रो. विमल खवासले चुनौती वर्षाको उपलब्धता मात्र नभएर पहाड़ी भूदृश्यहरूको पानी कायम राख्न र प्रयोग गर्ने क्षमता पनि रहेको बताए। उनले समुदाय-व्यवस्थित मुहान, क्षमता-निर्माण र पानीसँग सम्बन्धित आपतकालीन अवस्थाहरूका लागि तयारीको महत्त्वमाथि प्रकाश पारे।

सिक्किम विश्वविद्यालयका प्रो. लक्ष्मण शर्माले शिक्षा र संस्थागत अभ्यासमा यो ज्ञानलाई एकीकृत गर्ने महत्त्वसँगै जल प्रशासनमा जनजाति र परम्परागत ज्ञानको मूल्यमा जोड़ दिए। अन्य सहभागीहरूले सामुदायिक व्यवस्थापन, जल उपभोक्ता समूह र जलाधार र स्प्रिङशेड कार्यक्रमबीचको राम्रो समन्वयमाथि प्रकाश पारे। नयाँ दिल्लीको हेनरिक बोल स्टिफ्टुङका डा. मिर्जा जुल्फिकुर रहमानले पानीका स्रोतहरूलाई दिगो राख्न स्प्रिङशेडहरूको क्षमतासँग विकासको गतिलाई मिलाउने महत्त्वलाई ध्यानमा राख्दै समयमै कारबाही गर्न आग्रह गरे।

दार्जीलिङ हिल्स विश्वविद्यालय र सिक्किम अल्पाइन विश्वविद्यालयका विद्यार्थीहरूले छलफलमा भाग लिए, जसले शैक्षिक र संवादको बाह्य दृष्टिकोणमाथि प्रकाश पारे। सत्रले हिमाली समुदायहरूले सामना गरिरहेका जल चुनौतीहरूलाई सम्बोधन गर्न क्षेत्रीय ज्ञान, शैक्षिक संलग्नता र नीतिगत प्राथमिकताहरूलाई जोड्ने अवसरहरूमा प्रकाश पारे।

संवादले वसन्त जल सङ्ग्रहण क्षेत्र विकासबाट वसन्त शासनका लागि थप व्यापक दृष्टिकोणमा सर्ने आवश्यकतामा जोड़ दियो।

पूर्वी हिमालयमा व्यावहारिक नीति प्रतिक्रियाहरू अघि बढ़ाउन र दीर्घकालीन जल सुरक्षालाई बलियो बनाउन विधायक, सरकारी संस्था, अनुसन्धानकर्ता, विश्वविद्यालय र हिमाली समुदायबीच निरन्तर सहकार्यका लागि आह्वान गर्दै बैठक समाप्त भयो।

पाकिममा विश्व मानसिक स्वास्थ्य दिवस पालन

पाकिम, १० अक्टोबर (आईपीआर)ः विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा शनिवार पाकिमस्थित सामुदायिक भवनमा सारथी गैरसरकारी संस्था (एनजीओ) र सिक्किम राज्य एड्स कण्ट्रोल सोसाइटीको सहकार्यमा मानसिक स्वास्थ्य तथा दुर्व्यसनसम्बन्धी सचेतना कार्यक्रम आयोजना गरिएको छ।

दुर्व्यसनमुक्त सिक्किम र मानसिक रूपमा स्वस्थ सिक्किम निर्माण गर्ने मुख्यमन्त्रीको परिकल्पनाअनुरूप यो कार्यक्रम आयोजना गरिएको हो। यसको उद्देश्य मानसिक स्वास्थ्य र दुर्व्यसनबारे चेतना जगाउनु, मानसिक स्वास्थ्यको महत्त्वमा जोड़ दिनु तथा स्वस्थ र सहयोगी समाज निर्माणका लागि सामूहिक प्रयासलाई प्रोत्साहन गर्नु रहेको थियो।

कार्यक्रममा मुख्यमन्त्रीका सल्लाहकार तथा सारथी संस्थाका प्रमुख स्रोत वक्ता रोहित राज गुरुङ (महाराज) मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए। उनीसँगै पाकिम जिल्ला अध्यक्ष लाडेन ल्हु भोटिया, सहकारी विभागकी अध्यक्ष विद्या विश्वकर्मासहित अन्यको उपस्थिति रहेको थियो।

कार्यक्रममा सारथी संस्थाका प्रमुख स्रोत वक्ता तथा मुख्यमन्त्रीका सल्लाहकार रोहित राज गुरुङ (महाराज)-ले मानसिक स्वास्थ्य र आन्तरिक शान्तिको महत्त्वमाथि जोड़ दिए। उनले जीवनप्रति सकारात्मक दृष्टिकोण राख्नुपर्ने आवश्यकता औँल्याए र व्यक्तिहरूलाई सामाजिक धारणाको अत्यधिक चिन्ता नगरी आफ्नो खुशी तथा मनको शान्तिलाई प्राथमिकता दिन प्रोत्साहित गरे।

उनले चुनौतीपूर्ण परिस्थितिहरूमा तनाउ व्यवस्थापन र भावनात्मक स्वास्थ्य कायम राख्ने विषयमा पनि चर्चा गरे। सारथी संस्थाका कार्यहरूको चर्चा गर्दै उनले दुर्व्यसन रोकथाम, युवा कल्याण र समुदायमा आधारित सहयोगका लागि संस्थाले गरिरहेका प्रयास (जसमा युवाहरूलाई स्वस्थ र दुर्व्यसनमुक्त जीवन जिउन मद्दत गर्ने पहलहरू समावेश छन्)-बारे जानकारी गराए।

आफ्नो सम्बोधनमा पाकिम जिल्लाका मुख्यमन्त्रीका अतिरिक्त राजनीतिक सचिव तथा सारथी संस्थाका परियोजना निर्देशक विशाल शर्माले सारथी संस्थाका उद्देश्य र समुदायमा आधारित कार्यशैलीबारे प्रकाश पारे। उनले दुर्व्यसन रोकथाम, मानसिक स्वास्थ्य तथा सुस्वास्थ्य, परामर्श, तथा कुलतबाट प्रभावित व्यक्तिहरूका लागि पुनःस्थापना सहयोगमा यस कार्यक्रमले दिएको प्राथमिकतामाथि प्रकाश पारे।

उनले कुलतमुक्त र मानसिक रूपमा स्वस्थ समाज निर्माणका लागि सचेतना अभियान र सामूहिक सहभागितामार्फत विद्यार्थी तथा स्थानीय समुदायलाई संलग्न गराउन सारथी क्लब र सारथी समाजको भूमिकाबारे विस्तृत चर्चा गरे।

मुख्यमन्त्रीको सुनौलो, समृद्ध र समर्थ सिक्किमको परिकल्पना दोहोऱ्याउँदै उनले यस परिकल्पनालाई साकार पार्न प्रत्येक व्यक्तिको सामूहिक जिम्मेवारी र सक्रिय सहभागिता आवश्यक रहेको तथा मानसिक स्वास्थ्य प्रवर्द्धन र दुर्व्यसनको समस्या समाधानका लागि समुदायहरूले मिलेर काम गर्नुपर्ने विषयमा जोड़ दिए।

कार्यक्रममा मुख्य चिकित्सा अधिकृत डा. मदनमणि ढकालले मानसिक स्वास्थ्यसम्बन्धी सचेतनाको महत्त्व, समग्र स्वास्थ्यमा दुर्व्यसनको प्रभाव र कुनै पनि प्रकारको लाञ्छना वा पूर्वाग्रहबिना मानसिक स्वास्थ्यसम्बन्धी समस्याहरूलाई पहिचान गर्नुपर्ने आवश्यकतामाथि प्रकाश पारे। उनले मानसिक स्वास्थ्य चुनौतीहरूको सामना गरिरहेका व्यक्तिहरूका लागि समयमै सहयोग, समझदारी र उपयुक्त उपचारको पहुँच सुनिश्चित गर्नुको महत्त्वमा जोड़ दिए।

उनले सचेतना र सकारात्मक व्यवहार प्रवर्द्धन गर्न 'व्यवहार परिवर्तनसम्बन्धी सञ्चार'-को भूमिकाबारे पनि चर्चा गरे। उनले मानसिक स्वास्थ्यका सामान्य समस्या, सहयोग माग्दा भोग्नुपर्ने सामाजिक लाञ्छना तथा सहयोगी वातावरण निर्माणमा परिवार र समुदायको भूमिकाबारे पनि प्रकाश पारे।

उनले सहभागीहरूलाई 'टेली-मानस' माथि पनि जानकारी गराए, जुन टेलिफोनमार्फत मानसिक स्वास्थ्य परामर्श र सहयोग प्रदान गर्ने एक राष्ट्रिय पहल हो। महिला, बालकबालिका, ज्येष्ठ नागरिक तथा दिव्याङ्ग कल्याण विभागकी उपनिर्देशक तथा समाज कल्याण अधिकृत डिकित लेप्चाले बालिकाको शिक्षा, सम्मान र सशक्तिकरण प्रवर्द्धन गर्न 'बेटी बचाओ, बेटी पढ़ाओ' (बीबीबीपी) अभियानको महत्त्वबारे प्रकाश पारिन्। उनले बालिकामा आत्मविश्वास जगाउनुपर्ने र बालकहरूलाई बालिकाको सम्मान तथा कदर गर्न प्रोत्साहित गर्नुपर्ने आवश्यकतामा जोड़ दिँदै लैङ्गिक विभेदको अन्त्य र सबैका लागि समान अवसर सुनिश्चित गर्नु महत्त्वपूर्ण रहेको बताइन्।

त्यसैगरी, सिक्किम स्टेट एड्स कण्ट्रोल सोसाइटी छिरिङ ओङ्मु लेप्चाले एचआईभी र एड्ससम्बन्धी सचेतना सत्र सञ्चालन गरिन्। यस क्रममा उनले रोग सर्ने तरिका, रोकथामका उपाय, उपचार तथा समयमै परीक्षण र नियमित औषधि सेवनको महत्त्वबारे जानकारी दिइन्। उनले सचेतना अभिवृद्धि गर्न, स्वास्थ्य सेवामा पहुँच सहज बनाउन तथा मानिसहरूलाई समयमै रोगको पहिचान र उपचार गराउन प्रोत्साहित गर्न एड्स कण्ट्रोल सोसाइटीले निर्वाह गर्ने भूमिकाबारे पनि प्रकाश पारिन्। सहभागीहरूलाई 'एचआईभी तथा एड्स (रोकथाम तथा नियन्त्रण) ऐन, २०१७' का प्रावधानहरूबारे पनि जानकारी गराइयो।

पाकिम प्राथमिक स्वास्थ्य केन्द्र (पीएचसी) की मानसिक स्वास्थ्य परामर्शदाता चन्द्रकला सापकोटाले सहभागीहरूलाई 'सिक्किम आत्महत्या रोकथाम कार्य नेटवर्क' (एसपीएएन) परियोजना, 'एसपीएएन-एस' जाँच उपकरण र प्राथमिक स्वास्थ्य केन्द्रमा उपलब्ध मानसिक स्वास्थ्य सेवाहरूबारे जानकारी दिइन्। उनले आत्महेरचाह, भावनात्मक पीड़ाको पहिचान र आवश्यकता पर्दा सहयोग माग्ने कुराको महत्त्वमा जोड़ दिए साथै स्वस्थ सम्बन्ध कायम राख्न र अरूलाई सहयोग गर्नका लागि आफ्नो मानसिक स्वास्थ्यलाई प्राथमिकता दिनु अपरिहार्य रहेको बताइन्।

कार्यक्रममा पुनःस्थापना, सामुदायिक सचेतना र स्वस्थ जीवनशैली प्रवर्द्धनमा योगदान पुऱ्याएबापत् विभिन्न व्यक्ति, खेलकुद क्लब, स्थानीय क्याटरिङ व्यवसाय र फिटनेश केन्द्रहरूलाई प्रशंसा-पत्र प्रदान गरियो साथै व्यक्तिगत प्रगति र समाजमा सकारात्मक योगदान पुऱ्याउने व्यक्तिहरूलाई पनि सम्मान गरियो। आपदाको समयमा नेपालमा स्वास्थ्य सेवा उपलब्ध गराउने स्वास्थ्यकर्मीहरूलाई उनीहरूको समर्पित सेवा र मानवीय प्रयासको कदर गर्दै सम्मान पनि गरियो।

विभिन्न स्वास्थ्य समस्याहरूको जाँच तथा परीक्षण सेवा प्रदान गर्न कार्यक्रम स्थलमा एउटा परीक्षण केन्द्र पनि स्थापना गरिएको थियो। कार्यक्रममा पाकिम नगर पञ्चायतका पार्षद्गण, कार्यालय प्रमुख, विभिन्न विभागका अधिकारीगण, पुलिस कर्मचारी, स्वयं-सहायता समूह (एसएचजी)-का सदस्यहरू र आंगनवाडी कार्यकर्ताहरूको पनि उपस्थिति थियो।

एसटीडीसीको २१औँ बोर्ड बैठक सम्पन्न

गान्तोक, १० अक्टोबरः सिक्किम पर्यटन विकास निगम (एसटीडीसी)-ले शुक्रवार राजधानी गान्तोकस्थित एउटा होटलमा आफ्ना नवनियुक्त तथा पुनर्गठित बोर्ड सदस्यहरूको सहभागितामा २१औँ बोर्ड बैठक आयोजना गरेको छ।

बैठकमा एसटीडीसी अध्यक्ष लुकेन्द्र रसाइली, एसटीडीसीका प्रधान मुख्य कार्यकारी अधिकृत ग्युर्मी योसल, पर्यटन तथा नागरिक उड्डयन विभागकी विशेष सचिव डा. प्रेरणा चामलिङसहित अन्यको उपस्थिति रहेको थियो।

बैठकमा विभिन्न विषयमाथि छलफल गरियो। **वित्तीय विवरणहरूको अनुमोदनः** सन् २०१७-१८ देखि २०२५-२६ सम्मका नौ आर्थिक वर्षको निगमको वित्तीय विवरणमाथि विचार-विमर्श र अनुमोदन।

एसटीडीसीका गतिविधिहरूको समीक्षाः कैलाश मानसरोवर यात्रा (केएमवाई) सफलतापूर्वक सम्पन्न भएको विषयलगायत यसबीचको अवधिमा निगमद्वारा सञ्चालित गतिविधिहरूको समीक्षा।

संस्वीकृत कार्मिक सङ्ख्यामा संशोधनः निगमको कार्यसञ्चालन आवश्यकताअनुरूप कर्मचारीहरूको स्वीकृत दरबन्दीमा संशोधन गर्ने प्रस्तावमाथि छलफल।

अघिल्ला निर्णयहरूको पुष्टिः यसअवधि गरिएका निर्णयहरूको समीक्षा तथा पुष्टि।

असुली तथा अपलेखनः बाँकी बक्यौता असुलीका उपायहरू र उपयुक्त देखिएका खण्डमा रकम अपलेखन गर्ने विषयमा छलफल।

अधिकार प्रत्यायोजनको समीक्षाः निगमको कार्यसञ्चालन सुचारु, प्रभावकारी र समयमै हुने सुनिश्चित गर्न विद्यमान अधिकार प्रत्यायोजनको समीक्षा।

पञ्जीकृत ट्राभल एजेन्टहरूको सूचीकरणः सिक्किममा पञ्जीकरण भएका ट्राभल एजेन्टहरूसँगको साझेदारीमार्फत एसटीडीएसको व्यावसायिक अवसरहरू अभिवृद्धि गर्ने प्रस्तावहरूमाथि छलफल।

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँडागाउँ, तादोङ, गान्तोक-737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक-737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादकः राजेन्द्र प्रधान, सम्पादकः श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्सः 231265। ईमेलः himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386